# स्वर

द्वैमासिक पत्रिका

वर्ष २१ अंक ६ फागुन-चैत २०८१



# धनमान श्रेष्ठका प्रतिनिधि कथा विशेष

# स्वर पत्रिकाका आजीवन सदस्यहरू

- महेन्द्र चालिसे, लेखक/समाजसेवी, आरुवारी, काठमाडौं
- जी.बी. खड्का, संस्थापक प्रिन्सिपल, क्वालिटी अंग्रेजी माध्यमिक विद्यालय, चाँगुनारायण–६, नगरकोट फेदी, भक्तपुर
- विजय चालिसे, लेखक/पत्रकार, आरुवारी, काठमाडौं
- सुशीला देउजा, लेखक, पुरानो बानेश्वर, काठमाडौं
- अनिरुद्र अर्याल, संस्थापक प्रिन्सिपल, इन्टरनेशनल स्कुल, धुम्बाराही, काठमाडौं
- राष्ट्रकवि माधव घिमिरे
- वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी
- भुवनेश्वरी सत्याल
- गीता केशरी
- गोपाल पराजुली
- बालसाहित्य प्रतिष्ठान नेपाल
- एभरेस्ट इङ्लिस स्कुल, भक्तपुर

## आजीवन सदस्यताका लागि शुल्क : रु.५०००

थप जानकारीका लागि सम्पर्क ९८५१४०३५३१

(सम्पादक/प्रकाशक)

काठमाडौँ जि.प्र.का. द.नं. १९५/०५९-०६०

# स्वर

द्वैमासिक पत्रिका

(साहित्य,कला, संस्कृति विविध विचार- सबैको आवाज उठाउने सञ्चार)


| वर्ष २१<br>Year 21 | अंक ६<br>Issue 6 | फागुन-चैत २०८१<br>Issue 6 |
|---|---|---|



**सम्पादक/प्रकाशक**

कृष्णप्रसाद घिमिरे - ९८५१४०३५३१

**प्रबन्ध निर्देशक**

सुमन कार्की - ९८५१०७४१३३

**प्रधान सम्पादक**

कार्तिकेय घिमिरे - ९८४१४७७५१५

**सह-सम्पादक**

जानुका खतिवडा - swarpatrika@gmail.com

**उप-सम्पादक**

विष्णुकुमारी लिम्बू

**लेआउट**

भेषबहादुर राउत (आनन्द) - ९८४१३७३५१०

**प्रतिनिधि**

राजकुमार पूर्वटोले, सर्लाही - ९८६६३७१५६१

ईश्वर थोकर, भक्तपुर - ९७६५४३२३३७

**मुद्रण**

सहारा प्रिन्ट कनेक्सन, डिल्लीबजार, काठमाडौं - ९८५१०७४१३३

**पत्राचार : स्वर द्वैमासिक पो.ब.नं. २५८५९, का.म.न.पा-७, काठमाडौं**

फोन : ०१-५९१३५३१, ९८५१४०३५३१

Email : swarbiomonthly@gmail.com

Online Address : www.swarpatrika.com


मूल्य : रु. १५१।- आजीवन सदस्यता : न्यूनतम रु. ५०००।-

## सम्पादकीय

# ८७ वर्षीय लेखकको प्रतिनिधि कथा

धनमान श्रेष्ठ (जन्म वि.सं १९९५) हरिपुर-हरिवन (सर्लाही) कर्मथलो र भक्तपुर-काठमाडौं जन्मथलो यसरी जोडिएको छ उहाँसँग 'स्वर' पत्रिकाको सम्बन्ध। २०२३ सालमा जन स्वास्थ्य अधिकृत भएर हरिपुर, सर्लाहीमा कार्यरत रहँदा धनमान सर आफ्ना सहकर्मी गोविन्द मैनालीलाई भेट्न हरिवन गइरहनु हुने रहेछ ! त्यही वेला हरिवनसँग गाँसिएको उहाँको साइनो उहाँसँगको पहिलो भेटको गफगाफमा एकाएक ताजा भएर आयो। उहाँको अनुहार रातो भयो, जोशिलो देखियो। उहाँ २०२३/२४ कै जोशमा फर्किनुभयो। 'लौ कार्तिकेय भाइ, हरिवनसँगको साइनोलाई फेरि जोड्न 'स्वर' पत्रिकामा केही काम गरौं !' उहाँले त्यो दिन उत्साहका साथ यति भन्नुभयो। त्यसपछि 'स्वर' पत्रिकाको २०८१ वैशाख-जेठ र असार-साउन अंकको अन्तिम कभर पृष्ठमा 'धनमान श्रेष्ठका कथाकृतिहरू' शीर्षकमा पूरा पृष्ठ रंगिन सूचना सामग्री प्रकाशित भयो। यो सूचना सामग्रीमा उहाँका प्रकाशित कृतिहरू 'धनमान श्रेष्ठः व्यक्ति एक आयाम अनेक, सम्बन्ध विच्छेद, यौटा उस्तै कथा र टाढाको सम्झना' गरी चार कृतिका कभरहरू छापिएका थिए र सूचना सामग्रीको अन्त्यमा तपाईँले पढ्नुभयो ? लेखेर प्रकाशक सिर्जना अभियान, भक्तपुरको नाम लेखिएको थियो। त्यस्तै असार-साउन अंकको पृष्ठ ४१ र ४२ मा 'साहित्य लेखनको मेरो यात्राबाट म अत्यन्त खुसी छु' शीर्षकमा उहाँको अन्तर्वार्ता पनि प्रकाशित भएको थियो।

वास्तवमा अग्रज कथाकार धनमान श्रेष्ठसँगको सम्बन्ध हाम्रो पुर्खासँगै जोडिएर आएको अनुभूति हुन्छ। उहाँ भन्नुहुन्छ, 'रामेछापको साँघुटार बजारले मलाई कथाकार बनायो।' रामेछाप हाम्रो पुर्खाको थलो। हजुरबुवा, बुवा र ठूलोबुवा जन्मिएको र पुर्खाको मूल घर भएको जिल्ला। रामेछापकै गहिराथोक मूलघरमा पुर्खाको गहिरो प्रेम गाँसिएको छ। त्यही रामेछापले बनाएको कथाकारको प्रतिनिधि कथा प्रकाशन गर्न पाउनु 'स्वर' पत्रिकाको खुसी पल हो।

कथा लेखनमा यति लामो साधना, ८७ वर्षको उमेरसम्म नि कथा लेखिरहने उहाँको जोश अनुकरणीय छ। यही सेरोफेरोमा यस अंकमा हामीले उहाँको लेखनको 'स्वर' सुन्ने र सुनाउने जमर्को गरेका छौं। कथामा समेटिएको उहाँको आख्यानको सुस्वादु स्वरले तपाईंहरूलाई आनन्द दिनेछ भन्ने विश्वास लिएका छौं।

# सामाजिक सान्दर्भिकतामा धनमानका कथाहरू

***योगेन्द्र प्रधान,*** *भक्तपुर*

भक्तपुरका वरिष्ठ कथाकारहरूको समूहमा धनमान श्रेष्ठ दाइको प्रभावकारी उपस्थिति रहेको अनुभूति गर्न पाउँदा मलाई अति खुशी लागेको छ। त्यसमाथि आज उहाँ सतासी वर्षको उमेरमा पनि कथा लेखनमा उहाँको कलम सक्रिय देख्न पाउँदा म जस्ता अनुजहरूका लागि प्रेरणा प्राप्त भएको छ र मेरो मनले गर्व बोध गरेको छ। आज पुनः "धनमान श्रेष्ठका प्रतिनिधि कथा" नामक कथा सङ्ग्रह अध्ययन गर्ने मौका दिनु भएकोमा धनमान दाइलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु। यस पुस्तकको अध्ययनबाट धनमान श्रेष्ठको सामाजिक, आर्थिक, केही हदसम्म राजनैतिक अनि शैक्षिक, स्वास्थ्य र रोगका बारेमा आफ्नो अनुभव र विचार स्पष्ट रूपमा बुझ्ने अवसर प्राप्त भयो। उल्लेखित विषयवस्तु समेटिएका कथाहरू सबै समयाभावका कारण अध्ययन गर्न नपाएको खण्डमा यो प्रतिनिधिमूलक कथाहरू मात्र अध्ययन गरे पनि पाठकले आफ्नो सामाजिक वातावरणबारे जानकारी प्राप्त गर्न सक्नेछन्। पाठकले उहाँका कथाहरूको अध्ययनबाट समाजमा कायम रहेका नकारात्मक, असहज, अपाच्य र अग्राह्य वातावरण बारे जानकारी प्राप्त गर्न सक्छन्। यति मात्र नभइ उहाँले समाजलाई उपयुक्त र आवश्यक रूपान्तरण कसरी गर्न सकिन्छ भन्ने कुरा कथामार्फत् पस्किने प्रयास गर्नु भएको छ। यसका लागि वरिष्ठ कथाकार धनमान श्रेष्ठप्रति जति कृतज्ञता प्रकट गरे पनि अपुरो रहने छ।

समाजका एउटा सदस्यको हैसियतमा रहेर समाजमा भइरहेका र हुनसक्ने परिस्थितिको अनुभूति र अनुमानले धनमान श्रेष्ठलाई सजग बनाएको छ। यो सजगताको परिणाम स्वरूप उहाँले कथा लेखनमा पाइला चाल्नु भयो। समाज भनेको सामाजिक, आर्थिक, राजनैतिक आदि वातावरण र क्रियाकलापले मानवलाई अग्रगामी बनाउने एउटा यात्रा हो। धनमान श्रेष्ठको यस कृतिमा सङ्ग्रहित कथाहरू यसै यात्रामा बढ्ने क्रममा बाटामा भेटिएका नकारात्मक, असहज, अपाच्य र अग्राह्य वातावरणप्रतिका सटिक प्रतिक्रिया हो भन्ने अनुभूति गरेको छु। यी र यस्ता अनुभूतिहरू गैर स्रष्टाहरूले पनि गरेका छन्। स्रष्टाहरूले नै पनि विविध अनुभूतिको मिश्रण समावेश गरी विभिन्न शैलीबाट प्रतिक्रिया प्रदर्शन गरिरहेका छन्। यसै क्रममा धनमान श्रेष्ठले आख्यान विधाको माध्यमबाट आफ्नो अनुभूति र शैलीबाट समाजको रहनसहनप्रति प्रतिक्रिया प्रस्तुत गर्नु भएको छ।

कथाका विषयवस्तुका दृष्टिले हेर्दा धनमान श्रेष्ठका अधिकांश कथाहरू असहज आर्थिक पक्षले मानिसका सामाजिक, मनोगत अवस्थामा पार्ने परिणाम देखिन्छ। यस्तो परिणाम प्रस्तुत गर्दा आख्यानकार धनमान श्रेष्ठले आफ्नो लक्ष्य पनि समाविष्ट गर्नुभएको छ। यसले गर्दा उहाँलाई आफ्नो वैचारिक धरातलमा उभिएर लेख्ने लेखकको रूपमा चित्रण गर्न कन्जुस्याईं गर्नुपर्ने अवस्था छैन।

मेला, टाढाको सम्झना, गंगालाल, नसोचेका दिनहरू, सम्बन्ध विच्छेद, बाँझो खेत, उन्मुक्ति शीर्षकका कथाहरूको मूल जरा आर्थिक हो। तर यी जराबाट विकसित भएका हाँगाहरू भने विभिन्न सामाजिक, मनोवैज्ञानिक र केही हदसम्म राजनैतिक वातावरणसँग गाँसिएका छन्। धनमान श्रेष्ठका कथाहरू राजनैतिक वातावरणतर्फ दौडेका छन्। असहज, अभावजन्य आर्थिक वातावरण अन्त्यको बाटोतर्फ अग्रसर हुनुभन्दा पनि यसप्रकारका परिवेशबाट सिर्जित असहज, अपाच्य, सामाजिक, मनोवैज्ञानिक परिणामबारे दृष्टिकोण प्रस्तुत गर्नेतर्फ कथाकार अग्रसर देखिनु हुन्छ। यस्तो कार्य पनि समाजको सकारात्मक परिवर्तनका लागि आवश्यक छ भन्ने लाग्छ। यसरी हेर्दा धनमान श्रेष्ठ समाज सुधारका लागि चिन्तनशील सुधारवादी

कथाकारको रूपमा हाम्रो सामु उभिएको देखिन्छ। उदाहरणका लागि एक दुई कथाका सार उल्लेख गर्न चाहन्छु। 'मेला' शीर्षकको कथामा आर्थिक शोषण गर्नेहरूले आफूले गरेको शोषणको पापमुक्त हुनका लागि विभिन्न ढोंगी धर्मकर्म गर्छन्। शोषितले आफ्नो निम्न आर्थिक हैसियत हुनाका कारण सशक्त विरोध गर्न सक्दैनन्। यसो भएता पनि यिनीहरूले एकल मनोगत रूपमा भएपनि विरोध गरिरहन्छन् भन्ने सन्देश यस कथामा पाइन्छ। यस्तै 'सम्बन्ध विच्छेद' कथामा कमजोर आर्थिक अवस्थाले गर्दा एउटा महिलाले आफ्नो प्यारो पतिसँग सम्बन्ध विच्छेद गर्न अदालतमा मुद्दा हालेको दृश्य प्रस्तुत गर्नुहुन्छ। पारपाचुके एक दृष्टिकोणले हेर्दा आर्थिक अवस्थाले सिर्जना गरेको एउटा सामाजिक प्रश्नको हाँगाको रूपमा प्रस्तुत भएको छ। 'टाढाको सम्झना' कथामा कमजोर आर्थिक अवस्थाका कारण लाहुर जानुपर्ने बाध्यताको परिवेश देखिन्छ। कथाकारले लाहुर जाने चलनको प्रत्यक्ष विरोध गरेको नदेखिए तापनि लाहुर जाने पुरुषहरूका स्वास्नीहरूका कन्तविजोग चित्रणले यस चलनको विरोध हुनुपर्ने भावना प्रस्फुटन गराउन सफल देखिन्छ।

'पुनर्विवाह' सामाजिक परिवर्तनका लागि नजानिँदो पाराले वकालत गरेका धनमान श्रेष्ठको हिम्मतपूर्ण कथा हो। बैंस हुँदै सेतो कपडामा जीवन बिताउनुको सट्टा पुनर्विवाह गरी जीवन बिताउनु पर्ने दृष्टिकोण प्रस्तुत भएको छ यस कथामा। देशमा कायम रहेको आर्थिक-राजनैतिक विचलनलाई चोटिलो प्रहार गरेको कथा हो 'गंगालाल'। धनमान श्रेष्ठको मनमा युवावयदेखि गडेर रहेको वामपन्थी विचार र वामपन्थी समूहसँगको सम्पर्क र सहकार्यबाट सिर्जित क्रान्तिकारी-समाजवादी सिद्धान्तबाट सिंचित उहाँको अनुभूतियुक्त कथाहरू पढ्न यस 'धनमान श्रेष्ठका प्रतिनिधि कथा' मा मात्र सीमित हुनुहुन्न नत्र धनमान एउटा कथाकारको रूपमा कथामा समेटिएका उहाँका राजनैतिक चिन्तन र विचार हाम्रा माझ प्रस्तुत हुन सक्दैन भन्ने मेरो विचार रहेको छ। यसो भएकाले उहाँको 'धनमानया ल्ययाः बाखं' पुस्तकमा समावेश भएको 'एक जुगमा एक दिन एक पटकमात्र आउँछ' शीर्षकको कथा

जस्तै 'बाध्यता', 'यो हार कसको ?', 'अन्तरघात' र 'एउटा भोलिको कथा' शीर्षकका कथाहरू पनि अध्ययन गर्न आवश्यक छ। अनि मात्र धनमान श्रेष्ठको वर्ग संघर्ष र यसबाट सिर्जना हुने अपेक्षित परिणामतर्फको आस्थाका कुरा थाहा पाउन सकिन्छ।

कथाको विषयवस्तुसँगै कथा वाचन शैलीलाई पनि मनन गर्नुपर्ने हुन्छ एउटा कथाकारको विषयमा कुरा गर्दा। शैलीको हिसाबले धनमान श्रेष्ठसँग जुन खालको प्रौढता पाइन्छ यसले गर्दा उहाँलाई जेष्ठ कथाकार (जन्मका आधारमा होइन) को रूपमा चिनेको छु।

**कथा आरम्भ र समापन गर्ने शैली**

कथा लेख्दा उहाँले कथाले दिन खोजेको सन्देश प्रस्तुत हुनु पूर्व केही परिवेश उल्लेख गर्नुहुन्छ। यस्तो परिवेश वर्णन सलल बगेको र रमाइलो देखिन्छ। कथाको मूल पक्षबारे जानकारी पाउन पाठकको मन नजानिँदो हिसाबले आकर्षित हुन्छ। परिवेश चित्रणले कुनै कुनै कथामा कथाको लगभग आधा भाग ओगटेको हुन्छ। यसले गर्दा पाठकलाई कथाको चुरो थाहा पाउन आतुर बनाउँछ। यस आतुरीले गर्दा पाठकलाई कथामा निमग्न बनाउन सफल देखिन्छ। पाठकलाई कथामा तान्ने गुण कथाकारको शैलीगत करामत हो। जुन धनमान श्रेष्ठसँग पर्याप्त देखिन्छ। कथामा परिवेश चित्रणले कथा क्रमशः बढ्न सहज वातावरण निर्माण गर्छ। कथाका पछिल्ला भागमा कथाले दिनुपर्ने मूल सन्देश प्रवाह गर्छ। निर्णयात्मक सन्देश एक पात्रको संवादको माध्यमबाट प्रस्तुत गराउने वा एउटा घटना प्रस्तुत गरेर टुङ्ग्याउने उहाँको शैली देखिन्छ। कुनै कथामा उहाँले मूल सन्देश आफैले प्रस्तुत नगरी पाठक स्वयम्ले निर्क्यौल गर्नुपर्ने गरी टुङ्ग्याउनु पर्ने शैली पनि प्रयोग भएको देखिन्छ।

**पात्र**

कथामा देखिने पात्रहरू अधिकांश सामान्य समाजका सामान्य (अधिक धनी र अधिक गरिब होइन) महिला पुरुष हुने गरेको देखिन्छ। यसरी सामान्य मानिसहरूबाट समाजमा भइरहेका अति असहज, अपाच्य, अस्वीकार्य

वातावरण प्रस्तुत गर्न कथाकार धनमान श्रेष्ठ दक्ष देखिनु हुन्छ। यतिमात्र होइन सामान्य पात्रबाट नै समाजमा ठूलो परिवर्तन ल्याउनु पर्ने सन्देश पनि सुस्पस्ट रूपमा प्रस्तुत भएका छन् । यसरी कथाको क्षेत्रमा आफ्नो वरिष्ठता प्रस्तुत गर्ने काममा धनमान श्रेष्ठ अग्रसर देखिनु हुन्छ ।

**स्थान चित्रण**

कथाको माध्यमबाट दिन खोजेको सन्देश प्रवाहका लागि अधिकांश पात्रहरू शहरभन्दा पर ग्रामीण भेगबाट चयन भएको देखिन्छ । यसो हुनुको एउटा कारण कथाकार धनमान आफ्नो पेशागत कार्यको क्रममा ग्रामीण क्षेत्रमा बढी हिमचिम भएकाले हुनसक्छ । आफ्नो अनुभूतिमा गाउँको वातावरणको प्रभावका कारण त्यहाँका मानिसहरूको खाना, नाना, छाना र त्यसभित्रका दृश्य वा कुराकानी प्रस्तुत हुनु स्वाभाविक र स्थानीयता देखिन्छ । यसरी कथामा स्वाभाविकता र स्थानीयता चित्रण गर्नसक्ने गुणले गर्दा कथा सजीव भएका छन् ।

**कथाको आकार**

एउटा घटनाले अर्को घटनाहरू थप्दै कथाको लम्बाइ बढाउने बानी धनमान श्रेष्ठमा कमै देखिन्छ । यसरी नै कथालाई घुमाइघुमाइ प्रस्तुत गरी धेरै बौद्धिक र शैलीमा धनी कथाकारको कोटीमा आफूलाई प्रस्तुत गर्ने लोभ पनि उहाँमा देखिन्न । एउटा घटनालाई छोटामा प्रस्तुत गरेर दिनुपर्ने सन्देश दिइ कथा टुङ्ग्याउने उहाँको शैली हो । त्यसैले उहाँका कथाहरू पढ्दा हाई काढ्नु पर्ने अवस्था छैन ।

**संवाद**

कथाको आधारको रूपमा रहेको परिवेश र कथामा प्रस्तुत भएका पात्रहरूको चरित्रको आधारमा उनीहरू बीच गराइएका संवादको सहजता, स्वाभाविकता र स्थानीय परिवेशअनुसार सुहाउने शैली उहाँको कथाको उल्लेखनीय गुण हो । यसले गर्दा उहाँका कथाहरूले पाठकलाई आकर्षण गर्न

सक्षम छ र कथा पढ्दै जाँदा क्रमशः सन्देश प्रवाह गर्न समर्थ छ ।

यसरी विषयवस्तु चयनमा विभिन्न आकार र कथा सुनाउने कार्यमा सरल, सरस र प्रभावकारी शैलीसँगै वरिष्ठ कथाकार धनमान श्रेष्ठबाट धेरै सिक्ने मौका यस "धनमान श्रेष्ठका प्रतिनिधि कथा" पुस्तकले दिएको छ । पाठकहरूलाई यस्तो मौका उपलब्ध गराउनु भएकोमा धनमान श्रेष्ठलाई धेरै धन्यवाद ।

ooo

*(नेपालभाषाबाट अनुदित) २०८१ माघ*

# 'धनमान श्रेष्ठका प्रतिनिधि कथा' कथाकृति

*ठाकुर शर्मा भण्डारी*

माता सुन्दरीमाया श्रेष्ठ र पिता सूर्यमान श्रेष्ठका सुपुत्र धनमान श्रेष्ठको जन्म विक्रम संवत् १९९५ फागुन ५ गते तचपालटोल भक्तपुरमा भएको हो । बी.ए., एच.ए., ए.एम.पी.एच. (फिलिपिन्स) सम्मको अध्ययन गरेका धनमान श्रेष्ठ सरकारीसेवाबाट निवृत्तजीवन यापनको समयमा साहित्यसेवामा लागेका क्रियाशील व्यक्तित्व हुन् । उनको साहित्यलेखनको आरम्भ २०३२ सालबाट भएको देखिन्छ । पहिलो प्रकाशित 'टाढाको सम्झना' शीर्षक कथासङ्ग्रह हो (यसको पुनर्मुद्रण २०८० सालमा पनि भएको छ) । त्यसको बत्तीस वर्षपछि 'यौटा उस्तै कथा' (२०६४) आयो । त्यसपछि - सम्बन्ध विच्छेद (कथासङ्ग्रह २०७१), धनमानया ल्यया बाखं (बाखं पुच, २०७३), धनमान श्रेष्ठ : व्यक्ति एक आयाम अनेक (२०७८) प्रकाशनमा आए । २०४६ सालको जनआन्दोलनमा सुरक्षा कानून अन्तर्गत बन्दीजीवन बिताएका श्रेष्ठले स्वदेश र विदेशका विविध ठाउँको भ्रमण गरेका छन् ।

विभिन्न सङ्घ/संस्थाहरूले साहित्यिक योगदानको कदर क्रमिक रूपमा भएको देखिन्छ । जस्तै : भक्तपुर साहित्यिक समाज (२०६३), मुक्तिनाथ अनाथालय, सुनौलो कलाकेन्द्र र विनाता कला सदन (२०६४), शान्ति र विकासका लागि नागरिक आवाज (२०७०), दीपा जनमत (२०७१), गुरूप्रसाद मैनाली कथा सम्मान (२०७३), लघुकथा समाज केन्द्र (२०७८),

चाँगुनारायण साहित्यिक समाज (२०७९) आदि ।

मूलतः कथाविधामा कलम चलाउने व्यक्तित्व धनमान श्रेष्ठको कथासङ्ग्रह साहित्यकार कार्तिकेय घिमिरेको सम्पादकत्व र स्वर प्रकाशन काठमाडौँबाट सद्यः प्रकाशनको सँघारमा रहेको 'धनमान श्रेष्ठका प्रतिनिधि कथा' सामाजिक एवम् समसामयिक विषयवस्तुको आधार र भावनात्मक दृष्टिकोणबाट लेखिएको देखिन्छ । यसभित्रका समस्त कथाहरूको अवलोकन गर्दा कृतिमा सुन्दर सोह्रवटा कथाहरू समाविष्ट गरिएको छ र कतिपय कथाहरू पहिले विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका हुन् ।

२०२४ सालमा 'रूपरेखा' पत्रिकामा प्रकाशित 'कैदी' कथादेखि २०२५/२०२६ सालमा 'गोरखापत्र' मा प्रकाशित कथाहरू, शहीद सप्ताह, मधुपर्क, भक्तपुर मासिक, आशा स्मारिका, समय समाज, जनमत, शारदा, प्रज्ञा आदि पत्रिकामा २०७८ सालसम्म प्रकाशित कथाहरू समाविष्ट गरिएको छ । यसबाट कथाकार धनमान श्रेष्ठको २०२४ सालदेखि लेखनकार्य संलग्न रहेको भन्ने कुरालाई कृतिले पुष्टि गर्दछ । सङ्केतात्मक रूपमा ती कथाहरूको सन्दर्भमा चर्चा गर्नु लेखनको उद्देश्य रहेको छ ।

'मेला' बहिदार चक्रपाणिको भारी बोकेर मेला (जात्रा) मा गएको कालुचाले कलकत्ताको जस्तो भीड मेलामा देख्छ । उसलाई अचम्म लाग्छ, मेलामा आएका बहिदारलाई पर्खंदा वाक्क पनि लाग्छ, उसलाई मेलाको वास्ता छैन, दैनिकीको भारले सताएको गरीबलाई नुहाएर पाप काटिने कुरामा विश्वास छैन, बहिदारजस्ताले नुहाएर पाप कटेको ठान्ने र फेरि करतुत गर्नेबाट घृणा छ, तर समाजमा पापै नगरे त्यसै धर्म हुन्छ भन्ने विश्वास गर्ने कालुचाको विषय यसमा वर्णन गरिएको छ । कथाकारको दृष्टिकोण यसरी व्यक्त हुन्छ : दिनभरि काम गरेर खान नपाइने मलाई किन चाहियो धर्म ? पाप नगरे त धर्म त्यसै लाग्छ- कालुचा अघिदेखि बनाएको कुरा भन्छ । कालुचाको कुरा सुनेर बहिदार अक्मकिन्छ । ऊ अरू केही भन्न सक्दैन । कालुचा डोकोको भारी मिलाउँदै बहिदारलाई भन्छ- यस्तो हुलमा नुहाउनुको सट्टा आफ्नै गाउँको पँधेरोमा नुहाउँछु आनन्दसँग ! कालुचा भारी बोकेर अगाडि बढ्छ । (पृष्ठ ७)

'टाढाको सम्झना' प्रेमविवाह गरेका घले र ठूलीको छोरो जन्मिएको खुसियाली एकातिर थियो तर घले पैसा कमाउने धुनले गाउँमा आएको लाहुरेका साथ लागेर मलाया पुगेको छ। वेला-वेलामा चिठी पठाउँछ, सँगै बस्न नपाउँदाको पीडाले छटपटिएकी ठूलीले आफ्नो छोरालाई विदेश नपठाउने मनमनै अठोट लिन्छे। आफ्नो प्रेमी घलेको सम्झनाले पीडित नेपाली चेलीको कथा-व्यथालाई यसमा व्यक्त गरिएको छ भने 'गङ्गालाल' कथामा सपनामा म पात्रले शहीद गङ्गालालसँग कुरा गरेको र भेट्ने वाचा गरेको प्रसङ्ग रोचकताका साथ अभिव्यक्त भएको छ। शहीदहरूले अन्याय, अत्याचारबाट मुक्ति पाउन सङ्घर्ष गरे, गोली खाए तर त्यो सबै व्यर्थ भयो, जनताको चाहना पूरा भएन भन्ने भाव व्यक्त भएको छ कथामा। गङ्गालालजस्ता नेपाली लाल जन्मिनुपर्ने सङ्केत यसरी गरिएको छ : खुवाउन सक्ने जन्माउन थुप्रै मान्छे तयार हुन सक्ने सम्भावना पनि व्यक्त गर्छु। मेरो आशय बुझेर होला ऊ मुसुमुसु हाँस्न थाल्छ। यस्तो मौका छोपेर म उसलाई एकपल्ट फेरि आउन भन्छु तर ऊ जोडले हाँसेर आएको बाटो फर्कन्छ। म पनि जोडले कराएर भन्छु- नबिर्सिकन आउनहोस् दाइ! म भूगोलपार्क अगाडिको गङ्गापथमा पर्खिरहन्छु। (पृष्ठ १७)

'नसोचिएका दिनहरू' कथामा गाउँबाट शहर पसेको होटलमा काम गर्ने चिन्तित लुरेले अनेक सपना देख्छ तर ऊ एक्लो हुन्छ। साहूको टोकसो सुन्छ, काम गर्न बाध्य छ भने 'यौटा भ्रम' कथामा कुमारलाई केटाकेटी बौलाहा भनेर खेदो खन्छन्, जिस्क्याउँछन्। उसकी श्रीमती पुन्टीको मृत्यु भएकाले विक्षिप्त भएको कुमारको सन्दर्भ कथामा यस किसिमको रहेको छ - कथाकारको भावना : धारामा देखिएकी आइमाईलाई कुमारले बिर्सन सक्तैन। तिनलाई हेर्नकै लागि पनि ऊ गाउँबाट एक कोशको बाटो धाई दिनहुँ शहर पुग्छ तर शहरमा प्रायः सबै उसलाई बहुला ठान्छन्। उसको मगजमा अनेकौँ प्रश्नहरूको साथै एउटा मूल प्रश्न सधैँ अल्झिरहन्छ - के ऊ साँच्चै बहुलाएको हो त! (पृष्ठ २७)

'कान्छी स्वास्नी' कथामा सन्तमानले धेरै बिहे गऱ्यो, कान्छी स्वास्नी चम्पा पनि सन्तानका लागि बिहे गरेको थियो सन्तमानले। ऊसँग पनि सन्तान हुँदैन, चम्पालाई अर्की ल्याउने डर हुन्छ, पूर्णेसँग सम्पर्क गरेर उसको संसर्गले

सन्तान जन्मिन्छ, यसरी पुरुषको नपुंसकतालाई कथामा बुनिएको छ श्लीलताका साथ । यस्तै 'कैदी'मा कैदीजीवनको पहिलो रात निदाउन सक्दैन सानुमान । भानुराजाको घरमा सानैदेखि काम गर्न पसेको पहिलेको लठ्यौरो ऊ उस्ताद हुँदै गयो । सानीमैयाँले माया गर्थिन् । पैसा दिन्थिन्, सँगै सिनेमा पनि हेर्न गयो । मैयाँसाहेबले एक दिन सानेलाई विस्तारामै पल्टाइन्, भाग्न खोज्यो, सकेन, लुटियो, आफ्नो अस्तित्व हराउने डरले भाग्न खोज्यो, दिएनन् भानुराजाले । मैयाँसाहेवहरूसँग बलात्कृत हुँदै गयो । एक दिन त्यहाँबाट फुत्कन खोज्दा समातियो र तीन महिनाको कैदी बन्यो भन्ने यौनिक क्रियाकलापको भण्डाफोर गरिएको छ ।

'ठूलो मान्छे' शीर्षकको कथामा म पात्र अस्पताल रहँदाको अवस्थालाई सङ्केत गरेर लेखिएको छ भने 'सम्बन्ध विच्छेद' कथामा सामान्य हेरफेर गर्ने साधारण मानिस रामबहादुरलाई भ्रष्टाचारको मुद्दा कसरी लाग्न सक्छ भन्ने कुरालाई इङ्गित गर्दै अदालतले बोलाउँछ, हाजिर हुन्छ, श्रीमतीले खान-लाउन नदिएको कारण अदालतमा उपस्थित हुन परेको र परिवारसँग अलग हुन परेको यथार्थ वस्तुस्थितिको मार्मिक चित्रण गरिएको छ । कथामा भनिएको एउटा प्रसङ्ग यस्तो छ : रामबहादुर र राममायाको मुद्दाको फैसला लेख्न, सुनाउन न्यायाधीशलाई धर्मसङ्कट पर्छ- भोकै रहेर, नाममात्रको कपडा लाएर भए पनि श्रीमान्‌को साथ छोड्नुहुँदैन भनेर सुनाउँदा मानवजीवनमाथि व्यङ्ग्य गरेको जस्तो हुन्छ । तलबले मात्र खान-लाउन, खवाउन-पिलाउन नपुगे जहाँबाट ल्याएर पनि लाउन-खान दिन सक्नुपर्छ भनेर ऐन-कानूनमा व्याख्या गरिएको छैन । (पृष्ठ ५२)

'अक्सिजन प्लान्ट' कथामा सानो कान्छो भनिने उमेरले पाको पात्र दमखोकीको रोगले सताएर अक्सिजन लिन बाध्य भएको छ । ऊ धूम्रपान गरेका कारणले रोगी बन्नपुगेको छ । कोरोनाको समयमा अक्सिजन सिलिन्डर कहाँबाट ल्याउने भन्ने चिन्ता अक्सिजन प्लान्ट खोलेर सजिलो भएको र आफूले पनि केही सहयोग गरेकाले अब कसैलाई समस्या नहुने विषयलाई पुष्टि गरिएको छ । यस्तै 'क्यान्सर ३' शीर्षकको कथामा डाक्टरलाई जँचाउन जाँदा निर्लज्जतापूर्वक प्रश्न गरेकोबाट चिन्तित महिलाको विषय लिएर

सानैमा बिहे गरी सन्तान जन्माउँदा पाठेघरको क्यान्सर (समस्या) को शङ्का गरेको र रोगीले क्यान्सर कसरी भयो भन्ने कुरा नर्ससँग सोधेको सन्दर्भ यस कथाको विषय बनेको छ भने 'पुनर्विवाह' कथामा रश्मीको बिहे पाइलट उत्तमसँग भई छोरोसमेत जन्मेको तर अवकाश हुन केही समय बाँकी हुँदा नै उत्तम दुर्घटना परेपछि समस्या आए पनि रश्मीको ससुरा सरोजले सहयोग गरी पुनर्विवाह गराएको क्रान्तिकारी धारणा व्यक्त गरिएको छ। कथाकारको धारणा यस्तो छ : उनीहरूले यसलाई अपार अवसर जुरेको ठाने । यो विरलै पाइने यस्तो मौकालाई सामाजिक क्रान्तिमा रूपान्तरण हुने विश्वास गरे । मितव्ययितालाई समेत ख्याल गरेर कोठामा पुनर्विवाह समारोह आयोजना गर्ने निर्णय भयो । रश्मीको बुवा र ससुराले छोरी ... बुहारी अन्माए । बिदाइको वेला रश्मीको चारवर्षे छोराले तोतेबोलीमा भन्यो - छिटो आउनू। (पृष्ठ ६९)

'बाँझो खेत' यसमा जमिन बाँझो राख्न नपाइने सरकारी निर्णयको विषयवस्तुलाई लिएर लेखिएको कथामा बाटुलीको परिवारले पनि यहीँ काम गर्न विदेश नजाने निर्णय गरेको छ भने 'उन्मुक्ति' शीर्षकको कथामा कर्मचारीले सम्पत्ति विवरण पेश गर्नुपर्ने विषय उठाइएको छ। यसैगरी 'घरजम कि परजाम !' कथामा रमोलाले अमेरिका बस्ने शक्तिको कुरा सुनेर आकर्षित भई अनेक कल्पना गरेको र पछि मिलनमा परिणत भएको सन्दर्भ उठाइएको छ । यसमा भनिएको छ : तोकिएकै दिन लगनगाँठो कसियो । मेहनत र परिश्रमको आम्दानी अनाहकमा खर्चिन हुँदैन भन्ने सबैको यौटै राय थियो । रीतिरिवाजको घेराभित्र रहेर औपचारिकतामात्र पुऱ्याएर विवाह सम्पन्न गरे । शक्तिको बसाइको दिन धेरै थिएन । अमेरिका फर्कन शक्ति आफ्नी आमा र श्रीमती रमोलालाई लिएर समयमै एयरपोर्ट पुग्यो । सुमित्रा फुपू, रमोलाको भाइ, बुहारी र बहिनीज्वाइँ पनि दिदी-भिनाजुलाई बिदाइ गर्न विमानस्थल आइपुगेका थिए । त्यहाँ पुग्नेहरूमा रमोलाकी बालसखा तथा विद्यालयका शिक्षिकाहरू पनि थिए। बिदाइ गर्नअघि रमोलाका साथीहरूले नेपालको नक्सा उपहार दिएर भने - जन्मथलो नेपाललाई नबिर्सनू। (पृष्ठ ८५)

यस सङ्ग्रहको अन्तिम कथा हो - 'यो हार कसको !' । यसमा चुनावमा संविधान बनाउने नेता जिताएको ठान्ने जनताले उनीहरूले केही काम नगरेपछि

दिक्क भएर त्यसको विपरीत नारा लिएर व्यङ्ग्यात्मक रूपमा नेताप्रतिको भावनालाई उजागर गरिएको छ। भनिएको छ : फुटपाथको डिलमा उभिएर हेरिरहने जनता कुरा नबुझेर अकमकिए। भन्न खोजिएको के हो ? सुनाउन चाहेको के हो ? बुझ्न सकेनन्। ध्यान दिएर सुन्छन्। त्यही नारा दोहारियो, तेहरियो - यो हार कसको ? जनताको। (पृष्ठ ८८)

यसरी सबै कथाहरू कुनै न कुनै घटनासँग सम्बद्ध छन्। सोह्रवटा कथामध्ये केही कथा 'ठूलो मान्छे', 'उन्मुक्ति' र 'यो हार कसको ?'जस्ता कथा लघुकथा हुन् कि जस्ता देखिन्छन्। केही बृहदाकारका 'सम्बन्ध विच्छेद' र 'घरजम कि परजाम'जस्ता कथा पनि छन्। प्रतिनिधि कथाको रूपमा राखिएको हुनाले यसले कथाकार धनमान श्रेष्ठको लेखनशैली र लेखनक्षमतालाई पनि जानकारी दिन्छ।

धेरै कथाहरू व्यञ्जनामूलक छन्, प्रकृतिसँग निकट छन्, मानवीय जीवन र प्रकृतिसँगको मिलन गराउन कथाकार खप्पिस देखिएका छन्। यसमा विविध विषयलाई लिइएको छ, जस्तै - क्रान्तिकारी उद्बोधन गराउने पुनर्विवाहका सन्दर्भ, सरकारी कर्मचारीका कुरा, स्वास्थ्यसम्बन्धीका कुरा, यौनरोग र महामारीका सन्दर्भ, विदेशिने परिपाटीका कुराहरूलाई बडो रोचकताका साथ प्रस्तुत गरिएको छ।

समाजमा शहीदको आकाङ्क्षा पूरा नभएको, गरीबहरूको दुःख यथावत् रहेको तर धर्मकर्म एकातिर गर्ने जनतालाई दुःख दिने स्थिति भएको, काम नभएर विदेशिनुपरेको यथार्थ दृष्टिकोण व्यक्त भएको छ कथाहरूमा। समाज, मानवीय दृष्टि, नारीगत भावनालाई व्यक्त गरिएका कथाहरू यथार्थताको धरातलमा उभ्याइएका छन्, तसर्थ सामाजिक यथार्थवादी कथाकारको रूपमा कथाकार धनमान श्रेष्ठलाई सफल कथाकारको रूपमा लिन सकिन्छ।

कथाकार धनमान श्रेष्ठको कथाकथन शैली सरल, सुबोध्य छ। सलल बगेको भाषा, परिष्कृतताले गर्दा अत्यन्त प्रभावकारी, उद्देश्यमूलक र सन्देशमूलक रहेका छन् प्रत्येक कथाहरू। समसामयिक धरातलमा उभ्याइएका कथामा कतिपय अत्यन्त मार्मिक पनि छन् र कथा पढ्न शुरू गरेदेखि अन्तसम्म

यसपछि के हुन्छ ? अब के हुन्छ ? भन्ने जिज्ञासा उत्पन्न गराउँदै मन तरङ्गित बनाइदिन्छन् कथा पढ्दा । छोटो आयाममा लेखिएका र शैलीगत प्रभावकारिता कथाकारको महत्त्वपूर्ण विशेषता मान्न सकिन्छ । सुन्दर कथाहरूको सँगालो नेपाली साहित्यको फाँटमा भित्र्याएर नेपाली भाषा-साहित्यको कथाक्षेत्र समृद्ध बनाएका छन् कथाकारले । कथाकार धनमान श्रेष्ठलाई हृदयतः बधाई ज्ञापन गर्नुका साथै कवितात्मक भावना व्यक्त गर्दछु ।

धन-मान-कथा-मान श्रेष्ठता-भित्र पर्दछन् ।
प्रतिनिधि-कथा-चित्र-साधना-सूत्र खोल्दछन् ।१।

'टाढाको सम्झना'बाट कथा प्रारम्भ गर्दछन् ।
'यो हार कसको ?' भन्दै व्यङ्ग्यबाँण चलाउँछन् ।२।

कतै छन् भ्रमका द्वार कतै शहीदका व्यथा ।
कतै छन् नारी-सौन्दर्य कतै क्रान्ति-पुरा-कथा ।३।

पुनर्विवाहको खाका कोरिएको छ तिर्सना ।
मानवी-चेतना खोल्छन् सभ्यताको छ सम्झना ।४।

विद्रोही स्वर छन् धेरै समाजभित्रका कुरा ।
पुनर्निर्माणका लागि अग्रणी छन् कथा छुरा ।५।

धर्म-संस्कारका साथ बोधगम्य परिष्कृत
भाषा-भाव सबै कथ्य देखिन्छन् परिमार्जित ।६।

सकारात्मक छन् धेरै 'धनमान' सुधारमा ।
जीवन्त कथ्य छन् शुभ्र, बधाई शुभ-कामना ।७।

भवतु सर्वमङ्गलम् ।

*२०८१ माघ १५ गते । धुम्बाराही, काठमाडौँ ।*

# प्रकाशकीय

*कार्तिकेय घिमिरे*

स्वर प्रकाशन - स्वर द्वैमासिक पत्रिका। हरिऔंन-हरिपुर (सर्लाही) र भक्तपुर-काठमाडौं । गतिशील जीवनको यात्रामा भेट भयो अग्रज कथाकार धनमान श्रेष्ठसँग। ८६ वर्षीय कथाकार। फागुन ११, २०८१ बाट ८७ वर्षमा प्रवेश गर्दै गरेका कथाकार।

यी अग्रज कथाकारसँगको पहिलो भेटमा 'यौटा उस्तै कथा' र 'सम्बन्ध विच्छेद' दुई कथाकृति र 'धनमान श्रेष्ठ व्यक्ति एक आयाम अनेक' (जीवनवृत) यी तीन कृति उपहार पाएका थियौं। किताबकोकोसेली बोकेर फर्किंदै गर्दा कथाकार श्रेष्ठको जन्मथलो भक्तपुर र कर्मथलो सर्लाहीप्रतिको प्रेम र हार्दिकताले हामी कृतज्ञ भएका थियौं।

२०६४ मा प्रकाशित 'यौटा उस्तै कथा', २०७१ मा प्रकाशित 'सम्बन्ध विच्छेद' कथासङ्ग्रह पढेपछि धनमान कथा साधनामा रमाउने सशक्त हस्ताक्षर हुन् भनेर हामी परिचित भयौं। थोरै शब्दमा धेरै भन्ने लेखन शैली र कथा बुन्ने कला प्रभावशाली लाग्यो। उनको कथा निर्माण गर्ने खुबी गजबको रहेछ। धनमान कथाका पारखीहरूलाई मनपर्ने पठनीय कथाहरू सिर्जना गर्ने सामर्थ्य भएका कथाकार रहेछन्।

यही निष्कर्षका साथ कथाकार धनमानसँग स्वर पत्रिका परिवार उनको कथा पढेर मोहित हुँदै गाँसियो। अनि रुपरेखा पत्रिकामा वि.सं. २०२४ सालमा प्रकाशित 'कैदी' कथादेखि भक्तपुर मासिकमा २०७८ सालमा प्रकाशित 'अक्सिजन प्लान्ट' सम्म आइपुग्दा कथायात्राको पाँच दशक बढी समयभित्र प्रकाशित कथाहरू समावेश गरी 'धनमान श्रेष्ठका प्रतिनिधि कथा'

कृति तयार हुनपुग्यो । यस कृतिमा विविध विषयका १६ उत्कृष्ट कथाहरू अटाएका छन् । पाँच दशक बढी समयदेखि कथा लेखनमा साधनारत सर्जक धनमानको लेखन शैली समयको गति सँगसँगै परिस्कृत, परिमार्जित र सशक्त हुँदै गएको देखिन्छ । विभिन्न कालखण्डमा लिखित र प्रकाशित यस कथाकृतिमा समावेश कथाहरू पढ्दैगएपछि त्यो महसुस गर्न सकिन्छ । कथा बुन्ने सीपका धनी वरिष्ठ कथाकार धनमानका यति लामो कालखण्डमा रचना गरिएका कथाहरूबाट प्रतिनिधि कथा छनोट गर्नु एउटा चुनौतीपूर्ण कार्य थियो । यस कार्यलाई सहज बनाइदिनुहुने अग्रज कथाकार धनमान श्रेष्ठप्रति आभार प्रकट गर्दछौं ।

लेखकका हालसम्म प्रकाशित तीनवटा कथाकृतिबाट यी १६ कथा छनोट गरिएका छन् । कथा छनोट गर्दा लेखकको कथा लेखन यात्राको समयलाई प्रतिनिधित्व गर्नेगरी शुरुवातदेखि हालसम्म प्रकाशित कथाहरूमध्ये उत्कृष्ट कथाहहरू छनोट गरिएका छन् । विषयगत नवीनता र आकर्षक लेखन शैलीमा तयार भएका यी कथाहरू सबै पाठकका लागि रुचिकर हुनेछन् भन्ने विश्वास लिएका छौं ।

अन्त्यमा एउटा विशिष्ट ग्रन्थ प्रकाशनको अवसरका लागि स्वर प्रकाशन लेखक धनमान श्रेष्ठ र उनको परिवारजनमा हार्दिक आभार प्रकट गर्दछ । साथै यस विशेष अवसरमा आदरणीय लेखक धनमान श्रेष्ठमा सतासिऔं शुभ जन्मोत्सवको अवसरमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हामी सबैको जय होस् ।

**२०८१ फागुन १ गते । कालोपुल, काठमाडौं ।**

# कथाक्रम


| | |
|---|---|
| कैदी | १ |
| नसोचिएका दिनहरू | ७ |
| यौटा भ्रम | १३ |
| कान्छी स्वास्नी | १७ |
| मेला | २३ |
| टाढाको सम्झना | २७ |
| गङ्गालाल | ३२ |
| ठूलो मान्छे | ३७ |
| सम्बन्ध विच्छेद | ३९ |
| क्यान्सर - ३ | ५० |
| घरजम कि परजाम ! | ५५ |
| यो हार कसको ? | ६७ |
| उन्मुक्ति | ६९ |
| बाँझो खेत | ७१ |
| पुनर्विवाह | ७४ |
| अक्सिजन प्लान्ट | ८२ |

# कैदी

निस्तब्ध रातको शून्य वातावरणको बीचमा “खबर्दार...” को आवाज आयो । अग्ला अग्ला पर्खालभित्रको यौटा सानो कोठामा बसिरहेको सानुमान झसङ्ग भयो । आफूमा आइपर्ने खतराप्रति सतर्क भयो । दक्षिणतिरबाट फेरि त्यही आवाज आयो “खबर्दार... होसियार होसियार ... ।” सानुमानले भएभरको बल बटुलेर मुठ्ठी कस्यो र आफ्नै अगाडि सुतिरहेका दुई जना मानिस उठ्ने प्रतीक्षामा रज्यो । उत्तरतिरबाट पनि त्यस्तै आवाज आयो “खबर्दार... ।” सानुमानले दुबै हातमा दाउरा लियो । नजिक सुत्ने एक जनाले खोकेको सुनेर ऊ जुरुक्क उठेर कुस्ती खेल्ने कुस्तीवाजले जस्तै आफूलाई सम्हाल्यो । पूर्वतिरको खबर्दारको पहरादार चिच्यायो “आहा ! क्या हो ?” सानुमान छक्क पर्‍यो । भित्रभित्रै डरायो । फेरि चारैतिरबाट यौटे आवाज निस्कियो “खबर्दार... होसियार होसियार...” । ऊ कोठाको ढोकातिर बढ्यो तर कोही पनि देखेन । ढोका बन्द गर्‍यो । सन्तोषले लामो सास फेर्‍यो । मस्त निद्रामा घुरिरहेका साथीहरूको मुखमा हेर्‍यो । हातको दाउरालाई हेर्‍यो फेरि साथीहरूलाई । अनि दाउरा भुइमा राख्यो । पहरादारको खबर्दार आवाजलाई ध्यान दिन छोड्यो । निदाउने विचारले ओछ्यानमा लेट्यो । तर उसलाई निद्रा लागेन । सानुमान कोल्टे फर्क्यो, ओल्टे फर्क्यो, उत्तानो पर्‍यो तर कैदी जीवनको पहिलो रात धेरै बेरसम्म ऊ निदाउन सकेन । भोलिपल्ट बिहान धेरै घाम लागिसकेपछि ऊ थकित र भारी जीउ लिएर उठ्यो ।

साने पहाडबाट सहर झरेको दुई वर्ष भैसक्यो । शहर आइपुगेको तीनै दिनमा आफ्नै गाउँको मुखिया बाजेले उसलाई भानुराजाका घरमा नोकरी मिलाइदिएको थियो । भात पकाउनु, ख्वाउनु र दिउँसो ढोकामा पहरा दिने काम उसलाई मिलेको थियो । एक हप्तासम्म ऊ भारी मन लिएर आफू

नोकरी बसेको घर र घरका साहेबहरूलाई मात्र हेरिरहन्थ्यो । घरको ठूलो आँगनमा मोटर दौडेको देख्दा ऊ दङ्ग पर्दथ्यो । केही दिनसम्म त उसलाई साँच्चीकै राजाको घरमा बसेको जस्तो लागेको थियो । घर राजाकै दर्बारजस्तो लागेको थियो । दिउँसो घाममा बसेर मैयाँसाहेबहरूले बजाएका रेडियोको गीत सुन्दासुन्दै मुसुमुसु हाँस्दथ्यो । बजारमा किनमेल गर्न जाँदा मानिसको घुइँचोलाई बिर्सिएको मनले हेरिरहन्थ्यो । भात पकाउन सिकाउन लागेकी जेठी मैयाँसाहेबलाई हेरेर लाजले भुतुक्क हुन्थ्यो ।

बिस्तारै बिस्तारै सानेको दैनिक गतिविधि बदलिँदै गयो । आफ्नो गाउँघर, इष्टमित्र सबैलाई बिर्सिदियो । सम्झे पनि फुर्सतको बेलामा, कि त अनिद्राले छटपटिएको लामो रातमा । घरको ड्राइभरसँग नाना रङ्गको गफ हाँक्दथ्यो । रेडियोको गीतको तालमा आफू पनि गाउँथ्यो "जति हेर्‍यो उति राम्री पल्लो घरकी नानी ।" यो सुनेर ड्राइभर भन्दथ्यो - "अस्तिसम्म मोरो लठ्यौरो थियो, अब उस्ताद भएर निस्क्यो ।" साने उसको कुरामा ध्यानै नदिई चुरोट माग्दथ्यो । उसलाई चुरोट असाध्य नै पिउनुपर्ने । कान्छी मैयाँसाहेबसँग दिनहुँजस्तै चुरोट किन्न पैसा माग्दथ्यो । कान्छीमैयाँ उसलाई मागेपिच्छे पैसा दिन्थिन् । कहिले बनावटी रिसले, कहिले खुसीले । कान्छी मैयाँ रिसाउँदा पहिले पहिले त ऊ ज्यादै दुखित हुन्थ्यो । "स्वाद न ब्यादको चुरोट किन्न तँ मोरोलाई पैसा दिनुपर्ला" भनी बनावटी रिसमा मैयाँसाहेब रिसाएको हेर्न पाएको दिन ऊ धेरै धेरै खुसी हुन्थ्यो । तर पैसा कुनै तरहले लिई छोड्दथ्यो । साथै लिएर बाहिर जानुपर्ने दिन त उसलाई बिहानै पाँच रुपियाँको नोट दिन्थिन् । पाइजामा लाएको सुहाएन भनेर एकदिन त आफैले कश्मीराको कपडा किनेर पाइन्ट सिउन दिइन् ।

कान्छी मैयाँसाहेब सानेलाई धेरै जाती लाग्यो । जे काम छोडेर पनि पहिले ऊ तिनको अर्डर पूरा गर्दथ्यो । अरूको भन्दा पनि कान्छी मैयाँसाहेबको हेरचाह बढी गर्दथ्यो । ज्वरोले दुई दिन ओछ्यानमा पर्दा खुम्चिएको मनले सानेले मैयाँसाहेबको खुट्टा मिचिदियो, टाउको सुम्सुम्याइदियो । डाक्टरको भनाइ अनुसार औषधी ख्वायो । निको भएपछि मैयाँले उसलाई दस रुपियाँ बक्सिस् दिइन् ।

कान्छी मैयाँसाहेब सानेलाई लिएर सिनेमा हेर्न गएकी थिइन् । त्यो दिन नयाँ पाइन्ट र सेतो सुकिलो कमिजमा साने अरू दिनभन्दा फूर्तिलो देखिएको थियो । सिनेमाको हिरोले ढुङ्गामा बसेर गाइरहेको सबै दर्शकहरूले चाख लिएर हेरिरहेका थिए । गाउँदा गाउँदै ऊ डुङ्गाबाट पानीमा खस्यो । यो देखेर हलै थर्किने गरिकन हाँसोको फोहरा छुट्र्यो । मैयाँसाहेब पनि सानेको तिघ्रामा कोट्याइ कोट्याइ हाँसिन् । खेल सकिएपछि बिजुली बत्तीको उज्यालोमा सानेले मैयाँसाहेबको मुख हेर्‍यो । लामो लामो तातो सासमा तिनको जवानीले भरिएको छाती र उत्तेजनाले मातिएको आँखा देख्यो । बिस्तारै मैयाँसाहेबको हातबाट आफ्नो हात छुट्याएर साने उठ्यो । मैयाँसाहेब उनको पछि लागिन् । डोरीले बाँधिएको बोको बगरेको पछिपछि लागेजस्तै ।

बेलुकी धन्दा सिध्याएपछि साने दायाँ हातमा पानीको लोटा लिएर कान्छी मैयाँसाहेबको कोठातिर लाग्यो । तर उसले चाहेर पनि उसको मनले जान मानेन । खुट्टा गह्रौं भएर आयो । कोठाको ढोकानिर पुगेपछि अनायास दुबै खुट्टा टक्क रोकिए । ऊ झसङ्ग भयो । तरुनीको कोठानिर उभिरहनु ठीक लागेन । भित्र पस्यो । पानीको भाँडो टेबिलमा राख्यो । “साने...” मैयाँसाहेबको आवाज थियो । ऊ खाटनिर गएर स्वचालित यन्त्रझैं ठिङ्ग उभियो ।

‘औषधी खानलाई चम्चा लिएर आ ।’

ऊ बाहिर आयो । मनमा भुइचालो उठ्यो । लैजाऊँ कि नलैजाऊँ ? चम्चा लिएर ऊ गयो । टेबिलमा राखेको चम्चा भुइमा खस्यो ।

“यहीं ले त...”

चम्चा समातेको मैयाँसाहेबको हातले सानेको हात समात्यो । सानेको मुटु ढुक ढुक चल्न लाग्यो, तेज गतिले । जीउ तातेर आयो, आगोको रापले पोलेजस्तै । मैयाँसाहेबले ढोकाबाट बाहिर हेरिन्, फेरि सानेलाई तानेर ओछ्यानमा लम्पसार पारिन् । एक छिनपछि साने बिस्तारै उठेर नून खाएको कुखुराजस्तै आलसी चालले बाहिर आयो । त्यो रात साने धेरै दुःखित भयो ।

सानेले अब भानुराजाको घरमा बस्न नसकिने विश्वास गर्‍यो । यसरी बारम्बार आफ्नो अस्तित्व गुमेको हेर्न उसको आत्माले चाहेन । आफ्नो भएको

नयाँ पुरानो सबै लुगाहरूको यौटा पोको बनायो । रुपियाँ गनी हेऱ्यो, पूरा एक सय तीन रुपियाँ थियो । बाहिर मोटर 'प्वाँ प्वाँ' कराइरहेको थियो । दौडेर ढोका खोलिदियो । मोटरबाट ओर्लेर सानेको छातीमा बन्दुकको नाल रोपेर भानुराजाले भन्न लाग्यो - "मोटरको आवाज सुनिनस्, कहाँ मरिरहेको, ख्वाइदिऊँ गोली ।"

ऊ छक्क परेर भानुराजाको रातो-रातो आँखामा हेरिरह्यो । हिजोसम्मको भानुराजा र आजको भानुराजामा फरक पाइयो ।

सानेको तयारी देखेर ड्राइभरले सोध्यो - "साने ! घर जाने विचार गरिस् कि क्या हो ? लुगाको पोको-सोको त मिलाइछस् नि !"

सानेले नचाहेको मनले जवाफ दियो - "बस्दा बस्दा न्याम्रो लाग्यो । दुई चार दिन बसेर आऊँ कि भनेको !"

"साहेबसँग बिदा लिएर जा है साने... साहेबसँग... नभए त बिनसित्तैको भाँडभैलो मच्चिएको देख्नुपर्ला ।"

बूढो ड्राइभरको एक एक शब्दमा खतराको संकेत पाइन्थ्यो । त्यसैले "जानु परेपछि सोझै मुखले बिदा मागी जाऊँला" भनी लगाको पोको थन्क्यायो । भात ख्वाई, खाई, धन्दा सकिएपछि आफ्नो सुत्ने कोठाको साघुँरो खाटमा सुत्न गयो । अँध्यारो कोठाको दलिन गन्न उसले असफल प्रयत्न गऱ्यो ।

"मोटरको आवाज सुनिनस्, कहाँ मरिरहेको, ख्वाइदिऊँ गोली ।" भानुराजाका यी शब्द सम्झेर उसको अभिमानी आत्मा टुक्रा टुक्रा भयो ।

"गोली खान होइन, जूठो माझेर मीठो खान आफ्नो घर छोडेर अर्काको घरमा नोकरी बस्न आएको, अर्काको छोरोलाई कसैले पनि गोली ख्वाउन पाउँदैन ।" उत्तेजित भएर उसले मुठ्ठी कस्यो ।

"मुखले भन्नु सजिलो छ, मान्छे काट्नु, मार्नु गाह्रो छ" उसको जोश ठण्डा भएर गयो ।

"मारेको भए... मारेको भए, त्यस्तालाई बाह्र वर्ष जेल ठोस्न नसके साने, साने नै होइन । के सम्झ्या छ सानेलाई ?" सानेको छाती नाङ्लोजस्तो ठूलो भएर आयो । अरूभन्दा आफू पनि कम नभएको जस्तो लाग्यो ।

"तीनौटी स्वास्नी विहे गरेर पनि यौटीलाई पनि तह लाउन सकेको छैन, अर्काको छोरोलाई गोली ख्वाउने धम्की दिएर तह लाउन खोज्ने, कस्तो लाजमर्नु कुरो ।" भुइमा फालिएको चुरोटको धुवाँको खारले उसले एकछिन खोक्यो ।

कान्छी मैयाँसाहेबको कोठामा रेडियो बजेको सुनियो । सानेले कान थुन्यो । उसलाई रेडियोको गीत सुन्न मन लागेन । गीत मात्र होइन, कान्छी मैयाँसाहेबको बोली बचन, हिंडाइ, लवाइ केही पनि देख्न सुन्न मन लागेन । कान्छीमैयाँसँग त्यस्तो घटनाको उसले कल्पनै गरेको थिएन । उनी यौटा घृणाको अवतार भएर निस्कलिन् भनेर उसले चिताएकै थिएन । जेठी र कान्छीको आकृति मिलेजस्तै विकृति पनि उस्तै पाइयो । लामो सास तानेर निधारमा टोकेको लामखुट्टेलाई धपायो उसले ।

आधारातमा सानेको निद्रा टुट्यो । कान्छी मैयाँसाहेबसँगको अप्रत्याशित घटनाले उसलाई बेचैन पारिदिएको थियो । जेठी मैयाँसाहेबबाट उम्किएको यति छोटो अवधिमै कान्छीको फन्दाले घेरिएको सम्झेर ऊ भयभीत भयो । भानुराजाले थाहा पाए मार्छ, छाला टाँग्छ । ऊ एकछिन त डरले काम्यो पनि । त्यो रात पनि जेठी मैयाँसँग आकस्मिक घटना पर्न गएको थियो । मस्तसँग सुतिरहेको सानेलाई जेठी मैयाँसाहेबले आफ्नो कोठामा बोलाएर लगिन् । ऊ केही पनि बोल्न सकेन । चाहनाले उत्तेजित भइरहेकी मैयाँसाहेबको संकेतानुसार उसले आफूलाई मैयाँसाहेबको खेलौना बनाउन दियो । तर त्यसको दुई चार दिनपछि नै तिनको विवाहको टुङ्गो भएकोले सानेलाई भयभीत भएर रहनु परेन । त्यसो भए पनि अबदेखि यस्तोमा नलाग्न कान समातेर किरिया खायो । कान्छी मैयाँको विवाह हुने कुनै सङ्केतै थिएन ।

भानुराजाको घर व्यभिचार र अनैतिक कार्यको अखडाजस्तै भएको थियो । भानुराजाप्रति एकछिन त दया पनि जागेर आयो । यही घरमा बस्दै गरेमा एकदिन भानुराजाको गोलीको सिकार बन्नुपर्ने उसलाई निश्चय भयो । कहिलेसम्म बन्नुपर्ला उसले निश्चित गर्न सकेन । भरे, भोलि, अहिले नै पनि हुन सकिन्छ, थाहा पाए भने । उसको जीउ चिसो भएर गयो । भविष्यको परिणामको अड्कलले उसलाई सास

फेर्न पनि मुस्किल पारिदियो। भानुराजाको घरमा आएर त्यही रात आफ्नो ज्यानको माया लाग्यो उसलाई। त्यसभन्दा पहिले आफ्नो ज्यानको त्यति चासो लिएको थिएन। साने बिस्तारै उठ्यो। दिउँसोको पोको काखी च्याप्यो। नरम चालले अगाडि बढेर ढोका खोल्यो। बाहिर चौरमा कालो छायाँ देखेर डरले फेरि ढोका बन्द गऱ्यो। एकछिन ड्राइभरलाई सम्झ्यो अनि उसले भनेको कुरा।

"आ... अहिले जान पाए दिउँसो चार बजेसम्ममा त दाप्चाको डाँडा काट्न सकिहालिन्छ नि, अनि कहाँको भाँडभैलो मच्चिनु ?" सानेले फेरि ढोका खोल्यो। अघिको छायाँ जहाँको तहीँ स्थिर भएर बसेको देख्यो। अचम्म मानेर नियालेर हेऱ्यो। चौरको अम्बाको सानो रूखको छायाँ रहेछ। उसको मन ढक्क फुल्यो। बाहिर निस्केर एकपल्ट घरलाई हेऱ्यो। अनि सरासर सडकमा निस्क्यो। सडक शान्त र निस्तब्ध थियो।

"कतातिर लाग्ने ?" ऊ अक्मकियो। दक्षिणतिरको गल्ली छोडेर पूर्वतिरै लाग्यो। पलभरमै साने बेपत्ता भयो।

"यत्तिको पैसा कहाँ पाएको ?"

"साहेबहरूले बक्सेको जम्मा गरिराखेको, चोरेको होइन हजुर, सत्य होइन।"

"राति किन भागेको ?"

"भागेको होइन हजुर, बस्न नसकिएला जस्तो भएर आफ्नै घर जान्छु भनेर हिँडेको।"

एकछिन कोठामा सन्नाटा छायो। सानेलाई त्यहाँको वातावरण देखेर रिङ्गटा लाग्यो, बान्ता आउला जस्तो भयो। थ्याच्च भुइमै बस्यो। एकचोटी सबैले उसलाई हेरे। अनि एक जनाले सानेलाई सुनाइकन भन्न लाग्यो - "आफू नोकरी बसेको घरमा चोरी गरेर भागेको अभियोगमा अदालतले सानुमानलाई तीन महिनाको कैदको सजाय तोकेको छ।"

०००

***(रूपरेखा मासिक, २०२४ जेठ)***

# नसोचिएका दिनहरू

अरूको कुरा सुन्दा सुन्दै देश जाने रहरले लुरे उत्तेजित हुन्छ । देशमा पाइने रेल, मोटर, हवाईजहाज, सिनेमा... सबै ऊ सम्भन्नै सक्तैन । अस्तिमात्र देशबाट फर्केको कान्छोले भनेको उसलाई सम्भना छ । "थुप्रै मानिसहरूलाई बोकेको रेल हावालाई पन्छाउँदै खूब जोडले दगुर्छ । रेलले टाउकोबाट कालो धुवाँको मुस्लो ओकल्छ । म पनि त्यस्तै रेलमा दुई रात दुई दिन चढेर आएको, बुझिस् लुरे !"

"कान्छोलाई पनि रेलले बोकेर ल्याएको" पाखामा बस्तु चराउँदै गरेको लुरे मुखभरिको थुक निल्छ । दशैंको भोज खान प्रत्येक वर्ष देशबाट फर्केका गाउँलेहरूलाई ऊ सम्भन्छ । साँझमा ऊ भैंसीमाथि चढेर घर फर्कन्छ ।

हिले जात्रामा गाउँमै जात्रा हेर्न पाएकोले सिनेमाको बयानले उसलाई आकर्षित पार्न सकेन । आकाशमा उडेको हवाईजहाज त उसले धेरैपल्ट देखेको छ । तर रेल र मोटर... । यिनीहरूमा चढ्ने उत्सुकताले नै उसको मन देशमा पुग्छ । तर रेल र मोटर भेटिने ठाउँको दूरीलाई सम्भदा पनि देश नजिक पुगिसकेको उसको मन फेरि गाउँमै फर्कन्छ । तर पनि देश जान पाए सबभन्दा पहिले नअघाउन्जेल रेल र मोटर चढ्ने उसको विचार छ । रेल चढ्ने धीत मरेपछि कान्छो, सुइरे, वीरेजस्तै भएर दशैंको भोज खान गाउँमै फर्कने ऊ निश्चय गर्छ ।

एकदिन दिउँसो १३ वर्षको लुरे गाउँबाट बिलाउँछ । लुरे गाउँमा नभएकोले धेरैजसो मानिसहरू ऊ भागेर देश गएको सम्भन्छन् । तर उसको बाबुलाई यो कुरामा विश्वास हुँदैन । ऊ नजिकको भीर र खोल्सामा हेर्न जान्छ । बस्तु हुल्ने बेलासम्ममा पनि नफर्किदा अरूको सोचाइमाथि विश्वास गर्दछ । देशमै

जान्छु भनेर गए पनि २-३ दिनमा गएकै बाटोबाट घर फर्किने छ भनी उसको मनले ठान्छ। किनभने गाउँदेखि जनकपुरसम्मको एक-एक बाटोको उसलाई राम्रो सम्झना छ। कोशीको जङ्गार तर्दा नाइटो भिजाउने पानी, कोशीमाथिको अक्करमा हातले टेकेर जानुपर्ने साँघुरो बाटो, सबै उसको मनमा ताजा भएर आउँछन्। "दुई-तीनदिनमा पनि फर्केर आएन भने..." यसपछिको कुरा उसको मनमा अट्दैन।

पहिलेदेखिको आकांक्षा पूरा नगरी घर फर्कन लुरेको मनले मानेन। बाटामा भेटिएका मानिसहरूसँग ऊ पनि देशतिर बढ्छ। डाँडा, काँडा, खोल्सा खोल्सी सबैलाई एक एक गरी नाघ्दै ऊ बढ्दै जान्छ। अप्ठ्यारो ठाउँमा ऊ साथीहरूसँग मद्दत माग्छ। घर छोडेको चौथो दिनमा साथीहरूसँगै ऊ पनि जनकपुर पुग्छ। जनकपुर पुग्नासाथ सबभन्दा पहिले उसको आँखामा सेता, राता, पहेंला घरहरू टाँसिन्छन्।

"रेल र मोटर कहाँ छ ?" ऊ साथीहरूसँग सोध्छ।

अगाडि रेल र मोटर नदेखिएकोले उसका साथीहरू जवाफ दिँदैनन्। उसलाई अचम्म लाग्छ - मानिसहरूको आवाज सुनेर। कुरा गरेको हो कि झगडा गरेको ऊ छुट्याउन सक्तैन। हाँसेको र रोएकोमा ऊ भिन्नता पाउँदैन। चारैतिर अपरिचित आवाज! बाटाभरि कुरा गर्दै आएका साथीहरूको स्वर पनि उसलाई नयाँ लाग्छ। आफ्नै स्वर पनि लुरेको आवाज भनेर उसलाई विश्वास गर्न गाऱ्हो हुन्छ। त्यसैले ऊ चुपचाप साथीहरूको पछि लाग्छ।

"ऊ त्यही हो रेल" एक जनाले बायाँ हातको चोर औंलाले अगाडिको हावामा घोच्छ। लुरे दङ्ग पर्छ। कत्रो लामो!

"यत्रो लामो छ र त थुप्रो मान्छे बोक्न सकेको" ऊ भित्र भित्रै गुनगुन गर्छ।

लुरे सरासर रेलतिर बढ्छ। रेलको अगाडि पुगेर ऊ ठिङ्ग उभिन्छ। तलदेखि माथिसम्म, माथिदेखि तलसम्म ऊ गौड गरेर दुई तीनपल्ट हेर्छ। निहुरेर पाङ्ग्राको ताँतीलाई हेर्छ। ढाड सोझ्याएर ऊ रेललाई छुन्छ।

"ए...." एउटा अपरिचित आवाज उसको कानमा पर्छ। ऊ दायाँ बायाँ टाउको घुमाउँछ। कोही आँखा अगाडि पर्दैन। फेरि छुन्छ, पहिलेजस्तै।

“ए, किन छोएको ?” अर्को आवाज आउँछ । आफ्नो अगाडि नौलो मानिसलाई पाएर ऊ भित्रभित्रै डराउँछ पनि ।

“किन चल्छस् ? जा” अपरिचित मानिस उसलाई हप्काउँछ । रेल चढ्ने लालसाले डुङ्गा चढेर कोशी तरेको छिनलाई ऊ सम्झन्छ । रेल चढ्ने आशाले कति दुःख बोकेर आएको । छुन पनि नहुने भए कसरी चढ्ने ? कान्छोले दुईदिन, दुईरात चढ्न हुने, उसले छुन पनि नहुने । के भनेको होला ? ऊ वास्तविकता बुझ्दैन । आफूमाथि अन्याय भएको महसुस गर्छ ।

“छोए के बिग्रन्छ दाइ ?” ऊ भित्रको रिस बाहिर ल्याउँछ ।

“नछोएर के बिग्रन्छ त ?” अपरिचित स्वर ठूलो हुन्छ ।

ऊ जवाफ दिन सक्तैन । एकछिन उसको चेतना शून्यमा अल्झिन्छ । नीलो मुख लाएर फर्किन खोज्छ । तर अपरिचित मानिसलाई अगाडि नपाएर आफै छक्क पर्दछ । ऊ सपना र विपना छुट्याउन सक्तैन । कोही नभएको मौका पारी एकपल्ट रेलमाथि चढ्छ । तर दगुर्नुपर्ने रेल दगुरिएन । सीटलाई ठेलेर रेल कुदाउने ऊ असफल प्रयास गर्छ ।

दिनभरि रेल हेर्ने लुरेलाई साँझदेखि एक्लो महसुस हुन्छ । सानो ठाउँमा एक्लो नभएको लुरे ठूलो ठाउँमा एक्लो हुन्छ । ऊजस्तै एक्लो मानिससँग पेटभरिको कुरा गर्न मन लाग्छ, तर कोही उसलाई चिन्दैनन्- ऊ पनि कसैलाई चिन्दैन । त्यसैले मानिसहरूको हूलमा पनि ऊ एक्लो हुन्छ । रात पर्छ, बत्ती बल्छ । तर कोही ऊसँग बोल्दैन- उसको घर सोध्दैन- उसको नाम जान्न चाहँदैन र सबैलाई सुनाएर आफैँ भन्न मनलाग्छ- “म... को लुरे हुँ” घाँटीमाथिको बोली बाहिर फुट्दैन । उसको भित्रको आवाज कोही सुन्दैन । बरु ऊ आफैँ नजिकबाट आएको यौटा आवाज सुन्छ- “के खोज्दैछौ ?”

दिउँसो रेलमा भेटिएको मानिस फेरि देखापर्छ । हराएको चीज भेटिएजस्तो उसको मन ढक्क फुल्छ । तर केही जवाफ दिन सक्तैन । किनभने ऊ के खोज्दैछ, आफैलाई थाहा छैन ।

“घरबाट भागेर आएको हो ?”

ऊ टाउको हल्लाएर अपराधी हाँसो हाँसिदिन्छ। उसको इसारा अनुसार लुरे उसको पछि लाग्छ । राति दुबै जना एउटै कोठामा सुत्छन् । निद्रा नलागुञ्जेलसम्म लुरे आफ्नो मनको कुरा बताउँछ।

लुरे एउटा होटेलमा भर्ना हुन्छ- जुठो माझ्ने चोखो पार्न। आफ्नै दौंतरी ठिटाहरूको बीचमा आफूलाई पाएर उसलाई विरक्त लाग्दैन। तर नौलो ठाउँमा ऊ धक फुकाएर बोल्न सक्तैन। ऊ सबै ठिटाहरूको भनाइ खान्छ, साहूको कुरा मान्छ। त्यस्तै होटेलमा आउने जाने गाहकीहरूको चाहना पूरा गर्छ। जूठो टिप्नु र माझ्नुमा लुरेका दिनहरू बित्छन्।

"सात नम्बर..." साहू कराउँछ। भित्रबाट एक जना पुड्के केटो बाहिर आउँछ।

"खोइ, तीन नम्बर कहाँ गयो ?" भित्र एउटा आवाज फुट्छ। चेप्टोनाके ठिटो भित्र पस्छ।

लुरे नम्बरको मतलब बुझ्दैन। नम्बरको आवाजमा पछि लागेकोलाई मात्र हेर्छ। ऊ सम्झन्छ- "म पनि पूर्व २ नं. को हूँ।"

"टेबिलको गिलास टिप्, लुरे"

"ए लुरे", लुरे आवाज आएतिर बढ्छ।

ऊ साहूको कुरामा कान थाप्छ।

"बाहिर पानी लगिदेऊ, लुरे" पुड्के केटो उसलाई अऱ्हाउँछ । ऊ अकमकिन्छ। अगाडि पछाडि हिँड्छ। रिङ्गटा लागेर खाली मेचमा बस्छ।

सधैँझै बेलैमा रात पर्छ। सबै ठिटाहरू आ-आफ्नो ठाउँमा सुत्छन्। लुरे निदाउन सक्तैन। उसलाई निद्रा लाग्दैन। घरी घरी गाउँबाट भागेर आएको मात्र सम्झिरहन्छ। "चारदिन हिँडेर मात्र यहाँ आइपुगेको। जङ्गार लाग्ने ठाउँको ढुङ्गा कस्तो चिप्लो! माछालाई टेकेजस्तो। पानीको जोड पनि उस्तै थाम्नै मुस्किल। लाहुरेले नअँठ्याएको भए, उसलाई उही दिन खोलाले बगाइसकेको थियो।"

कुरा खेलाउँदा खेलाउँदै निदाउन खोजेको लुरेको मुटुको ढुकढुकी बढ्छ। आगोको रापमा सेकाएजस्तै गरी जीउ तातेर पोल्छ। मुटुको गति स्वाभाविक स्थितिमा ओर्लेपछि उसको आँखा सानो हुँदै जान्छ। ऊ थाहै नपाइ निदाउँछ।

"ए लुरे" सन्ते भित्रबाट बोलाउँछ। लुरे सन्ते कहाँ जान्छ। सन्ते लुरेलाई मौकामा माया गर्छ। लुरे उसलाई आत्मीय साथी ठान्छ। उसको घर तीन नम्बर हो । लुरेकोभन्दा एक नम्बर माथि । लुरे उसलाई आफूभन्दा काम कुरोमा सिपालु मान्छ। ऊ पनि लुरेलाई आफूले जानेको कुरा बताउँछ। रेल चढ्न पैसा चाहिन्छ भनेर उसैले सुनाएको थियो। पैसा पर्ने रेल चढ्न उसको मनले पहिलेजस्तै चाहँदैन। ऊसँग पैसा पनि हुँदैन।

होटेलको साहूनीको चेहरा लुरेलाई अनौठो लाग्छ। लुरेले साहूनीजस्ती आइमाई पहिले देखेको थिएन। क्रिम, पाउडर, लगाएको चेहरामा ऊ नयाँपन पाउँछ। साहूनीले चेहरामा पीठो पोतेकी होली भनी ऊ विश्वास गर्न सक्तैन। तर तिनको चेहरामा पीठोजस्तो फुङ्ग उडेको सेतोलाई ऊ अर्को नाम दिन पनि जान्दैन। साहूनीले अनुहारमा कन्याउँछे कि भनेर ऊ एकोहोरो हेरिरहन्छ। तर साहूनी कन्याउन्न। अनि ऊ भित्र भित्रै निश्चय गर्छ "साहूनीले अनुहारमा कमेरो दलेको पनि होइन।"

"ए सन्ते" लुरे सन्तेलाई आफूसँग बसाउँछ "साहूनीको अनुहार के भएको हो ?"

सन्ते पहिले त हाँसेर जवाफ टारिदिन्छ। तर लुरेको उत्सुकताको अगाडि उसलाई भन्न कर लाग्छ - "क्रिम, पाउडर लगाएपछि त्यस्तो देखिन्छ।" लुरे जिब्रोलाई लामो पारेर टोक्छ - चेहरामा क्रिम, पाउडर दल्ने कुरा सुनेर।

"नलगाए कस्तो देखिन्छ त ?" उसको जिज्ञासा फेरि बढ्छ।

"नलगाए सेतो भित्रको कालो रङ्ग देखिन्छ।"

"ए लुरे, दुई नम्बरमा पानी लगिदेऊ" भित्र कराएको बाहिर सुनिन्छ। साहूनीलाई हेर्दै पानीको गिलास लिन ऊ भित्र पस्छ।

लुरेलाई घर जान मन लाग्छ। ऊ होटेलमा अघाइसकेको हुन्छ। वर्षात्मा पहाड र तराई छुट्टिन्छ। मानिसहरूको आवागमन बन्द हुन्छ। वर्षामा खोला बढ्नाले जङ्गार लाग्दैन भनेर उसले गाउँमै सुनेको थियो । सन्ते पनि त्यही कुरा दोहऱ्याउँछ। उर्लेको खोला साम्य हुन तीन महिना लाग्छ। त्यसैले तीन महिनासम्म लुरे चाहेर पनि घर पुग्नसक्ने हुँदैन। चारदिन टाढाको गाउँ र होटेल

तीन महिना टाढाको बन्छ। उसको गाउँ र होटेल बीचको तीस कोस बाटो छ सय कोसको हुन्छ। त्यत्ति टाढाबाट पनि उसको मन घर पुग्छ। दिनहुँ लुरेको मन गाउँ डुलेर होटेल पुग्छ। ऊ दिन बिताउँछ, हप्तालाई पछाडि छोड्छ र महिना नाघेपछि एउटा औंला भाँच्छ। घर जाने प्रतीक्षामा लुरे आफ्नो लामो जीवन छोट्याउँछ।

०००

*(२०२५ आषाढ ३० गते शनिवार)*

*'गोरखापत्र' को 'सय वर्षका १०१ कथा' मध्येको एक।*

# यौटा भ्रम

सधैंझैं उसलाई आज पनि बाहिर जान मन लाग्दैन । उसलाई यसको कारण थाहा छ । तर उसको आत्मालाई बाहिर नगइकन सन्तोष हुँदैन भन्ने कुरामा पनि ऊ विश्वस्त छ । पाँच महिनादेखि उसलाई मन नलागे पनि दिनहुँ एकपल्ट बाहिर नगइकन हुँदैन । बाहिर जान मन नपर्नुको एउटै कारण छ - "कुट्नु, कुटाउन, गाली गर्नु र गराउनू ।

कुट्पिट गरेर आएको दिन ऊ रातभर सुत्दैन । "भोलि त बाहिर जान्नँ" भनेर ऊ निश्चय गर्छ । यत्तिले मात्र नपुगेर आवेशमा आएर ऊ कहिलेकाहीँ किरिया पनि खान्छ- "भोलि त सत्य बाहिर निस्कन्नँ । मारे पनि म जान्नँ, काटे पनि जान्नँ । जान्नँ भनेपछि कसको के लाग्छ र ? वेश्याको छोरो भएँ भोलि निस्के ।"

तर रात बितेर दिन ढल्दै आएपछि ऊ रातभरि हालेको किरिया बिर्सिंदै जान्छ । बिर्सन सकिएन भने उसलाई पश्चाताप लाग्छ - "बिनसित्तै किरिया हालेको भनेर ।" तर पनि "आज जान्छु भोलिदेखि जान्नँ" भनेर ऊ बाहिर जान तयार हुन्छ । भोलिदेखि जान्नँ, पर्सिदेखि निस्कन्नँ भन्दाभन्दै ऊ पाँच महिना बिताउँछ । त्यसैले मन नलागे पनि ऊ बाहिर निस्कन्छ । सधैंझैं पछाडि एउटा पोको र हातमा छाताको डण्डी लिएर ।

कुमारलाई सडकमा देखेर केटाकेटीहरू चिच्याउँछन्- "बहुला आयो, बहुला आयो, हिजो मलाई कुट्ने बहुला आयो ।"

केटाकेटीहरूको कुरामा ध्यानै नदिई ऊ आफ्नो बाटो लाग्छ । उसलाई चिढ्याउने केटाकेटीहरूलाई गाली दिने महानुभावहरूप्रति ऊ कृतज्ञ हुन्छ । तर आफू एकशब्द पनि बोल्दैन । बोल्यो कि झगडाको बिउ रोपिने उसलाई थाहा

छ । अरूहरूद्वारा सबै गाली र थप्पड पाएका केटाकेटीहरू मलामीहरूजस्तै कुमारको पछाडि लाग्छन् । सधैँ आपसमा मुखामुख गरेर हाँस्छन् । तर कोही नभएको मौका पारी भनी हाल्छन् - "बहुला पोको खस्यो ।" ऊ आफ्नो पोको बलियोसँग समात्छ । कोही उच्छृङ्खल केटाकेटीहरू उसको अगाडि नै आएर सोध्छन् -"अस्ति हाम्रो भाइलाई किन थुकेको ?" ऊ आफू गएको कामबाट नफर्कुन्जेलसम्म कसैलाई केही भन्दैन । आफू गएको काम सिद्ध भएन भने उसलाई खूब रिस उठ्छ । अनि बाटोभरि केटाकेटीहरूसँग मुर्मुरिदै घर फर्कन्छ ।

कुमार सरासर जान्छ । धारामा पुगेपछि टक्क रोकिन्छ । ऊ आएर रोकिने ठाउँ नै धारो हो । ऊ सधैँ धारामा रोकिँदैन । आफूले खोजेको मिले अड्छ नत्र रिसमा डुबेर लगत्तै फर्कन्छ । ऊ आज धारामा रोकिन्छ । उसलाई पानीको तिर्खा लाग्छ । पानी खाने पालोको प्रतीक्षामा ऊ एक छेउमा उभिन्छ । उसलाई देखेर पानी लिन आएका सबै आइमाईहरू धारा छाड्छन् । तर ऊ पानी नखाइकन तिनलाई हेरिरहन्छ । तिनलाई भेटेको बेलामा सधैँ खूब ध्यान दिएर हेर्छ । प्रत्येक भेटमा तिनीप्रति उसको आकर्षण बढ्दै गइरहेको हुन्छ । आफ्नी स्वास्नीको जस्तै अनुहार भएकी ती आइमाईको हात खुट्टा, टाउको सबै आफ्नै स्वास्नीको जस्तो लाग्छ । यति मात्र होइन तिनको बोलाइ, हिँडाइ, हँसाइ सबैमा उसको स्वास्नीको आभास पाउँछ । उसलाई तिनीसँग बोल्न मन लागेर आउँछ । तिनीसँग गर्नुपर्ने धेरै धेरै नयाँ पुराना कुराहरू उसको मनमा गुम्सिएका छन् । घरबाट निस्कनुभन्दा अगाडि तिनीसँग कुरा गर्न मुटुलाई दह्रो पार्छ ।

"मलाई किन माया मारेर हिँडेकी ?" यसरी कुराको प्रारम्भ गर्ने ऊ निश्चय गर्छ । तिनीलाई घरमा ल्याएर उनको मृत्युपछि के के बित्यो एक/एक घटना छाती खोलेर देखाउन मन लाग्छ । तर... मृत्यु भएर दाहसंस्कार समेत भइसकेकी स्वास्नी (?) कसरी धारामा देखा परी ? यो प्रश्न अगाडि आउँछ । यसको सन्तोषजनक जवाफ नपाएर ऊ त्यो आइमाईसँग केही पनि बोल्न सक्तैन । अनि बितेका घटनाहरू सम्झेर पानी नै नखाई सरासर घर फर्केर आउँछ ।

जोईपोइ दुई जनाको मात्र परिवारमा एकदिन कुमारलाई एक्लै छोडी उस्की स्वास्नीको आकस्मिक मृत्यु हुन्छ । पुन्टीको मृत्यु आकस्मिकै हो । बिहान

लोग्नेसँग दाउराको भारी लिएर शहर गएकी पुन्टी मुस्किलले मात्र बेलुका घर पुगी । घर पुगेको एकैछिनमा कुमारले देख्दादेख्दै उसको मृत्यु भयो । उसको मृत्यु गाउँमा चर्चाको विषय बन्छ । कत्ति जना कुमारलाई सान्त्वना दिन उसको घर पुग्छन् । कत्तिले बाटामा भेट्दा पनि ऊ माथि सहानुभूति प्रकट गर्छन् । तर सान्त्वना र सहानुभूति पाएर उसको दुबै आँखा भरिएर मात्र आउँछन् ।

"कत्ति दुःख र ऋण गरेर विवाह गरेकी स्वास्नीसँग ६ महिना पनि कुमारले बिताउन पाएन" यही कुरा सबैको मुखबाट दोहोरिन्छ । वास्तवमा आषाढमा विवाह गरेको पुन्टीको चैत्र नलाग्दै मृत्यु हुन्छ । आफ्नी स्वास्नीको छोटो आयु सम्झदै ऊ आफ्नो लामो जीवनमाथि डाह गर्छ ।

"मेरै स्वास्नीलाई किन छिटो मर्नु परेको ? अरूहरू कपाल फुलेर पनि किन बाँचिरहेका ?" उसको मनमा अनेक प्रश्न उब्जिन्छन् ।

"हाम्रो जोईपोइको माया सहन नसकेर कसैले मारेको हुनुपर्दछ" उसको मनमा कुरा उम्रन बेर लाग्दैन ।

"मार्नेलाई चिन्न पाए... मार्नेलाई चिन्न पाए... उसलाई अ... अहिले नै गएर..." आवेशमा ऊ झ्यालको डण्डीलाई बेसरी अँठयाउँछ ।

एकैछिनपछि ऊ आफैसँग प्रश्न गर्छ :- "कसले मार्‍यो होला त ?" जवाफमा ऊ कसैलाई भेट्टाउँदैन । अनि ऊ कोठाभित्र निर्जीव मूर्तिजस्तै देखिन्छ ।

पुन्टीको आकस्मिक मृत्युले कुमारको मानसिक सन्तुलनमा चोट पर्छ । लामो, मीठो सपनाबाट ब्यूँझेजस्तो लाग्छ उसलाई । कति दिनसम्म त उसले खाँदा पनि खाएन, काम पनि गरेन । भोकै रहेर पनि कहिलेकाहीँ आफ्नै शुरले शहर घुमेर फर्कन्छ । एक्लै शहर घुम्दा खल्लो लागेकोले ऊ लगत्तै फर्किहाल्छ । विरक्त भएर फर्केको कुमारले आँखा देख्दैन । गाउँ फर्केको कुमार कहिले गाउँबाट दुई कोश परको डाँडामा पुग्छ । कहिले बाटो बिराएर शहरलाई मात्र घुमिरहन्छ । गाउँ फर्किने बाटो नभेटिएर शहर घुम्दै गरेको कुमार एउटा कलधारा अगाडि पुगेर रोकिन्छ । धारामा उभिरहनेहरूमध्ये एउटीलाई खूब ध्यान दिएर हेर्छ ।

"कस्तो सलक्क परेको नाक ? उस्तै, ठीक पहिलेजस्तै !" ठाडो नाकलाई हेर्दै ऊ गुनगुन गर्छ ।

बायाँ गालाको कालो कोठी सानो भएको जस्तो लाग्छ उसलाई । एकपल्ट खूब ध्यान दिएर हेर्छ ।

"होइन सानो भएको छैन, ठूलो पनि भएको छैन, पहिलेको जत्रै छ" ऊ आफलाई विश्वास दिलाउँछ ।

मन थाम्न नसकेर ऊ अगाडिको पसलेसँग सोध्छ- "ती कालो पछ्यौरा ओढेकी आइमाईको हुन् ?"

"यी हुन् तिनी" भन्दै पसलेले घोक्रो समातेर कुमारलाई परसम्म धकेल्छ ।

कुमारलाई घोक्र्याएको कारण थाहा पाएर सडकमा जम्मा भएका मानिसहरू कुमारलाई बहुला ठान्छन् । केटाकेटीहरू त "ए बहुला ! ए बहुला !!" बहुला !! भन्दै उसको पछि लाग्छन् ।

धारामा देखिएकी आइमाईलाई कुमारले बिर्सन सक्तैन । तिनलाई हेर्नकै लागि पनि ऊ गाउँबाट एक कोशको बाटो धाई दिनहुँ शहर पुग्छ । तर शहरमा प्रायः सबै उसलाई "बहुला" ठान्छन् तर उसको मगजमा अनेकौं प्रश्नहरूको साथै एउटा मूल प्रश्न सधैँ अल्झिरहन्छ- "के ऊ साँच्चै बहुलाएको हो त ?"

०००

*(गोरखापत्र दैनिक, २०२५ मंसीर १ गते)*

# कान्छी स्वास्नी

चम्पा पूर्णेसँग चुरोट, बिंडी, सुर्ती यावत् माग्न सक्छे। खाँचो टार्न पैसा पनि माग्छे, तर यौटै चीज उससँग माग्न सक्तिन। यसको अभावमा आजको चम्पाको भोलि बीभत्सरूप हुनेछ भन्ने कुरा उसलाई पहिलेदेखि थाहा थियो। मन लागेर होइन। रहरले पनि होइन। विवाह भएर उसबाट यौटा चीज पूरा गराउने प्रयत्नमा छ ऊ तीन महिनादेखि। तर चाहिँदो साहसको अभावले ऊ कुरा ठाउँमा पुऱ्याउनै सक्तिन। सिलसिला मिलेर चल्दै आएको उसको जिब्रो मुख्य कुरा भन्न खोज्दा आफै लर्बरिन्छ। त्यसैले तीन महिना पहिलेको उसको कुरा आजसम्म पनि जहाँको तहीं छ। एक इञ्च पनि अगाडि बढ्न सकेको छैन।

चम्पा सन्तमानकी कान्छी स्वास्नी हो। त्यसो त उसभन्दा पहिले नै तिनौटीलाई सन्तमानकी कान्छी स्वास्नी हुने दुर्भाग्य प्राप्त भएको थियो, तर सन्तान नहुनाले यौटी पछि अर्कीलाई माहिली, साहिँली, काहिँलीको रोल पाउनुपरेको थियो। त्यही रोलक्रमले कान्छी स्वास्नी हुन पाएकी हो। चम्पा दुई वर्ष पहिले दुलही भएर सन्तमानको घरमा आएकी हो। पाँचौपल्टको दुलहा सन्तमानसँग आफू किन दुलही बनेकी हो भन्ने कुरा पहिले नै उसलाई थाहा थियो। दुलही बनिनु पहिले "के सन्तमानको आशा पूरा गर्न सकिएला ?" भनी आफ्नै मनसँग सोध्थी। सन्तान जन्माएर लोग्नेलाई तृप्त पार्न सकूँला भन्ने कुरामा उसलाई नै विश्वास थिएन। त्यसैले एक दुईपल्ट त सन्तमानकी कान्छी स्वास्नी हुन नरुचाएकी पनि हो, तर छर-छिमेकी, आफ्ना इष्ट मित्रहरूको जोडले उसले सन्तमानको हातको सिँदुर स्वीकार्नु परेको थियो।

सन्तमान चम्पालाई माया गर्छ। दिनभर कोठामा सँगै बसाएर, रातभर साथैमा सुताएर ऊ उसलाई धेरै माया गर्छ। चम्पा उसको माया पछाडि यौटा

अदृश्य विपना देख्छे - भयानक आकृतिहीन रूपको । माया गर्दागर्दै प्रत्येक रात सन्तमान चम्पाको पेट छाम्न पुग्छ - भुँडी बढ्यो कि भनेर । चम्पासँगको विवाहको तीन महिनासम्म त सन्तमानले पेट छाम्ने गरेको थिएन, तर चौथो महिनाको शुरुदेखि उसले यो सिलसिला शुरु गर्छ । यसको अन्त कहाँ छ, उसलाई थाहा छ तर कहिले हुन्छ, ऊ निधो गर्न सक्तैन ।

वर्षौं दिनसम्म पनि चम्पाको भुँडी नउक्सेको देखेर सन्तमानको चञ्चलतामा विकृति पर्न जान्छ । ऊ यसको दोष चम्पामाथि थुपार्न चाहन्छ । तर यसो गर्नुअघि ऊ यौटा अर्कै उपाय प्रयोग गर्छ । सहरबाट बच्चा हुने ओखती किनेर ल्याउँछ । ओखती बट्टामा ऊ हृष्टपुष्ट बच्चाको आकृति देख्छ, तर चम्पा बट्टामा सन्तमानको कायरताको रूप अझ स्पष्ट देख्छे । ओखतीको प्रतिक्रिया अनुकूल नभएकाले ऊ फुल पावरको ओखती किन्छ । फुल पावरको ओखतीको बट्टामा पनि चम्पा सन्तमानको नामर्दपन देख्छे । जति ऊ अगाडि बढ्दै जान्छ, उति नै चम्पाको अगाडि आफ्नो भित्री कमजोरी यथार्थ हुँदै जान्छ । फुल पावरको ओखतीले सन्तमानलाई पावरफुल बनाउँछ । आफूभित्रको बढ्दो शारीरिक क्षमतालाई विचार गर्दा आफ्नो मनोकामना पूर्तिको लक्षण सन्तमान देख्छ, तर ओखती सकिएपछि उसको अवस्था पहिलेजस्तै भएकोले उसलाई गोल पृथ्वीमा भ्रमण गरेजस्तो लाग्छ ।

आफ्नो यत्न-प्रयत्न सबै पचाएकी चम्पासँग सन्तमान निराश हुन्छ । उसमाथि थुपारेको माया हावाको महलजस्तै हुन्छ । पेट छाम्दै गरेको ऊ उसलाई भन्छ- 'तिमी पनि काम नलाग्ने भयौ ।' यस्तै वाक्य उसले पहिले पनि प्रयोग गरिसकेको थियो । उसको पहिलेका कान्छी स्वास्नीहरूले जस्तै चम्पाले यो वाक्य चूप लागेर निलिन् । जिज्ञासु चम्पा सोध्छे - 'किन' ?

सन्तमान आफ्नो आकाङ्क्षा एक एक गरेर बताउँछ । अर्को विवाह गर्नुपर्ने आवश्यकतामाथि पनि जोड दिन्छ ।

"अर्कीबाट पनि सन्तान नभए ?" चम्पा गम्भीर भएर सोध्छे । चम्पाको शंकालु प्रश्नले सन्तमानलाई छक्क पार्छ । उसले यस्तो प्रश्नको आशै गरेको थिएन । जेठी, माहिली, साहिंलीले जस्तै कान्छीले पनि उसको कुरा पचाउनेछ

भन्ने उसलाई लागेको थियो, तर चम्पाको सोधाइको जवाफ दिन ऊ बाध्य हुन्छ "फेरि अर्की ल्याउँछु।"

"फेरि पनि नभए ?"

"फेरि पनि ल्याउँछु।"

चम्पा एकै प्रश्न सोध्दै जान्छे, सन्तमान एकै जवाफ दिँदै जान्छ। उनीहरूको सवाल जवाफले एकछिन कोठाको निस्तब्धता हराउँछ।

पेट छाम्दा छाम्दा वाक्क भइसकेको सन्तमान यो कार्य छोड्छ। पेट छाम्न बढिसकेको हात पनि ऊ गऱ्हौ मन लाएर फर्काउँछ। स्वास्नीको पेट छाम्दा आफ्नो कलेजोको भित्री रङ्ग देखाएजस्तो भइसकेको छ उसलाई। त्यसैले सम्झेर पनि पेट छाम्न छोड्छ। एक रात लोग्नेको तिघ्रा मिच्दै गरेकी चम्पा सन्तमानलाई भन्छे- 'लोग्नेमान्छेको कमजोरीले पनि सन्तान हुँदैन रे हो ?"

ऊ 'हो' भनेर आफ्नो कमजोरी महसुस गर्न सक्तैन। 'होइन' भनेर बाँझी स्वास्नीहरूको अगाडि ठाडो नाक लगाउन पनि असमर्थ हुन्छ। त्यसैले ऊ चम्पालाई एकोहोरो हेरी मात्र रहन्छ।

"मेरै मामाकी छोरी कमलालाई पनि यस्तै भएको थियो। बाऱ्ह बर्षसम्म लोग्नेसँग रहँदा पनि कोख भएन," चम्पा फेरि भन्दै जान्छे "तर अर्कोसँग पोइल गएको वर्ष दिनभित्रै छोरो पाइन् !"

कमलालाई अगाडि राखेर चम्पाले आफू पोइल जाने भूमिका रचेजस्तो लाग्छ उसलाई। उसको जारीको अगाडि उसको नामर्दपन देखाउने योजनाको सुरुवात सम्झन्छ ऊ यसलाई। साँच्चै चम्पा पोइल गएर छोरो पाए ... ऊ दुई आँखा बन्द गर्छ।

"हो, साँच्चै हो, ठट्टा गऱ्या होइन" चम्पा जोड दिएर भन्छे।

"हो, भने तिमी पनि पोइल जाऊ। कमलाजस्तै छोरोको आमा हुन जाऊ" आवेशमा ऊ चिच्याएर भन्छ। चम्पा केही भन्न सक्तिन। चूपचाप सुन्छे मात्र।

चम्पालाई आफ्नी सौतेनी दिदीहरूप्रति सहानुभूति उठ्छ। उनीहरूलाई सन्तमानको कमजोरीको अनभिज्ञतामा उसलाई अपशोच पनि लाग्छ। उसको ठाउँमा कान्छी स्वास्नी हुन आउने आइमाईहरूको कल्पनाले पनि उसलाई भित्र

कता कता पोलेको अनुभव हुन्छ। सन्तमानको अर्की स्वास्नी ल्याउने हतारोले झन् उसको पीडा बढ्छ। ऊ दुई वर्षभित्र सन्तान पाइदिने प्रतिज्ञा गर्छे। सन्तमान छक्क पर्छ। आजसम्म उसले यस्तो प्रतिज्ञा कसैले गरेको सुनेको थिएन।

"आवश्यकता परे प्रत्येक दुई वर्षमा म बच्चा पाउन सक्छु" ऊ अझ सन्तमानलाई विश्वास दिलाउँछे। उसलाई विश्वास र अविश्वासको दृष्टिले ऊ हेर्छ मात्रै। सन्तमान यस चुनौतीलाई स्वीकार्छ। ऊ केही समय विवाह नगर्ने निर्णय गर्छ।

सन्तमानको गाई चरुवा पूर्णे प्रत्येक दिन गाई फुकाउन र बाँध्न सन्तमानको घर आउँछ, जान्छ। उसको घरको काममा पनि ऊ निक्कै सघाउँछ। चम्पाको विवाहपछि उसकी स्वास्नी दुईपल्ट सुत्केरी भई दुवैपल्ट सुत्केरीको वेलामा चम्पा पनि गएकी थिई। उसले पाएको छोरो देखेर उसको पनि रहर बढेको थियो, तर उसको रहर सीमा नाघेर आउन सकेन। छोरोको बाबु पूर्णेलाई उसले जिस्काएर भनेकी थिई। "मलाई तिम्रो यौटा छोरा चाहिन्छ।"

पूर्णेले पनि जिस्किएर जवाफ दिएको थियो- "लोभ लागे दुईटै दिउँला!"

पूर्णे सन्तमानको चरुवा भए तापनि उसलाई उसको दुःख सुखको सबै कुरा थाहा छ। फुर्सदको बेलामा पूर्णे पनि सन्तमानको फलैंचामा गफ गर्न जान्छ। सन्तमान गाउँभित्रको बलियो मान्छे भएकोले उसकहाँ दिनहुँ बेलुकी गाउँलेहरू जम्मा भएर बाइस सत्ताइसको गफ लडाउँछन्। गफमा भुलेको पूर्णेलाई चम्पा आफूलाई भुलेर हेरिरहन्छे। कोही नभएको मौका पारी ऊ पूर्णेलाई भन्छे पनि - "पूर्णे दाइ, तिमी त भाग्यमानी रहेछौ। अहिले नै दुईटा छोराको बाबु छौ, पछि त झन्... । मलाई पनि छोरो हुने..." उसको जिब्रो यही आएर लट्पटिन्छ। ऊ कुराको भूमिका होसियारीका साथ जोड्दै जान्छे तर चाहिने ठाउँमा पुगेपछि कोरिएको रिकर्डजस्तै बोली बिग्रन्छ। आफ्नो बोलीमा स्वाभाविकता ल्याउन ऊ उससँग बिंडी माग्छे। त्यसैले चम्पा मुखले होइन कामैले आफ्नो इच्छा सार्थक बनाउन चाहन्छे।

फागुपूर्णेको दिन गाउँमा बिहानैदेखि चहलपहल हुन्छ। दिउँसो केटाकेटीहरूको अगाडि चम्पा पूर्णेलाई समातेर रातो अविर दलिदिन्छे। बेलुकी

एक्लै फलैंचामा बसिरहेको पूर्णेलाई चम्पा भित्र बोलाउँछे। उसलाई जाऊँ कि नजाऊँ लाग्छ। उसको मन दोमन हुन्छ। चम्पा फेरि बोलाउँछे। ऊ भित्र पस्छ। चम्पा उसलाई एक हातले अँठ्याएर अर्को हातले अविर दलिदिन्छे। ऊ उसको हात समात्छ। ऊ उसको हात आफ्नो छातीमा टाँस्छे। पूर्णे फुत्कन खोज्छ, तर उसको विकृत अनुहारमा चम्पा आफ्नो अनुहार जोडिदिन्छे। एकछिन दुवै जना शान्त हुन्छन्। अनि दुवै शिथिल भएर छुट्टिन्छन्। पूर्णे बाहिर निस्कन्छ। चम्पा चोटामा उक्लिन्छे।

सन्तमान कान्छी स्वास्नीको पेट छाम्न फेरि शुरु गर्छ। स्वास्नीलाई भुँडी आएकोमा उसलाई पक्का विश्वास हुन्छ। ऊ प्रत्येक रात दुई हातलाई गोलो बनाएर भुँडी नाप्छ - सूचिकारले फुटले कम्मर नापेजस्तै। सन्तमानको हर्षको सीमा नाघ्छ। ऊ आफन्तहरूलाई चम्पाको अवस्था बताउँछ। चम्पा नौलो अनुभवको प्रतिफल प्रतीक्षा गर्छे। पूर्णे आफूलाई गौरवान्वित ठान्छ। सन्तेले तीन वर्षमा नसकेको काम आफूले तीन मिनेटमा गरें भनेर।

प्रतिज्ञा गरेको वर्ष दिनभित्र चम्पाले छोरो पाउँछे। बिहान भिसमिसेमा उसले छोरो पाएको खबर घाम नलाग्दै गाउँमा सबैलाई थाहा हुन्छ। सन्तमानको फलैंचामा बसेका मानिसहरूलाई पूर्णे टाढैबाट देख्छ। उसलाई पनि त्यहाँ जान मन लाग्छ। ऊ उतैतिर लाग्छ। सन्तमानको घर जान लागेको उसलाई उसको दुईटै खुट्टा गऱ्हौं लाग्छ। त्यसैले बीचैबाट फर्कन्छ। उसको मनले उतै जान मन गर्छ। ऊ बिस्तारै उतै बढ्छ। सुर्ती तान्दै गरेको सन्तमानलाई ऊ सोधिहाल्छ- 'तपाईंको पनि छोरो भयो रे! होइन कान्छा ?'

पूर्णेको अप्रत्याशित प्रश्न उसलाई अनौठो लाग्छ। ऊ यसको रहस्य बुझ्न सक्तैन। सुर्तीको धुवाँ ओकल्दै ऊ गर्दन हल्लाएर 'हो' भन्छ। पूर्णे बीभत्स हाँसो हाँसिदिन्छ।

सन्तमान छोरो पाएको उपलक्ष्यमा खसी काटेर सबैलाई भोज ख्वाउँछ। सन्तमान जात हेरी भोज ख्वाउने ठाउँको व्यवस्था गर्छ। बाहुनलाई चोटामा, क्षत्रीलाई छिंडीमा र तामाङहरूलाई आँगनमा ख्वाउने ऊ निश्चय गर्छ। आँगनमा भोज खाँदै गरेको पूर्णे खुब हाँस्छ। मासु टोक्दा, चिउरा फ्वाँको मार्दा

उसलाई हाँसो मात्रै उठ्छ। उसको हाँसो माथिबाट चम्पा पनि सुन्छे। ऊ बढ्ता हाँसेकोले सन्तमान उसलाई बढ्ता हाँस्न हुँदैन भनेर सम्झाउँछ। सन्तमानलाई अगाडि पाएर ऊ झन् जोडले हाँस्छ। उसको हाँसोको अर्थ नबुझेर सन्तमान पनि अनर्थ हाँसो हाँसिदिन्छ। भोज खाइसकेपछि उसलाई सन्तमानको छोरो हेर्न मन लाग्छ। ऊ माथि चोटामा उक्लन्छ। सबैले सुनिने गरी ऊ भन्छ पनि- "म पनि कान्छा बाजेको छोरा हेरूँ!"

पूर्णेलाई देखेर चम्पा ठाडो मुन्टो निहुराउँछे। भुइको बच्चालाई हेर्दाहेर्दै पूर्णेको हाँसो फुट्छ। बच्चाको सानो आँखा उसलाई आफ्नो कान्छो छोरोको आँखाजस्तो लाग्छ। ऊ भनी पनि हाल्छ- "नाक त मेरै कान्छोको जस्तो छ।"

पूर्णेको भनाइ सुनेर सबै मुस्कुराउँछन्। ऊ हाँसेर फेरि तल ओर्लन्छ। सन्तमान उसलाई बिंडी दिन्छ। बिंडी सल्काइसकेपछि ऊ फेरि हाँस्छ। उसलाई हाँसेको देखेर सन्तमान पनि हाँस्छ। दुवै जना साथै हाँस्छन्, तर दुवैको हाँसोको अर्थ समानान्तर छ।

०००

*(रूपरेखा मासिक, २०२६ कार्तिक)*

# मेला

दिनभरको हिँडाइ र बिहानभरि मोटर चढेर अरू हजारौं मानिसझैँ कालुचा पनि मेला भर्न भेला हुन्छ । मान्छेको कस्तो भीड ! उसले कल्पनै गरेको थिएन । उसको गाउँमा कात्तिकेपूर्णेको दिन लाग्ने मेलामा भन्दा पनि धेरै मानिस । पारि गाउँको भगवतीस्थानमा लाग्ने जात्रामा पनि यत्तिका मानिस कहिल्यै भेला हुँदैनथे । उसलाई हर्केले सुनाएको कलकत्ताको सम्झना हुन्छ- कलकतामा पनि मानिसको असाध्य भीड हुन्छ । कुन दिन, कुन रात जहिले पनि जहाँ पनि मान्छेकै ताँती लाग्छ । मोटर पनि त्यत्तिकै गुडिरहन्छन् । गर्मीले सास फेर्न मुस्किल हुन्छ तर पनि जाने गइरहन्छन्, आउने आइरहन्छन्, खाने खाइरहन्छन् ।

गाउँका चक्रपाणि बहिदारको भारी बोकेर मेलामा आएको कालुचा मेलास्थललाई कलकत्ताका रूपमा पाउँछ । ऊ कलकत्ता त गएको छैन । अरूले भनेको मात्र सुनेको- कलकत्ता पुग्न रेलमा मात्र दुई दिन, दुई रात चढ्नुपर्छ रे ।

ऊ रेल होइन, मोटर चढेर आएको । दुई दिन होइन, एक बिहानमात्रै । कालुचालाई मालसामान हेर्न अह्राएर यात्रुहरूसँग चक्रपाणि नुहाउन जान्छन् । जानुअघि उनी एउटा कुरा भन्न बिराउँदैनन्- 'कतै नगईकन मालसामान राम्रो कुर्नू । यस्तो हुलमा चोरको डर हुन्छ ।'

कालुचाले चोरको नाकमुख देख्या छैन । उसको गाउँमा चोर पसेको उसले देख्या छैन । राति आउने चोरसँग उसको भेट भएको छैन । चोर डरलाग्दो हुन्छ भनेर उसले गाउँमै सुनेको थियो । दिउँसै चोरको डर देखाउँदा ऊ डराउँछ ।

साँच्चै चोर आयो भने ? उसको मुटु बेस्सरी चल्छ । चोरको डर हुने ठाउँमा आएकोमा उसलाई पश्चात्ताप लाग्छ ।

'यत्तिका मान्छे भएको ठाउँमा चोर आयो भने समातिहाल्छन् ।'

उसको विचार बदलिन्छ । उसलाई चोर हेर्न मन लाग्छ । कहिले नदेखेकोलाई हेरेर अरूलाई बयान सुनाउन मन लाग्छ तर कसलाई चोर सम्झने ! ऊ निश्चय गर्न सक्दैन । मान्छेको भीडमा छेउबाट गएका यात्रुहरूलाई हेर्दाहेर्दै उसको आँखा पर मान्छेको भीडमा अडिन्छ । कत्रो भीड मान्छेको ! कताबाट आएका होलान् । लुगा पनि कस्तो । कोही त आँखालाई नै कालोले ढाकेका, उसको गाउँको आहुरेले जस्तै ।

घाममा उभिरहेको कालुचाको नाक पसिनाले टल्किन्छ । ऊ दायाँबायाँ हातको बाहुलाले पसिना पुस्छ ।

'के खान आएका होलान् यिनीहरू, यस्तो भदौरे घाममा ?' - कालुचाको मनले एउटा प्रश्न सोध्छ । त्यहाँ खाने-लाउने त केही देख्दैन ऊ । त्यहाँ खानलाई खाजासामल उसैले बोकेर ल्याएको । भारी कुरेको कालुचालाई त्यहाँ बस्न मन लाग्दैन । लगत्तै फर्कन मन लाग्छ, तर सँगै आएका साथीहरूलाई छोडेर जान उसको मनले मान्दैन ।

नुहाउन गएको बहिदार र अरू फर्केका छैनन् । कालुचालाई पर्खंदापर्खंदा पट्यार लाग्छ । दिउँसोको मध्यघामले उसलाई पोल्छ । मानिसहरूको कोलाहलले उसको ध्यान टुट्दैन । उसको मनमा अनेक कुरा खेल्छन् । 'मेलामा नुहाए बाह्र वर्षको पाप पखालिन्छ' - गाउँमा धेरैले भन्ने गरेको ऊ सम्झन्छ ।

तर ऊ यसको अर्थ बुझ्दैन, झट्ट । त्यसैले बल गरेर त्यही कुरा फेरि सम्झन्छ । 'मेलामा नुहाए बाह्र वर्षको पाप पखालिन्छ' - बल्ल ऊ अर्थ बुझ्छ । उसलाई अचम्म लाग्छ, त्यस्तो अनौठो ठाउँको सृष्टिमाथि । बाह्र वर्षसम्म हुने/नहुने गरिएको पापलाई चार माना पानीले पखालिदिने धारणाले उसको उत्सुकता अरू बढ्छ ।

'संसारको सृष्टि अपरम्पार छ । भाँडा, लुगाफाटो मात्र होइन, पाप पनि पखाल्ने ठाउँ भेटिएको संसार ! त्यसैले त पापदेखि कोही पनि नडराएको । बाह्र वर्षसम्म नाना रंग गरेर थुपार्‍यो पापको थुप्रो, एक दिन सरर आयो, चुर्लुम्म

डुब्यो, जम्मै पाप पखाल्ने, कस्तो सजिलो ! ऊ सकेसम्म आफ्ना दुवै आँखा टाढाका मानिसकहाँ पुऱ्याउँछ। मानिसको भीडलाई हेर्दै कालुचा बर्बराउँछ- 'यी सबै पापीहरू त हुन् नि !'

एक जना मानिस उसलाई हेरेर अगाडि बढ्छ । उसले भनेको त्यो जाने मानिसले सुन्यो कि भनेर एक छिन ऊ डराउँछ पनि । तर ऊ सरासर जान्छ। अकारण नै ऊ आकाशमा हेरेर हाँस्छ। मानिसहरूको हुलतिर हेरेर फेरि भन्छ- 'यी सबै पाप पखाल्न आएका पापीहरू हुन् ।'

एक्लै भएकोले ऊ गोजीबाट बिंडीसलाई झिकेर सल्काउँछ । पूजाको समान लिन चक्रपाणि बहिदार कालुचाकहाँ आउँछन् र तत्कालै जान्छन् पनि । उसलाई झनक्क रिस उठ्छ । घामले सुकेको मुख खोलेर भनी पनि हाल्छ- 'कस्तो पापी बहिदार !'

बहिदारलाई कालुचाले आठ-दश वर्षपहिलेदेखि चिनेको छ । उसले गरेको पापधर्म सबै उसलाई थाहा छ। बहिदारको क्रियाकलापले खड्काले मुग्लान पस्नुपरेको घटना उसले अझै सम्झेको छ। साहिँली घर्तिनीको टुहुरो छोरालाई अलपत्र पारेर उसको घरमा गोठ बनाएको कालुचा आफैले देखेको छ। मगर्नी ठूलीसँग तँ तँ र म-म भएको एक साता पनि भएको छैन। अगाडि जाँदै गरेको बहिदारलाई हेरेर ऊ आफूलाई सुनाउँदै जान्छ- 'पाप पखाल्ने ठाउँ भेटिएको छ र त पाप गर्न नडराएको यो पापी बहिदार !'

'यसले कम्तीमा यति पाप गरेको छ', ऊ दुवै हात हावामा तेर्स्याएर पापको परिमाणको अन्दाज गर्छ- 'आज पुरानो पाप पखालिन्छ। गाउँमा गएर को-कोमाथि फेरि नयाँ-नयाँ पाप गर्ने हो त्यसले !'

बहिदारलाई हेर्दै गरेको उसका आँखाअगाडि अन्धकार हुन्छ। बहिदारबाट हुने नयाँ पापको आफू पनि सिकार हुनुपर्ने हो कि भन्ने आशङ्काले ऊ एक छिन काँप्छ। रिंगटा लागेर ढुंगामाथि बस्छ। बहिदारलाई आफूतिरै आएको देखेर ऊ आफूलाई सम्हाल्छ। बहिदारको कुप्रिएको शरीर देखेर उसको हौसला बढ्छ- 'ममाथि पाप गर्न खोज्यो भने यस बूढालाई एकै हातले...।' ऊ त्यसै हाँस्छ।

'जाऊ कालु जाऊ, छिटो नुहाएर आऊ' - बहिदार ढुङ्गामाथि बस्दै कालुचालाई अऱ्हाउँछ। कालुचा नउठीकन उसलाई हेरी मात्र रहन्छ। कालुचा नउठेकाले बहिदार पहिलेकै अऱ्हाउँछन्।

'म त जान्नँ बाजे, त्यस्तो हुलमा के गर्न जाने !' - कालुचा जवाफ दिन्छ।

'नुहाउनुपर्दछ, जाऊ नुहाउन, बाह्र वर्षदेखिको पाप काटिने।'

'मैले कल्लाई के पाप गऱ्या छु र पाप पखाल्नलाई नुहाउनु ?'

'यहाँसम्म आएपछि नुहाउनुपर्छ, धर्म लाग्छ।'

'दिनभरि काम गरेर खान नपाइने मलाई किन चाहियो धर्म ? पाप नगरे त धर्म त्यसै लाग्छ' - कालुचा अघिदेखि बनाएको कुरा भन्छ।

कालुचाको कुरा सुनेर बहिदार अकमकिन्छ। ऊ अरू केही भन्न सक्दैन। कालुचा डोकोको भारी मिलाउँदै बहिदारलाई भन्छ- 'यस्तो हुलमा नुहाउनुको सट्टा आफ्नै गाउँको पँधेरोमा नुहाउँछु, आनन्दसँग !' कालुचा भारी बोकेर अगाडि बढ्छ। बहिदार र उसका साथीहरू कालुचाको पछिपछि लाग्छन्।

०००

*(नेपाल समाचारपत्र दैनिकमा २०६४ पुस २१ गते पुनः प्रकाशित)*

# टाढाको सम्झना

हिजो छोडी अस्तिको बेलुकीदेखि ठूलीले केही पनि खाएकी छैनन् । पल्लो सेता घरे बीरे सुनुवारको लाहुरे छोरो नरे सुनुवार मलायाबाट घर बिदामा आएको पनि त्यही दिन साँझ हो । नरे चार वर्ष बाद घर आएकोले गाउँ घरका सबै जसो मानिसहरू उसको घरमा भेला भएका थिए । घरमा एक्ली भएकीले ठूली पनि लाहुरेको घर गएकी थिइन् । तिनलाई त्यहाँ एक छिन पनि बस्न मन लागेन, लगत्तै फर्किहालिन् । त्यहाँबाट फर्कदेखि ठूलीले अहिलेसम्म केही खाएकी छैनन् । यो देखेर कसैले भन्यो- “ठूलीलाई पिशाचले देखेछ ।”

गोले धामीले त अठोटका साथ भन्यो- “ठूलीलाई मसानको भूतले सहेनछ ।”

घलेले पर ठूली थाप्लोमा नाम्लो र पिठ्यूँमा डोको बोकेर आएकी देख्यो । ठूलीले हत्तपत्त डोको र हँसियालाई भुइँमा राखेर भन्न थालिन्- “राते गोरू बारीको पाखाबाट खोल्सामा लडेर ढाडै भाँच्चिएको जस्तो छ, ढाड निक्कै नै सुन्निएको छ । यसो उसो गर्दा फुर्सदै पाइन मुस्किलले आएकी छु । छिटो घाँस काटेर जाऊँ ।”

ठूलीको अनुहार गोरो थियो तर नजिकबाट हेर्दा गालामा अलि चाया परेको जस्तो देखिन्थ्यो । आँखा ठूलठूला, दाँत र नाक अलि चेप्टो थियो । अगाडि कालो र पछाडिको पाता रातो भएको इस्टकोट माथि तिनी प्रायः गरेर चाँदीका कम्पनीको माला लाउँथिन् । टाउकोको रातो फेटालाई आवश्यक पर्दा खास्टोको रूपमा पनि प्रयोग गर्थिन् । गाऊनको फरिया सधैँ पिँडौलासम्म माथि सारी लाउँथिन् । उमेर थियो तिनको बीस वर्ष । गाउँमा बीस वर्ष उमेरकी केटीको पनि विवाह गरी नदिंदा सबै छक्क पर्दथे । बुढाबुढीहरूले त ठूलीलाई नेपाल

(काठमाडौं) का साहेबहरूको दरबारमा राख्न साँचेको सम्झे । ठाउँ ठाउँबाट तिनीलाई माग्न नआएको पनि होइन, तर ठूली मारीकाटे पनि मान्दिनथिन् । सन्तानको नाउँमा भएकी एक्ली छोरीलाई आमा बाबु जबरजस्ती गर्न पनि सक्तैनथे । त्यसैले तिनी बीस वर्षको उमेरसम्म पनि कन्या नै थिइन् ।

घले पनि हृष्टपुष्ट शरीर भएको बाइस वर्षको युवक भइसकेको थियो तर केही गर्दा पनि विवाह गर्न नमानेको । उसकी विधवा आमाको नाति नातिनी काखमा लिएर गाउँबेसी गर्ने आकाङ्क्षा पनि उसको अगाडि पानी बराबर थियो । आफ्ना छिमेकीहरूले नानी बोकेर हिँडेको देख्दा तिनी हुरुक्कै हुन्थिन् । छोराको कान परोस् भनेर कति देवीदेवतालाई भाकल गर्दा पनि केही नलागेकोले तिनीले धेरै रात अनेक किसिमको तर्कनाले बिताइन् । गोले धामी सिपालु छ भनेर उनीबाट उल्टा पानी ख्वायो, तर केही गर्दा नलागेर तिनीले हार खाइन् ।

प्रायःजसो सधैँ ठूली र घले सँगै वनमा दाउरा, खेतवारीमा घाँस र बस्तु चराउन जाने गरेकाले गाउँमा निकै चर्चा चलिसकेको थियो । घलेकी आमा पनि छोराको आशय बुझेर ठूली माग्न गएकी थिइन् । पहिले त ठूलीका आमाबाबुले अस्वीकार गरे । तर ज्यादै हत्ते गरेकी र ठूलीले पनि विरोध नगर्दा पछि मन्जुर गरे । घले र ठूलीको विवाह भयो । उनीहरूको आकाङ्क्षा पूरा भयो । उनीहरू पहिलेदेखि यसैको प्रतीक्षामा थिए ।

प्रेम विवाहपछि उनीहरू बीचको प्रेम झन् फस्टाउन लाग्यो । भात पकाइरहेकी ठूलीलाई घले मसला पिन्दिएर मद्दत गर्दथ्यो । घले धान गोडेर घर आउना साथ ठूली उसलाई खाजा बनाइदिन्थिन् । दाउरा लिन जाँदा घलेले लडाएको रूखलाई ठूली चिर्थी । अनि घले भारी मिलाउँथ्यो । एक चोटि घाँस काट्न गएका उनीहरू दुवै जोईपोइ चिप्लिएर लडे । दुवै जना मरीमरी हाँस्न थाले । ठूली घलेको हात समाउन खोज्दा नसकेर लडेको सम्झाउँथी, घले तिनीलाई जोगाउन खोज्दा नसकेर पछारिएको हुँ भन्थ्यो अनि फेरि दुवै जना खित्का छोडी छोडी हाँस्थे । विवाहको एक वर्षमा उनीहरूको शारीरिक क्षमताको प्रतीक यौटा छोरो जन्म्यो । राम्रो, खुबै राम्रो, हेरिरहुँ जस्तो, जुरुक्क

उठाएर च्याप्प अँठ्याएर म्वाई खाऊ खाउँ जस्तो । त्यो थियो उनीहरूको आत्माको प्रतिविम्ब ।

पहिले देखिको घलेको आर्थिक सङ्कट विवाहपछि झन् चर्को भयो । विवाहमा लागेको चौध बीस रुपैयाँको व्याजसम्म पनि तिर्न नसक्दा साहुबाट मन दुखाउने कुरा सुन्नुपरेको थियो । आफ्नो बाबुसँग मुखियाले भोग बन्धकी खाइराखेको पाँच मुरी धान आउने खेत निखन्ने उसको पहिलेदेखि नै मनसुवा थियो । उसको स्वच्छ प्यारमा बढेकी ठूलीलाई गहना गुडियाले सिङ्गार्ने आफ्नो मनको धोको पनि त्यत्तिकै भो । अरूले राम्रो लाएको देख्दा ठूलीलाई पनि रहरलाग्दो हो भनी ऊ सोच्दथ्यो । तर ऊ ठूलीलाई विशाल क्षेत्र ढाक्ने एक टुक्रा हृदयबाहेक अरू केही दिन सक्तैनथ्यो । ऊ दुई चार वर्ष लाहुर (मलाया) मा बसेर चार पाँच हजार रूपैयाँ कुम्ल्याएर त्याउने सपना देख्दथ्यो, तर स्वास्नी र छोरोबाट छुट्टिनुपर्ने सम्झेर मुटुमा शूल उठेर उसलाई पीडा दिन्थ्यो । 'दुःख नगरी सुख हुँदैन' घलेलाई यो राम्रो थाहा थियो । त्यसैले उसले घर बिदामा आएको गाउँकै एकजना लाहुरेसँग मलाया जाने निश्चय गऱ्यो ।

घलेलाई मलाया लाने उसको साथी उसलाई लिन आयो । उसकी बुढी आमाले आँखाबाट आँसु बगाएर अस्पष्ट स्वरमा भनिन्- 'चिरञ्जीवी होऊन्, बाटामा कतै ठेससम्म पनि नलागोस्, मनमा दुःख पीर नहोस् .......' । अनि के, के तिनीको आवाज सुनिन छोडियो । जानलाग्दा घलेले गहभरी आँसु पारेर ठूलीलाई हेऱ्यो । ठूलीले उसको हात बेसरी समातिन्, तर दुवैले केही बोल्न सकेनन् । दुवैले आँसु चुहाइरहे । ठूलीको समाइ विस्तारै खुकुलो हुँदै गयो । घले फुत्त आफूलाई छुटाएर आँगनबाट छिटोछिटो फड्कामा हिँड्न थाल्यो । अलि पर पुगेर फर्की हेऱ्यो । दैलोमा उभिराखेकी ठूलीलाई देखेर झन छिटोछिटो चालले अघि बढ्यो । ठूली आएर उसलाई बाटैबाट घर फर्काएर लान्छे कि भन्ने डर भइसकेको थियो ।

घलेले घर छोडेको दिनदेखि ठूलीको मानसिक सन्तुलनमा अलि विकार जस्तो देखिएको थियो । दुई महिना बितेर पनि चिठीपत्र केही नआएको सम्झेर उनी विह्वल हुन्थिन् । भात पकाउँदा आँसु चुहाउँथिन्, वनमा जाँदा

रित्तै आउँथिन्, वस्तु चराउन जाँदा एक्लै रुन्थिन् । एकदिन घाममा सुतिरहेको छोरोलाई देखेर तिनी मुग्ध भएर हाँसिन्, धेरै बेरसम्म हाँसिन् । फेरि छोरादेखि पनि रिस उठ्यो । जन्मेको तीनै महिनाभित्र बाबुलाई परदेश पठायो । अब बाबुको टाउको टोक्ने हो कि आमाको भनेर । शायद आमाको मनसाय बुझ्ेर होला, त्यो सानो बच्चा निद्रैमा प्याँ... गरेर रोयो । ठूली झसङ्ग भइन् । चुकचुक गरेर पिठ्यूँमा थपथपाएर सुताउन खोजिन् । तर बच्चा झन् जोडले रुन थाल्यो । ठूलीले बच्चा बोकेर ढाडमा थपथपाएर "होइन बाबालाई" भनी । आमाको छातीमा टाँसेर बच्चा फेरि निदायो । बच्चालाई फेरि भुइँमै सुताइन् । अनि बच्चालाई हाँसेको देखेर तिनी जिल्ल परिन् । दिउँसै जून लागिरहेको थियो । यसको एक महिनापछि घलेको चिठ्ठी आयो । त्यो दिन ठूलीले आँसु चुहाइन्- हर्षको आँसु । आफ्नो लोग्नेलाई समुद्र पारी कताकता परदेशमा पनि सञ्चै भएको खबर सुनेर । घलेको चिठ्ठी बरोबर आउँथ्यो । कहिले मलायाबाट सिङ्गापुर जाँदैछु भनेर, कहिले सिङ्गापुरबाट हङकङ पुगे भनेर, कहिले त मलायामै छु भनेर लेखेको हुन्थ्यो । ठूली पनि प्रत्येक पत्रको जवाफ समयमै पठाउँथिन् । पत्र आउँदा र पठाउँदा ठूलीलाई सन्तोष हुन्थ्यो, आफ्नो लोग्नेसँग नजिकै बसेर कुरा गरेको जस्तो लाग्थ्यो । तिनी एकान्तमा बसेर आफैले आफैलाई धेरै थोरै प्रश्न सोध्थिन् । घलेलाई किन मलाया जानुपर्‍यो ? आफ्नै नेपाल (काठमाडौं) किन मलाया भएन ? आफू जन्मेकै गाउँ किन हङकङ र त्यो डाँडापारीको टार किन मिडापुर भएन ? आफ्नै गाउँ हङ्कङ भएको भए तिनी लोग्नेलाई दिनहुँ तीहुन भात पकाएर ख्वाउँथिन् । त्यो पारीको टार सिङ्गापुर भएको भए तिनी सामल खाजा ओसार्थिन् । र नेपाल मात्र मलाया भइदिएको भए पनि दश पन्ध्र दिनको बिदामा घर आउँदा लोग्नेलाई कति अङ्कमाल गरेर म्वाइ खान्थिन् । तर सिङ्गापुर, हङकङ र मलाया कुन दिशामा छन्, तिनलाई थाहै थिएन् ।

ठूलीले गाउँका केटाहरू पढाउन बसेको शहरको माष्टरबाट सुनेकी थिई- 'नेपालबाट लाहुरे हुन जानेहरूलाई त्यहीका विद्रोहीरूहरूसँग लड्नुपर्छ आफ्नो प्राण हत्केलामा हालेर ।'

यो सम्झेर तिनको मुटुमा सियोको टुप्पाले च्वास्स घोचेको जस्तो लाग्यो। घले लाहुरे हुन गएको होइन, मर्न या मार्न गएको जस्तो लाग्यो। ऊ घर फर्किने हो कि होइन तिनले निश्चय गर्न सकिनन् । लोग्नेलाई लाहुर पठाएकोमा तिनीले आफूलाई धेरै धिक्कारिन्। आफ्नो गाउँ घर हङकङ नभएकोमा ठूलीले सन्तोषको सास फेरिन् । आफ्नो ६ महिने छोरोले शान्त वातावरणमा सास फेरेको देख्न पाइन्। अब छिटै ठूलो भई टुक्‌टुक् हिँडेको पनि देख्न पाउँछिन्। ठूलीले शून्य आकाशमा हेरेर प्रार्थना गरिन्- मेरो छोरोलाई ठूलो भएपछि लाहुरे हुन जान नपरोस्।

ठूली एक्लै हुँदा मनमा कुरा खेलाउँदै सोच्न पुग्थिन्- छोरो लाठे भएर बाबुसँग खेतमा आली नाएको, राते घरे साहुको नातिनीसँग विवाह गरेर दुलाहा बनेको, आफू मासू बनेकी, अनि नाति बोकेर मैसीलाई खोले पकाएकी । यत्तिकैमा दूधे छोरो खेल्दा खेल्दै प्याँ... प्याँ गरेर रोयो। तिनले उसको मुखमा स्तन चुसाई दिइन्।

चैत्र मसान्तको अघिल्लो दिन घलेको चिट्ठी आयो। डील पारीको बारीमा खेताला लाएर मकै छर्नु, बारीमा आलु रोप्नु, खर्च नभए मुखियासँग सापट लिनु, आमाको हेरविचार गर्नु भनेर लेखी पठाएको थियो । ठूलीले यी सबै काम पहिले नै सिध्याइसकेकी थिई। त्यसैले भोलिपल्ट बिहान सबेरै जवाफ लेखाएर पठाउने विचार गरी सुत्नलाई ओछ्यान मिलाइन्। पल्लो घरमा रेडियो बजिरहेको थियो।

घर सम्झी रोएको होला। डाँडा काटी गएको नेपाली ॥

०००

***तःमुंज्या स्मारिका ने.सं. ११३५ कौलाथ्व।***

*(२०७२ **कार्तिकमा पुनः प्रकाशित**)*

# गङ्गालाल

नागार्जुनको बाक्लो जङ्गलजस्तो पनि छ, नगरकोटको टुप्पो भन्नलाई यौटापनि दरबार छैन, चोभारको पाखो भनी अठोट गर्न फेदीको गल्छैंडोबाट बगेको खोलो देखिँदैन। यस्तै अज्ञात र अनभिज्ञ निर्जन ठाउँबाट म एक्लै हिंडिरहेको छु। शहर छोड्दा सलाई किन्न बिर्सेछु। त्यसैले तलतल लागे पनि विवश छु। चाहेर पनि नबसी म बेमनले अगाडि बढिरहन्छु। प... र उँभोबाट एक जना भरेको देखिन्छ। उसलाई देखेर अघिदेखि लागेको तलतलको उत्तेजना अरू बढ्छ। उसँग सलाई मागेर चुरोट सल्काउने विचारले ऊ आएको गोरेटोतिर म बढ्छु। काँधमा भोला बोकेको, गोरो, भर्खरको ठिटो त्यो मान्छेलाई देखेर एकछिन म अवाक् हुन्छु। आँखा पनि कत्रो! छाती उस्तै नाङ्लोजस्तो ठूलो, हातखुट्टा पनि ठूल्ठूला, हृष्टपुष्ट शरीरलाई सुहाउँदो किसिमको टाउको पनि भकुण्डोजस्तो ठूलो। मलाई चिनेको जस्तो गरी ऊ मुसुमुसु हाँसेकोले म साहस गरी सोध्छु- “दाइसँग सलाई होला कि ?”

ऊ मेरो प्रश्नको जवाफमा भोला छाम्छ। भोलाबाट ऊ सलाई भिक्छ। म आशा चुरोट सल्काउँछु। ऊ फुलमार चुरोट सल्काउँछ। मलाई ऊ बस्ने सङ्केत गर्दछ। म उसको छेउमै बस्छु। ऊ लामो सास निकालेर भोला भुइँमा राख्छ। उसको हँसिलो अनुहार देखेर मेरो जिज्ञासु मन उत्ताउलो हुन्छ- “भञ्ज्याङ पुग्न कति हिंड्नुपर्छ दाइ ?” ऊ जवाफमा हाँसेर लाटो भइदिन्छ। “दाइको घर कहाँ ?” म प्रश्नको सिलसिला जोडिदिन्छु।

“पहिले त नेपाल हो, अहिले...” ऊ बीचैमा कुरा टुङ्ग्याउँछ। म उसलाई सजिलैसँग लाहुरे सम्भिदिन्छु। नेपालमा जन्मेको ऊ लाहुर जाँदा उतैको रैथाने भइदिएको म अनुमान लगाउँछु, तैपनि कुरा ठाउँमा पुऱ्याउन म

सोधिहाल्छु- 'अहिले दाइको घर कहाँ ?'

ऊ आकाशमा चोर औंला ठड्याएर भन्छ- "उतैतिर हो ।" यो उत्तरको साथसाथै उसको अनुहार गम्भीर हुन्छ । पहिलेको हँसिलो अनुहारमा तुरुन्त परिवर्तन हुन्छ । म यसको अर्थ बुझ्दिनँ । अनर्थ मात्र देख्छु । मलाई किनकिन उसको नाम थाहा पाउने इच्छा जागृत भएर आउँछ ।

"म दाइको नाम थाहा पाउन सक्छु ?" ऊ सामान्य ढङ्गले जवाफ दिन्छ- "गङ्गे"

कस्तो गोठाले नाम । गङ्गाबहादुरलाई अपभ्रंश गरी 'गङ्गे' बनाएको हुनुपर्दछ भन्ने मेरो धारणा छ । त्यसैले बुजुकपन निकालेर भनिहाल्छु- "वास्तविक नाम गङ्गाबहादुर हो, दाइ ?"

ऊ जवाफमा मुन्टो हल्लाएर होइन, भन्छ । म नाम बताइदिन अनुरोध गर्दछु । ऊ मेरो आग्रहको मर्यादा राख्न आफ्नो नाम भनिदिन्छ- "गङ्गालाल" ।

मैले चिनेका गङ्गालालहरूमा ऊ चारौं नम्बरमा आउँछ । ऊभन्दा पहिले म चामल पसलेको छोरा गङ्गालाल, मेरो स्कूलको माष्टर गङ्गालाल र मेरो छिमेकी गङ्गालाललाई चिन्छु ।

एकछिन पछि ऊ गम्भीर भएर "गङ्गालालको नाम सुन्या छौ ?" भनी सोध्छ ।

म नढाँटिकन सुनेकोमात्र होइन, तीन जना गङ्गालालहरूलाई चिनेको पनि बताइदिन्छु । मेरो कुरा सुनेर ऊ झन् गम्भीर हुन्छ ।

"शहीद गङ्गालालको नाम सुनेका छौ ?" ऊ अर्को प्रश्न सोधिहाल्छ । स्कूलमा पढाएको गङ्गालालको छोटो जीवनीको मलाई सम्झना हुन्छ । त्यसैले म हलुकासँग टाउको हल्लाएर सकारात्मक जवाफ दिन्छु । ऊ नरम स्वरले बिस्तारै भन्छ- "म उही शहीद गङ्गालाल हुँ ।"

म छक्क परेर टुलुटुलु हेरिरहन्छु मात्र । म जन्मिनुअघि उहिले राणाहरूले गोली हानी मारिसकेको गङ्गालाल अहिले मसँग चुरोट तानेर गफ गरिरहेको छ । म उसलाई एकोहोरो हेर्छु । किन किन मैले तुरुन्त विश्वास गर्न सकिनँ । सायद मेरो भित्री आशय बुझेर होला ऊ अर्को प्रश्न थपिदिन्छ- "तिमीलाई

विश्वास लागेन ?"

उसलाई जवाफ दिन मसँग शब्दहरू छैनन् । अमुक भाषा बोलेर म लाटो भइदिन्छु । "नपत्याए पख" भनी ऊ गन्जी र कमिज एक एक गरी फुकालेर भुइँमा राख्छ । "यी मलाई यहीं गोली हानेको हो" ऊ छातीको घाउको खतलाई औंलाले छोएर देखाउँदै सोध्छ- "अब त तिमीले पत्यायौ ?"

साँच्चिकै उसको छातीमा गोलीजस्तै यौटा गोलो घाउको खत रहेछ । के मनमा आएर हो, म उसको छातीको खतमा छुन्छु । घाउ बिसेक भएर बसेको दागमा जस्तै म त्यहाँ खस्रोपन महसुस गर्दछु । के सोचेर हो, घाउको खतलाई देखाएर म सोध्छु- "यहाँ दुख्छ दाइ ?"

"तिमीहरूलाई सुख भए दुख्दैन, तिमीहरूलाई दुःख भए दुख्छ ।" एकछिन सोचेर ऊ जवाफ दिन्छ ।

"तिमीहरूलाई दुःख छ कि सुख छ ?" मेरो दुःखसुखसँग आफ्नो घाउको पीडालाई जोडेर ऊ सोध्छ ।

मलाई सही कुरा भन्न बेर लाग्दैन । अरू प्रश्नको जस्तै यसको जवाफ दिन गाह्रो हुँदैन । म छिटै भनिदिन्छु- "मलाई सुख भनेको थाहा छैन ।"

मेरो जवाफले उसलाई स्तब्ध तुल्याउँछ । त्यसैले ऊ ट्वाल्ल परेर हेरिरहन्छ । म फेरि जोड दिएर भन्छु "सत्य दाइ, मलाई असाध्य दुःख छ ।"

"तिमी के काम गर्छौ ?" ऊ मेरो व्यक्तिगत चर्चामा नजिक आएर सोध्छ ।

"जागिरे छु ।" अरूलाई दिने गरेको जवाफ दिन्छु ।

"तलब कति छ ?"

"पहिले एक सय, अहिले दुई सय रूपैयाँ छ ।"

मेरो जवाफमा ऊ जिब्रो टोकेर छक्क पर्दछ । लगतै रिसाएर सोध्छ पनि- "तिमी मान्छे हौ कि राक्षस ?" मलाई अचम्म लाग्छ । आफ्नो रूप एकपटक ऐनामा हेर्न मन लाग्छ । म राक्षस कि मान्छे ? एकछिन अकमकिएर शून्यमा बिलाउँछु ।

"भट्टीमा जाँड खाएर भएभरको तलब सिध्याउँछौ होला अनि दुःख पाउँछौ ?" ऊ रिसमा सास नरोकी भन्छ ।

मलाई यो आरोप असह्य हुन्छ । दालभात खान नपाउने म पैसा कहाँ पाएर

भट्टी जाऊँ। छोरालाई औषधीमूलो गर्न नसक्ने म के लिएर भट्टी पसूँ ? मलाई यो आरोपले रुन मन लाग्छ। त्यसैले रुन्चे स्वरमै प्रतिवाद गर्छु- "दालचामल किन्न नै पैसाले भ्याउन्न, कुन पैसाले भट्टीमा जाऊँ ?"

मेरो कुराले उसलाई तीनछक्क पार्छ। त्यत्रो रूपैयाँ चामल र दाललाई पुग्दैन भन्दा ऊ जिब्रो टोकेर हेरेको हेरै हुन्छ। म उसको अनुहारमा पश्चातापका चिह्नहरू देख्न थाल्छु। त्यसैले आवेगलाई नियन्त्रण गरेर नरम स्वरले सोध्छ- "के भाउ छ चामल ?"

म एक सासमा भन्छु- "दस रूपैयाँ पाथी छ।"

सायद मैले चामलको भाउ बढाएको जस्तो लागेर होला, ऊ पूर्वस्मृतिलाई कोट्याएर भन्छ- "चिनियाँ काजीले त दुई रुपैयाँ पाथी छ भनेको अहिले यत्तिको महङ्गो भइसक्यो ?"

म उसलाई हरचीज असाध्य महङ्गो भएको सविस्तार सुनाउँछु।

"आलु धार्नीको पाँच रुपैयाँ छ" भन्दा ऊ एकपल्ट फेरि मलाई गहिरिएर हेर्छ। मैले हेर्दाहेर्दै उसका आँखामा पीडाका अनुभवहरू छचल्किन्छन्। एक मनले उसलाई पीडा हुने कुरा सुनाएर बाहियात काम गरेको सम्झन्छु। अर्को मनले तुरुन्त वास्तविक कुरा बताएर ठीक गरेको महसुस गर्छु। मेरो दुःखको गाथा सुनेर उसको दुबै आँखा राता भएर आउँछन्। ओठ पनि काम्न थाल्छ। मलाई अचम्म लाग्छ।

बिरानो ठाउँमा के हुने हो भनी मनमा अलिकति झस्का पनि पस्छ। ऊ फैलिएको पञ्जालाई मुठीमा बन्द गर्छ। रिसाएर मसँग सोध्छ पनि- "हामीले गोली खाएको किन थाहा छ ?"

मलाई के थाहा ? उसले किन गोली खानुपरेको। तैपनि डराइ-डराइकन सोध्छु- "दाइलाई किन गोली हानेको ?"

"सबैले खान, लाउन, पढ्न पाउनुपर्छ भन्दा गोली हानेको" ऊ आवेशमा जुरुक्क उठेर फनफनी घुम्छ।

"खान लाउन नपाउँदा पनि तिमीहरूले केही भनेनौ ?"

के भन्नुपर्ने हो, कसैले मलाई सुनाएको छैन। भन्दैमा कसले खान लाउन ठीक पारिदिन्छ। त्यसैले म आफ्नो अनभिज्ञता प्रकट गर्छु- "भन्दैमा कसले

खान लाउन दिन्छ दाइ ?"

म उसको भनाइमा विश्वास गर्न सक्तिनँ । त्यत्रो मान्छेले भनेकोमा अविश्वास गर्न पनि मन लाग्दैन । त्यसैले विश्वास र अविश्वासको माझमा उसलाई मात्र हेरिरहन्छु । ऊ भने प्रश्नमाथि प्रश्न, कुरामाथि कुरा थप्दै जान्छ- "तिमीहरूलाई थाहा छैन ? संसारमा कति खुवाउन सक्ने जन्मिसके ।"

मलाई यो कुरा थाहा नभएको बताइदिन्छु । यतिमात्र होइन, अरूले पनि नसुनाएको जानकारी दिन्छु । यो कुरा साँचो भए, खुवाउन सक्ने जन्माउन थुप्रै मान्छे तयार हुनसक्ने सम्भावना पनि व्यक्त गर्छु । मेरो आशय बुझेर होला ऊ मुसुमुसु हाँस्न थाल्छ । यस्तो मौका छोपेर म उसलाई एकपल्ट फेरि आउन निम्तो दिन्छु । तर, ऊ जोडले हाँसेर आएको बाटो फर्कन्छ । म पनि जोडले कराएर भन्छु- "नबिर्सिकन आउनुहोस् है दाइ, म भूगोलपार्क अगाडिको गङ्गापथमा पर्खिरहन्छु ।"

म निद्रामा कराएकाले होला सँगै सुतेकी मेरी श्रीमती मलाई ब्यूँझाएर सुनाउँछे- "सुतिरहँदा पनि कसलाई बोलाएको । दिउँसो पनि दुई जना मान्छे बोलाएर ल्याएर एक माना चिउरा र एक मोहरको तरकारी खुवाउनुपर्‍यो । कसलाई बोलाएको ? आयो भने म त पाहुना सत्कार्न सक्तिनँ । आफ्ना भुराभुरी खान नपाएर..." । म अक्मकिएर श्रीमतीलाई चूप लाग मात्र भन्छु ।

ooo

*(शहीद सप्ताह २०५८ माघ १३ गते । "कान्तिपुर" दैनिकमा पुनः प्रकाशित)*

# ठूलो मान्छे

आज बिहानैदेखि अस्पतालको चहलपहलै अर्कै थियो । सबै जना व्यस्त थिए- तलमाथि गर्दै र भित्र-बाहिर गर्दैमा । म सुतेको कोठामा पनि डाक्टर र नर्सहरू साथै कहिलै नदेखिएका अनुहारहरू, अपरिचितहरू आइरहे, गइरहे ।

त्यस दिन दूधको स्वाद पनि नौलो थियो । दूध पनि बाक्लो । तरैतरले ढाकेजस्तो । बिस्कुट पनि आकारमा ठूल्ठूला र सङ्ख्यामा हिजोअस्तिको भन्दा दोब्बर थियो । दूध पिउन भ्याएको थिइनँ । बिस्कुट चपाएर निल्नै पाएको थिइनँ । तातो पानीले भरिएको बाल्टिन लिएर अगाडि उभिएकी नर्सले भनिन्- "बिरामी मान्छे फोहरी भएर बस्नुहुँदैन, बरोबर नुहाउनुपर्दछ ।"

मलाई अचम्म लाग्यो । कानले पनि केके सुन्नुपर्दो रहेछ भनेजस्तो लाग्यो । सूर्य पूर्वबाट उदाएको हो कि पश्चिमबाट- निक्यौंल गर्न पनि गाह्रो भइरहेको थियो । त्यसैले कोठाको चारैतिर हेरैं । सबै आ-आफ्ना ठाउँमा पहिलेजस्तै थिए । मैले आफ्नो बेड नियालें । बेड जहाँको त्यहीँ थियो । अगाडि हेरैं । अगाडिको बेडमा त्यही बिरामी हिजोअस्तिजस्तै निस्तेज अनुहार लिएर अडेस लाएर बसिरहेको थियो । बिहानको न्यानो घाम पूर्वको झ्यालबाटै उदाएको थियो । दृष्टिदोष पटक्कै होइन ।"

बिहानदेखि अस्पतालमा चहलपहल निकै बढिसकेको थियो । सुकिलो लुगा लगाएकाहरू, चहकिला अनुहार बोकेकाहरू, फरासिला धेरै स्त्री-पुरूषहरू ओहोर-दोहोर गरिरहे । सबै उत्सुक र चनाखा थिए ।

मेरो मनमा अनेक कुरा खेल्न थाले- "यी ठूला मान्छेहरू सधैं किन अस्पताल आउँदैनन् ? सधैं नभए पनि बरोबर आउने जाने गरेको भए वा ठूलो मान्छे अस्पतालको दायाँबायाँ बसेर अस्पतालको क्रियाकलाप नियालिरहेको

आभास सबैका मन-मस्तिष्कमा पार्न सके मैले दूधको स्वाद, बिस्कूटको आकार-प्रकार र सङ्ख्यामा फरक पाउनुपर्ने थिएन । सबैले आ-आफ्ना दायित्वबोध गरे सूर्य कुन दिशाबाट उदायो भनेर भ्रममा पर्नुपर्ने थिएन ।"

मेरो मनमा थरीथरीका कुरा खेल्दै थिए । त्यसै बेला ठूला मान्छे गलाभरि माला लाएर मेरै कोठामा पसे ।

ooo

(*मधुपर्क मासिक, २०६६ माघ*)

# सम्बन्ध विच्छेद

उसको मनमा अन्तरद्वन्द्व चल्छ । उसलाई लेखिनु नपर्ने चिठ्ठी लेखिएछ । पठाउनै नपर्ने पत्र पठाइएछ । त्यसैले जाउँ कि नजाऊँ, ऊ निर्क्यौल गर्न सक्दैन । खाममा आफ्नै नाम रामबहादुर श्रेष्ठ कम्प्युटर टाइप गरेर टाँसिएको छ । ठेगाना पुरानो बानेश्वर घ.नं. ७०९ सबै आफ्नो हुलियासँग मिलेकाले झन् अन्यौलमा पर्छ । रामबहादुर आफ्नो पत्र होइन भनी नकार्न पनि सक्दैन । तर किन लेखियो ऊ ठम्याउन सक्दैन । यस्तो पत्र त अपराध गरी लुकीछिपी, भागी हिँड्नेलाई पो लेखिन्छ । ठगी गरी अर्काको सम्पत्ति हडप्नेलाई पो पठाइन्छ । भ्रष्टाचार गरी अकूत सम्पत्ति आर्जन गर्नेलाई पो प्रेषित गरिन्छ ।

साँझ, बिहान, दिउँसो निर्भयसँग हिँड्डुल गर्ने रामबहादुर अपराधी हुँदै होइन । अर्काको सम्पत्ति कुकृत्य गरी कमाएको भनौँ भने उसको छानो चुहिने घर हेर्दैमा थाहा पाइन्छ । भ्रष्टाचारी भनेर बोलाइएको होला भनौँ भने भ्रष्टाचारजन्य पदमा उ कार्यरत छैन । भ्रष्टाचारी भनेर बोलाइएको होला भनौँ भने भ्रष्टाचार गर्ने या शक्तिको दुरूपयोग गर्ने कुनै काम गरेको जस्तो लाग्दैन उसलाई । उसको काम हाकिमले भनेको बेला चिया पकाएर टक्र्याउने । अफिसबाहिरका ठूलाठूला देशीविदेशीहरू काम विशेषले भेटघाट गर्न आउँदा कफी बनाएर दिने । भ्रष्टाचारजन्य क्षेत्र र काम भनेको चिया, चिनी र कफी होइन । चिया, चिनी, कफीमा भ्रष्टाचारको गन्ध आएर पत्र पठाएको हो कि जस्तो पनि लाग्छ एक मनले ।

शक्तिको दुरुपयोग त रामबहादुरले बेला मौकामा गरेको छ । पाँच कप चिया बनाउन अह्राउँदा आफूलाई समेत पुग्ने गरी ६ कप बनाएर आफ्नो हातमा भएको डाडुपन्युको अलिअलि दुरूपयोग गरेकै हो । यति मात्र होइन

कहिलेकाहीँ घाँटी सुक्दा र आलस्य हुँदा आफूलाई मात्र छुट्टै एक कप चिया बनाएर पिउँछ, रामबहादुर ।

शक्तिको दुरूपयोग गरेर चियाकफी बढी पिएकोमा भ्रष्टाचारको मुद्दा लाग्न सक्दैन भन्ने कुरामा रामबहादुर विश्वस्त छ किनभने चिया, कफी बनायो, खायो, पियो... गरेर फाल्यो, सकियो । पछिसम्म यसको सञ्चय हुँदैन र प्रमाणको रूपमा यसलाई लिन सकिँदैन । खाएर, पिएर, लाएर... गरेर फालेर पनि बढी जिन्सी नगदी संचित हुँदै गएमा पो शक्तिको दुरुपयोग र भ्रष्टाचारको आक्षेप लाग्न सक्छ ।

तर भ्रष्टाचारीहरूलाई जेल चलान गर्ने र भ्रष्टाचारीलाई उन्मुक्ति दियो भनेर आक्षेप खेपिरहेको अदालतले सात दिनभित्र हाजिर हुन आउनु भनेर उसलाई किन पत्र काट्यो उसले बुझ्न सकेको छैन ।

पत्र प्राप्त भएको आज पाँचौँ दिन हो । भोलि र पर्सीभित्र कसैगरी अदालतमा हाजिर हुन जानुछ उसलाई । हगुँ न मुतुँको अवस्थामा छ रामबहादुर । मनभरि चिन्ता र तनभरि पीडा छ उसलाई । रामबहादुर साथीसँगातीहरूसँग सल्लाहसाहुती गर्छ । राममायासँग मिलेर कारणको खोजी गरौँ भने उनीहरूबीच केही समयदेखि तँ तँ र म म चलिरहेकोले ऊ धेरैजसो माइतीमै बस्छे । विभिन्न मान्छेहरूको थरिथरिको मत । मुखैपिच्छे फरक सोच ।

'अपराधजन्य केही काम गरेकै छैन भने किन हाजिर हुन जाने ?'

'अदालतको अवहेलना गरेको भन्दै पुलिसले पक्रेर लान सक्छ'

'सबै कुरा बुझेर मात्र हाजिर हुनुपर्छ'

हाजिर हुन जाँदैमा के पो बिग्रिन्छ ।

समयमै हाजिर हुन जाने सबैको एक मतले ऊ अदालतमा हाजिर हुन जाने निधो गर्छ ।

बिहानैदेखि रामबहादुरलाई असजिलो महसुस हुन्छ । नौलो ठाउँमा नौलो मान्छेले नौलो कुरा के के सोध्ने हुन् । यसैको सेरोफेरो उनको मनमस्तिष्क घुमिरहेको छ । बोलाउनुको कारण अवगत भएको भए थोरबहत तयार गरेर जानुहुन्थ्यो । त्यस्तो खैखबर, कारण केही उल्लेख छैन पत्रमा । त्यसैले ऊ 'रामभरोसा' भनेर दुई, तीन जना साथीहरू लिएर अदालतमा प्रवेश गर्छ ।

उसलाई अचम्म लाग्छ । विश्वासै गर्न नसकिने अचम्म । दृष्टिदोष भएको हो कि जस्तो लाग्छ । उसले आँखा नचाउँदै बल गरेर हेर्‍यो- 'उसकी श्रीमती छोरा प्रतीकलाई बोकेर उभिइरहेकी, साला र साली मेचमा बसिरहेका । अरू अपरिचितहरू दायाँबायाँ हिँडडुल गरिरहेका । छोरा प्रतीक उसलाई देखेर दौडेर आउने असफल प्रयास गरिहेको भान हुन्छ । रामबहादुरलाई उभिरहन पनि हम्मेहम्मे पर्‍यो । के हो यो सब ?

अदालतको स्रेष्तादारले उपस्थिति पुस्तिकामा रामबहादुरलाई सही गराउँछ । आफ्नो कार्यालयभन्दा अन्यत्र सही गरेको यो पहिलो घटना हो रामबहादुरको निम्ति । उसको हात काम्छ । कामेको हातले सही गर्दा अक्षर पनि मातेको जस्तो देखिन्छ ।

'राममाया को हो ? यता आउनुस् त' स्रेष्तादार राममायाको खोजी गर्छ । राममाया पनि अगाडि गएर उपस्थिति पुस्तिकामा सही गर्छे । हुन लागेको के हो ? गर्न खोजिएको के हो ? रामबहादुर केही बुझ्दैन । चारैतिर आँखा डुलाएर वास्तविकता बुझ्न प्रयत्न गर्छ । सबैजना परिणाम थाहा पाउन व्यग्र भएका जस्तो महसुस हुन्छ । सालीसँग बसिरहेको छोरा प्रतीक ऊ कहाँ आउन लालायित भएको भान हुन्छ । छोरा प्रतीकलाई हेर्छ । प्रतीक मायाको याचना गरिरहेको प्रष्ट थाहा हुन्छ । ठाउँ, परिस्थितिको ख्यालै नगरी ऊ जुरुक्क उठेर गएर सालीको हातबाट छोरा प्रतीकलाई खोस्छ । छातीमा टाँस्छ, अनगिन्ती म्वाइ खान्छ, भावविह्वल हुन्छ र आँखाको डिलबाट आँसुको मसिनो धर्सो निस्किन्छ । बाबुको छातीमा टाँसिन पाएर छोरो हातखुट्टा हल्लाई हल्लाई नाच्छ । आँ... उँ... गरेर उन्मुक्त गीत गाउँछ । एकछिन अदालतको परिस्थिति संवेदनशील हुन्छ ।

स्रेष्तादार रामबहादुरसँग सोध्छ- 'राममाया तपाईकी श्रीमती हो ?'

'हो' को सङ्केतमा रामबहादुर टाउको हल्लाउँछ ।

'मैले बोकेको यो बच्चा छोरा हो र मेचमा बसिरहेका सालासाली हुन् । एकजनाको परिचय माग्दा रामबहादुर अरू चार जनालाई एकै चोटी चिनाउँछ ।

छोरा बोकेर उठ्बस् गरिरहेको रामबहादुर सबैको केन्द्रविन्दु बन्छ । नजानिँदो पाराले एकैछिनमा धेरैको सहानुभूतिको पात्र बन्न सफल हुन्छ । श्रीमती उसको

अँगालोबाट छोरालाई तान्न खोज्छे तर ऊ छोरालाई अझ बेसकन अँगालोमा कस्छ। दर्शक श्रोताहरू के हुन् लागिरहेछ भन्ने नबुझेर टोलाउन थाल्छन्।

वस्तुस्थितिको अध्ययन गरिरहेका न्यायाधीश चारैतिर आँखा डुलाएर रामबहादुरसँग सिधा प्रश्नको सिधा जवाफ खोज्छन्।

तपाईले श्रीमतीलाई खानलाउन दिनुभएन रे ! त्यसकारण तपाईंसँग बस्न सक्दिनँ भनेर सम्बन्ध विच्छेदको निम्ति अदालतको सहयोग खोजेकोमा तपाईंको भनाइ के छ ?"

कुरा यहाँसम्म पुगिसकेको रामबहादुरले सुइँकोसम्म पाएको रहेनछ। घटनाको हदम्याद नाघिसकेको न्यायाधीशको मुखबाट सुनेपछि मात्र थाहा पाउँछ रामबहादुर। आफूले व्यक्त गर्न नसकेर दोस्रो व्यक्तिको मुख खोल्न लगाइएको रहेछ। रामबहादुरलाई भाउन्न होलाजस्तो हुन्छ। उभिरहन मुश्किल हुन्छ। अनियन्त्रित उसको शरीर भुइँमा बजारिन्छ। ऊ शून्यमा बिलाउँछ। बल गरेर च्यापिरहेको प्रतीक पनि उसको नियन्त्रणबाट फुत्किन्छ। मौका पाएर राममाया प्रतीकलाई सम्हाल्न पुग्छे। रामबहादुर अर्धचेतमा चारैतिर आँखा डुलाउँछ। एक जनाले उसलाई पानी पिउन दिन्छ। आँत भिजेपछि रामबहादुर लामो साँस फेर्छ। कार्यालयको समय निखिएकोले बयान लिनेदिने काम अर्को दिनलाई थाँती राख्छ।

त्यो साँझ रामबहादुरलाई खान पिउन मन लागेन। पकाउने जाँगर नचलेकोले पनि भोक नलागेको हो। उसलाई निद्रा लागेन। अनिँदो रातमा उसको मन व्यथित हुन्छ। कस्तो सपना देखेको थियो। विपनामा अर्कै देखियो।

विवाहको सुरुआतमा उनीहरूको दैनिकी राम्रै चलेको थियो। कुनै चिजको पनि अभाव थिएन। राममायाले आउँदा आफ्ना दुई चार जोर नयाँ पुराना लुगाफाटा ल्याएकी थिई। बेलामौकामा जोहो गरेर राखेकी दुईचार हजार रुपैयाँ र एकदुई तोला सुनको गहना पनि लगाएर आएकी थिई। रामबहादुर पनि आफ्नो तलबको सुका मोहर हिसाब गरेर राममायाको पोल्टामा राखिदिन्थ्यो। राममाया पनि पैसाको जोडघटाउ गरी गरी घर व्यवहार चलाउँछे। उनीहरूको दैनिकी यसरी चलेको थियो।

राममायालाई सानोतिनो काममा अल्मल्याउन पाएमा हुने आम्दानीबाट घर खर्च चलाउन सजिलो हुने ठानेर दुईचार ठाउँमा कुरा चलाएको थियो । आफ्नै अफिसमा घुसाउन पाए राम्रो होला भनेर कुरा पनि चलायो । एकै ठाउँमा काम पाए श्रीमतीलाई अफिसको सरसफाई, चिया, कफी पकाउने र बाँड्ने काममा लगाउने र आफू चिठ्ठीपत्र पुऱ्याउनेमा लाग्ने सोचाइ थियो । आहा ! कस्तो मिठो सपना । उसले हाकिमसँग अनुनयविनय गऱ्यो तर 'दरबन्दी छैन' भन्ने एक वाक्यमै उसको सपना टुट्यो । कुनै प्रकारले अल्झाउन निवेदन गऱ्यो, तर अर्को एक वाक्य 'बजेट छैन' ले उसको सपना चकनाचुर भयो । अन्त पनि कुरा चलायो । उसले आश्वासन धेरै पायो तर काम कतैबाट पाएन ।

राममायालाई आफ्नो कामप्रति आफ्नै गुनासो पलाएर आउँछ । पुतलीको विवाह जस्तो लाग्यो आफ्नो विवाह । जीवनमा पहिलो पल्ट काँचुली फेरेको जस्तो लाग्छ । आफ्ना बाल सखाहरूको विवाहपछिको लवाइखवाइ र आफ्नो स्थितिमा धेरै भिन्नता पाउँछे । त्यस्तै उनीहरूका लोग्नेहरूको पहिराइ हिँडाइ र बोलाइमा पनि कस्तो मिठास र आकर्षण पाउँछे उनी । ठीक यसको विपरीत आफ्नो लोग्नेको बोलाइमा कर्कश स्वर र लवाइमा विकर्षण भेटाउँछे । सरकारी युनिफर्ममा विकर्षण हुनु नपर्ने हो । निर्धारित समयमा तोकिएको ठाउँमा मात्र लगाउँदा यसको शान नै अर्को हुन्छ, तर बेला कुबेलाको ख्याल नगरी लगाउँदा यसको उपहास हुन्छ । वास्तवमा भन्ने हो भने उनीहरूको दुई वर्षको वैवाहिक जीवन पट्यारलाग्दो बन्यो र धेरै वर्ष बिताए जस्तो पनि भयो ।

राममायाका साथीहरू प्रायः सबै हुनेखाने खालका छन् । ऊ मात्र हुँदा खाने जस्ती छे । कुरै कुरामा बालसखाहरू सामु आफू भाग्यले ठगिएको भनी प्रस्तुत हुन्छे । सारीको सप्कोले आँसु पुच्छे । दुई गाँस बढी खान, दुई टुक्रा मिठो खान प्रत्येक महिनाको सङ्क्रान्तिको प्रतीक्षा गर्नुपर्ने भनी बिलौना गर्छे । बेला मौका भावुक भएर वक् फुकाइहाल्छे- 'काखे छोराको विजोग होला भनेर मात्र । नत्र...'

उनको दुखेजिलो कथा व्यथा सुनेपछि साथीहरू राममायाप्रति सहानुभूति प्रकट गर्छन्,- 'जीवन सुखदुःखको चक्र हो । दुःखपछि सुखको पालो आउँछ । तर धैर्य गर्नुपर्छ । सुखमा मात्तिनुहुँदैन, दुःखमा आँत्तिनुहुँदैन ।'

अफिसबाट रामबहादुरले महिनावारी बुझेर ल्याएको तलब सबै राममायालाई बुझाइदिन्छ । शुरूमा त राममाया लोग्नेको आम्दानी हातमा पाउँदा दङ्ग पर्थी, तर खर्च गर्दै जाँदा महिना नघाउन जहिले पनि धौधौ पर्थ्यो । मुठी कसेर खर्च गरे मात्र घर खर्च धानिन्थ्यो । भैपरि आउने रीतिरिवाजको व्यवहार चलाउनर एकसरो लुगाफाटा किनियो भने आधा महिनामै सकिन्थ्यो एक महिनाको तलब ।

'यस्तो जीवन कहिलेसम्म बिताउने ? राममाया आफैले आफैलाई प्रश्न गर्छे । राममाया सोच्छे । मन डुलाउँछे । तर 'कहिलेसम्म' को जवाफ पाउँदिन । व्यापार चलाउन सीप र पूँजी भएको भए यसको जवाफ पाउन सकिन्थ्यो होला । मनग्गे घरखेत भएको भए यो प्रश्न उठ्ने नै थिएन, तर रामबहादुर एक्लोको जागिरको भरले यस्तो जीवन धेरै लामो समयसम्म बिताउन पर्ने उसको ठम्याइ छ अनि दिउँसो नै उनको आँखा धमिलो हुन्छ । सोच्दासोच्दै भविष्य अन्धकार देख्छे । उज्यालो खोज्न गएकी उसलाई साथी संगिनीहरूबाट सहानुभूति प्राप्त हुन्छ । 'विचरी' शब्दबाट विभूषित हुन्छे । कहिलेकाहीँ साथीहरूले चिया, नास्ता ख्वाउँछन्, पिलाउँछन् ।

केटाकेटीदेखि सँगै खेली बढी हुर्केकी एक अर्काको कुरा मिलेको कारण साथीहरू राममायालाई चुलोचौकाको काममा लगाउन चाहँदैनन् । लताकपडा धुने पखाल्ने काममा लगाउन त मनले नै मान्दैनन् । साथीहरू पनि द्विविधामा थिए । उनीहरू पनि असमञ्जस्यमा थिए । के गर्ने ? के नगर्ने ?? निक्यौल गर्न सक्दैनन् । तर गर्न त केही गर्नु नै पर्ने भइसक्यो । एकजनाले कुरा चपाइचपाइ मुख खोलिन्- खाने लाउने उमेरमा खान लाउन पाएन भन्ने यस्तो जिन्दगी के... ?'

दोस्रोले खुलस्त बकिन् - 'खान लाउन दिन नसक्ने लोग्नेको पछि कहिलेसम्म लाग्ने ? बरू अर्कैसँग विवाह गर्नू । रूप छ, रंग छ, जवानी छ । धेरैले पत्याई हाल्छन् ।'

यस्तो अनपेक्षित कुरा सुनेर राममायालाई रिंगटा लाग्छ । दुवै आँखा बन्द गर्छिन् । एकछिनपछि आँखा खोलेर सोच्छिन्, 'यस्तो कुरा सुन्नु अगाडि किन

कानको जाली नफुटेको ? जाली फुटेको भए सुन्नुपर्ने थिएन। सुने पनि अस्पष्ट सुनिन्थ्यो र अर्थनबर्थ हुन्थ्यो।'

उसको कानको जाली फुटेको थिएन। सद्दे नै थियो। त्यसैले बोलिएको कुराको अर्थ स्पष्ट थियो- 'खान लाउन दिन नसक्ने लोग्नेको पछि कहिलेसम्म लाग्ने ? बरू अर्कैसँगै विवाह गर्नू। रूप छ, रंग छ, जवानी छ। धेरैले पत्याई हाल्छन्।'

राममाया तर्क बितर्क गर्छे - 'रूप, रंग, जवानी देखाएर अर्को नाठोको पछि लागे रामबहादुरले के सोच्ला ?'

उसको निष्कपट छवि अगाडि आउँछ - 'बिहान समयमै उठेको, किनमेल गर्न बजार गएको, भान्छामा श्रीमतीलाई सघाएको र खाना तयार भएपछि छोरा प्रतिकलाई ललाई फकाई ख्वाएको। बाँकी भएको रूखासुखा, मिठो नमिठो सँगै बसेर खाएको, अनि म गएँ है भनेर अफिस हिँडेको।'

राममायाको सोचको शृङ्खला लम्बिँदै जान्छ - 'अफिसबाट फर्केपछि हामीलाई घरमा नपाउँदा कस्तो होला ! अनिँदो रातमा धेरै समयसम्म दुःख सुखको कुरा गर्ने मान्छेले कोसँग कुरा गरेर रात बिताउँछ ? खाना कसले पकाई दिन्छ... ?'

प्रश्नको जवाफ नआएकोले तेस्रो साथी सोध्छिन् - 'तिम्रो के विचार छ राममाया ? के सोचिरहेकी।' जवाफमा उनी अक्मकिन्छे। शून्यमा बिलाउँछे। 'पोइलो गएपछि लोग्नेको के होला। भनी सोचेकी होली अर्को साथीले अनुमान लगाइन्।

केही हुँदैन राममाया। दुई, चार दिन न्यास्रो लाग्ला। एक्लोपन महसुस हुन्छ। खाना पकाइ खान गाऱ्हो मान्छ। केही दिनपछि त बानी परिहाल्छ।'

'बानी परेन भने, एक्लोपन महसुस गरेर भौतारिएर हिँडे भने, छोरा र पोइलो गएकी स्वास्नीको सम्झनाको भूतले पछ्याइरह्यो भने... राममायाको मनमा अनेक शङ्का उपशशङ्काहरू उठ्छन्।

'दुईचार दिन दैनिकी काममा असन्तुलन भएमा केही फरक पर्दैन। छोरा मान्छे हो, त्यस्तै परे अर्की ल्याइहाल्छ' दुई तीन जनाले एकै मुखले एउटै कुरा भनिन्-

'त्यस्तै परे अर्की ल्याइहाल्छ' सबैले समस्या हलको केन्द्रविन्दु यसैलाई माने ।

अर्को दिन रामबहादुरले खान लाउन नदिएको अत्तो थापी सम्बन्ध विच्छेदको माग गरी राममायाले अदालतमा निवेदन दिई ।

पहिलो दिन समयाभावको कारणले अर्को दिनलाई मुल्तविमा राखिएको 'सम्बन्ध विच्छेद' को मुद्दाको सुनवाई हुने थाहा पाएर आज अलि भीड बढेको छ । रामबहादुरप्रति सद्भाव राख्नेहरूको जमात पनि बाक्लै छ । 'रामबहादुरको जस्तै समस्याले जेरीजस्तै जेलिएका दर्शकहरू अनगिन्ती छन् ।

न्यायाधीश अघिल्लो दिनकै प्रश्न सोधेर बहस शुरू गर्छन् - तपाईंकी श्रीमती राममायालाई तपाईंले खान लाउन दिनुभएन रे ! त्यसकारण तपाईंसँग बस्न सक्दिनँ भनेर 'सम्बन्ध विच्छेद' निम्ति अदालतको सहयोग खोजेकोमा तपाईंको के भन्नु छ ?

'न हो भनौँ न होइन भनौं' तलबको सुकामोहरको समेत हिसाब गरेर हातमा थम्याइएकी स्वास्नीबाट यस्तो परिस्थितिको सामना गर्नुपर्ला भनेर रामबहादुरले सोचेकै थिएन । ऊ कार्यालयको सबभन्दा तल्लो तहको वर्गविहीन कर्मचारी । ऊ कुन परिस्थितिमा बाँचिरहेको छ । उसैलाई थाहा छ । घर व्यवहार चलाउन स्वास्नीलाई धौ धौ परेको अवस्थाको ऊ ज्ञाता नै हो । लाउने खाने उमेरको मान्छेलाई उनको चाहना पूरा गरिदिन नसक्नु उसको बाध्यता हो । स्वास्नीको मन राख्न उ बेला मौकामा भन्छ- यसपालि तलब बढ्ने हल्ला छ । तलब बढ्यो भने अलि राहत मिल्छ होला ।'

न्यायाधीशको प्रश्नको उत्तर आउन ढिला भएकोले स्रेस्तादार उसलाई सम्झाउँछ - 'श्रीमान्‌ले के भन्नुभएको हो सुन्नुभयो कि सुन्नुभएन ?'

'सुनैं सुनैं, सुनिनँ सुनिनँ ऊ तन्द्राबाट ब्युँझिए जस्तै गरेर बोल्छ । कुरा त रामबहादुरले सुनेको पनि हो बुझेको पनि हो । वास्तवमा भन्ने हो भने उसले अघिल्लो दिन नै सबै बुझेको थियो । अनपेक्षित स्थिति देखेर उसको मानसिक सन्तुलन अनियन्त्रित भएको थियो, तर आज संयम साथ परीस्थितिको

मुकाबिला गर्ने अठोटका साथ आएको ऊ निडर भएर भन्छ- 'कसले भन्छ खान लाउन दिएन भनेर ? आम्दानी अनुसार खान दिएको छु। लाउन दिएको छु। सम्पूर्ण तलब श्रीमतीकै हातमा दिएको छु, श्रीमान अरू के भनूँ।

तपाईंको पक्षमा बहस गर्ने वकिल राख्नुभएको छ ?' न्यायाधीश रामबहादुरसँग प्रश्न गर्छन् ।

रामबहादुर ठाडो जवाफ दिन्छ - 'सत्य तथ्य बोल्न आफ्नै मुख भए पुग्छ। दोस्रो मुखबाट बनावटी कुरा बकाउनु छैन श्रीमान् ।'

रामबहादुरको जवाफले अदालत रोमाञ्चित थलोको रूपमा रूपान्तरण भएको हो कि जस्तो लाग्छ धेरैलाई । ऊ जस्तै जागिरेहरूको आँखामा चमक छाउँछ। आफ्नो कार्यालयको साथीहरूको उपस्थितिले उसलाई हौसला मिल्छ। ऊ चारैतिर आँखा घुमाउँछ।

चारपाँच जना आइमाईहरूसँग बसेकी श्रीमतीलाई घुरेर हेर्छ। ऊ उत्तेजित हुन्छ। दुखजिलो गरेर बिताएको क्षणको सम्झना हुन्छ। ऊ अनियन्त्रित हुँदै गएको आफैलाई थाहा हुँदैन । चारैतिर आँखा डुलाएर चिच्याउँछ - 'तँलाई खान लाउन दिएँ कि दिइनँ अगाडि आएर भन ।'

रामबहादुर चिच्याएको सुनेर सबै आपसमा मुखामुख गर्छन्। गाइँगुइँ कुरा गर्छन् । वातावरण अदालतको मर्यादाबाट बाहिर जान लागेकोले न्यायाधीश सबैलाई शान्त हुन अनुरोध गर्छन्। 'अर्डर अर्डर' भनी टेबिल ठटाउँछन् ।

एकैछिनमा वातावरण शान्त हुन्छ। परिस्थिति सहज भएपछि न्यायाधीश रामबहादुरसँग अर्को प्रश्न सोध्छन् - 'तपाईं सरकारी कर्मचारी हो ?'

"हो, श्रीमान् । सबभन्दा तलो तहको वर्गविहिन कर्मचारी" ऊ एक शब्द पनि तल माथि नपारेर, सत्य तथ्य बोल्छ।

'चिया कफी बनाएर सबैलाई पिलाउने भित्री काम र चिठ्ठी पत्र बुझाउन लाने बाहिरी कामको जिम्मेवारी पूरा गरिरहेको कर्मचारी हुँ, श्रीमान् ।'

बहसको बुँदा बुँदा टिप्दै गरेका न्यायाधीशको कलम रोक्छ। मसी सकिएर रोकिएको होइन । गाँठी कुरा नबुझिएर हात नचलेको पनि होइन । नौलो केस अदालतमा बहसको लागि पेश भएकोले उनी असमञ्जसमा परेर हात

अगाडि नबढेको हो । यसको फैसला नजिरको रूपमा पछिसम्म अदालतमा सुरक्षित हुने हुनाले उनी सतर्क हुन्छन् । न्यायाधीश आफ्नै कार्यालयका तल्लो तहका कर्मचारीहरूले यस्तै समस्या अर्कै शब्दमा व्यक्त गर्ने गरिएका घटनाहरू सम्झन्छन् ।

'साधारण रूपले खान, लाउन र जिउन पनि गाऱ्हो हुने कस्तो जागिर खाएको भनी श्रीमती घुर्की लाउँछे ।'

'यस्तो जागिरमा अल्झिरहनुको सट्टा उहिले नै साउदी, मलेशिया या अन्यत्र गएको भए केही न केही त बन्दोबस्त भइसक्थ्यो होला भनी श्रीमती दुखेसो पोख्छे ।'

एक जनाले त कस्तो चोटिलो भाषा बोलेको थियो- "तलबले मात्र गर्जो टार्न साऱ्है गाऱ्हो भयो श्रीमान् । यसो कहिलेकाही हामीलाई पनि..." उ अगाडिको सबै कुरा पेटमै निल्छ, तर न्यायाधीश उसले निलेको कुरा ओकली ओकली चपाइरहन्छन् ।

'मोरालाई सबै भित्री कुरा थाहारहेछ कि । भागबन्डाको माग गरेको हो कि ! अचेल कर्मचारी युनियन धेरै भएकाले नानाथरिका नौला नौला मागहरू पेश गर्ने गरेका छन् ।'

तर युनियन मार्फत् आएको माग नभएकोले उनी यसमा खतरा देख्दैनन् । उनी ढुक्क हुन्छन् र कर्मचारीलाई घुरेर हेर्छन् ।

स्रेस्तादार राममायालाई बोलाउँछ। न्यायाधीश प्रश्न सोध्छन् - "स्वइच्छाले श्रीमान्सँग सम्बन्ध बिच्छेद गर्न खोज्नुभएको हो ?"

'आधा पेट खाएर, एक सरो लुगा लाएर कहिलेसम्म त्यस्ता श्रीमान्को पछि लागूँ त म ?' राममाया न्यायाधीशसँग प्रतिप्रश्न गर्छे ।

न्यायाधीशलाई बहस अगाडि बढाउन आवश्यक लागेन । मूलभूत कुरा सतहमा आइसकेको छ । 'स्वदेशमा रोजगारी नहुँदा विदेशमा जान बाध्य हुनु । रोजगारी पाउनेहरूलाई पनि न्यूनतम आवश्यकता पूरा गर्न तलबको कमी हुनु ।'

'परालको आगो' हुन नसकेका लोग्ने स्वास्नीको झगडाको फैसला न्यायाधीशले सहज ढंगले धेरै पल्ट गरिसकेका छन् । सम्भ्रान्त परिवारको लोग्ने

स्वास्नीले संयुक्त रूपमा दिइएको 'पारपाचुके' को निवेदनको सत्य तथ्य बुझेर साक्षी प्रमाण पुऱ्याएर धेरैवटा फैसला सुनाइसकेका छन् उनले ।

दोस्रो केटीसँग विवाह गर्न खोज्ने र अर्को केटासँग पोइलो जान चाहेकी जोइले मिलेर दिएको 'सम्बन्ध विच्छेद' को मुद्दामा उनले बरोबर बाधा अड्काउ फुकाउ गरिदिएका छन्, तर रामबहादुर र राममायाको मुद्दाको फैसला लेख्न, सुनाउन न्यायाधीशलाई धर्मसङ्कट पर्छ - 'भोकै रहेर, नाम मात्रको कपडा लाएर भए पनि श्रीमान्‌को साथ छोड्नुहुँदैन भनेर सुनाउँदा मानवजीवन माथि व्यङ्ग्य गरेको जस्तो हुन्छ ।'

'तलबले मात्र खान लाउन, ख्वाउन पिलाउन नपुगे जहाँबाट ल्याएर पनि लाउन खान दिन सक्नुपर्दछ भनेर ऐन कानुनमा व्याख्या गरिएको छैन ।'

यो केसको फैसलाबाट सामाजिक बिखण्डन हुन सक्ने सम्भावना देख्छन् न्यायाधीश । यसको वास्तविक कारण र निरोपणको मार्ग दर्शन नदेखाएमा मानवीय अवमूल्यन र ह्रास हुन सक्ने सम्भाव्यतालाई ख्याल गरेर अरू छलफल गर्न यो केस 'फुल बेञ्च' मा पठाउने निर्णय गर्छन् ।

ooo

*(मधुपर्क मासिक, २०७१ असार)*

# क्यान्सर – ३

घरी घरी सम्झेर हाँसो उठ्छ। लाज पनि लाग्छ। सोध्ने पनि एउटा तरिका हुन्छ। प्रश्न पनि मर्यादाभित्रको हुन्छ। छाडा प्रश्नको जवाफ के दिने। भित्र-बाहिर छामछुम गरिसकेपछि औंलाले भित्र खोतलखातल गरिसकेपछि कस्तो बेशरम प्रश्न सोधेको - "लोग्नेसँग सुत्दा कस्तो हुन्छ ?"

कस्तो अप्रत्यासित र निर्लज्ज प्रश्न ? कुन चाहिँ केटीले लोग्नेसँग सुत्दा "यस्तै हुन्छ" भनेर सोह्रै आना मिल्ने जवाफ दिन सक्छे। भन्न त मन लागेको थियो - "तीन त्रिभुवन देखेजस्तो हुन्छ भनेर" तर भनिनँ। मुखमा आइसकेको जवाफ चपाएर फेरि निलेँ।

म अवाक् भएको देखेर, प्रश्नको जवाफ नपाएर अर्को डाक्टरले सोधे - 'कलिलै उमेरमा तिम्रो बिहे भएको हो ?"

सही प्रश्नको सही उत्तर दिन मलाई के सङ्कोच ? मैले तुरुन्तै जवाफ दिएँ - "मुश्किलले सोह्र वर्ष उमेर पुग्दा मेरो बिहे भएको हो।"

"त्यसो भए बच्चा पनि छिटोछिटो धेरै पायौ होला होइन ?" पहिलेको डाक्टरले गतिछाडा अर्को प्रश्न सोधे।

प्रश्न सुनेर एकछिन म अवाक् भएँ। नजानिँदो पाराले रिस पनि उठ्यो - 'यी लोग्नेमान्छेहरू आइमाईलाई बच्चा मात्र जन्माउने जिउँदो मेशिन मात्र सम्झन्छन् कि भनेर।"

डाक्टरले मेरो तीन पुस्ते नाउँ, ठाउँ र गाउँको विवरण र अन्य धेरै कुराको जानकारी लिइसकेपछि मलाई पर्दाभित्रको खाटमा पल्टिन भने। एकछिन अगाडि खाटमा सुताएर छामछुम गरिसकेपछि बेशरम प्रश्न सोधेको डाक्टरले फेरि खाटमा पल्टिन भन्दा कुनै अनिष्ट घटनाको संकेत हो कि जस्तो मनमा

चिसो पऱ्यो । अनाहकमा मनमनै रिसाएर डाक्टरसँग निहुँ खोजेको जस्तो भान हुन्छ मलाई । भित्र कोठामै जाँच्नुपर्ने कस्तो गुह्य रोगले पिरोलेछ भनेर चिन्ता लाग्यो मलाई । भित्र पसेर फेरि एकपटक आफ्नो गोप्यता भङ्ग हुने भयले म डराएँ पनि । म अन्कनाएको देखेर, मेरो मौन असहमति बुझेर नर्स आफैले मलाई समातेर खाटमा सुताइन् । नर्सलाई सामीप्य पाएर म ढुक्क भएँ । हुन लागको र गर्न लागेको कामको अनभिज्ञ मलाई वास्तविकताबोध गर्न मन लाग्यो - "के गर्न लागेको दिदी ?"

"तिम्रो पाठेघरको मुखमा क्यान्सर रोग लागेको छ कि भनेर जाँच्न एक टुक्रा मासु र पाठेघरको पानी जाँचको निम्ति निकाल्न लागेको" नर्सले रेडिमेड् जवाफ दिइन् ।

खाने मुख मात्र देखेको र सुनेको मलाई पाठेघरको मुखको कुरा सुन्दा अचम्म लाग्यो । क्यान्सर शब्द सुनेर एकछिन भयभित भएँ । रिङ्गटा लागेर आँखा चिम्म गरें ।

कैंची, छुरा र अन्य औजारको आवाज सुनेर आँखा खोलें । अगाडि नर्स र डाक्टरलाई देखेर फेरि आँखा बन्द गरें । मेरो ज्यानलाई उत्तानो पारेर दुईटै गोडा खुम्च्याउन मद्दत गरिन् नर्सले ।

"तपाईंको पाठेघरको मुखको सानो टुक्रा मासु निकाल्न लागेको अलिकति दुख्छ । नचलिकन एकछिन सहनुस्" डाक्टरले मलाई सहानुभूतियुक्त आदेश दिए । म आँखा बन्द गरेर हुन लागेको पीडा सहन तयार भएँ - "ऐया..." पाठेघरको मुखको मासु काटेको पीडा मस्तिष्कसम्म पुगेको अनुभव भयो । मुखमा चिट्चिट् पसिना आयो । हात खुट्टा चिसो भयो । घाँटी सुकेर तिर्खाएको महसुस भयो । अलिकति पानी पिएपछि पहिलेकै अवस्थामा पाएँ आफूलाई ।

"क्यान्सर के कारणले हुन्छ दिदी ?" म नर्सलाई भयभीत भएर सोध्छु ।

"धेरै कारणले क्यान्सर हुन सक्छ" नर्स दुईवटा हात हावामा फैलाएर क्यान्सरको कारणको परिमाण बताउँछे ।

दुवै जना डाक्टरहरू मेरो रिपोर्टहरू हेरिरहे । पाठेघरको मुखको मासु र पानी जाँचको परिणाम जान्न उत्सुक मैले डाक्टरहरू र नर्सहरूलाई पालैपालो हेरिरहें ।

धेरै जना मानिसहरू भएर पनि निस्तब्धता छाएको थियो। डाक्टरहरू फाइल हेर्दाहेर्दै बरोबर मेरो अनुहार हेर्थे - "शायद रिपोर्ट सुन्ने धैर्य छ कि भनेर होला।"

म मेरो श्रीमान्‌को अनुहार हेर्थे - "कस्तो निस्तेज र निष्कङ्क अनुहार" शायद आउने दुःखद घटनाको आभास अनुहारमा झल्किरहेको छ।"

दूधेनानी बोकेका मेरो श्रीमान् बरोबर केटाकेटीहरूलाई हेर्ने गर्थे । वास्तवमा हामी सबै एक आपसको अनुहार हेरेर आउने संकेत खोजिरहेका थियौं । सबै शान्त ! एक प्रकारले मूर्दाशान्ति छाएको थियो कोठामा । बोल्ने शक्ति कसैको थिएन, तर मलाई बोल्नु थियो । वास्तविकता जान्नु थियो । त्यसैले मैले सोधिहालें - "मलाई क्यान्सरै भएको हो त ?"

डाक्टर मेरो प्रश्न सुनेर अवाक् भए। नबोलीकन जवाफ दिएको मौन भाषा मैले डाक्टरको अनुहारमा भेटें । एकछिनपछि डाक्टरले डाक्टरी भाषामा भने - "त्यस्तो केही छैन, अलिकति समस्या छ। औषधीमुलो गरेपछि भै हाल्छ।"

मैले थाहा पाएँ - "डाक्टरले चपाइ चपाइ सफेद झूट बोलेको कुरा।"

मैले सुनेको थिएँ - "बिरामी हतोत्साहित नहोस् भनेर डाक्टरलाई पनि अन्टसन्ट बोल्नुपर्दछ।"

डाक्टरहरू नर्सलाई मेरो रगत जाँच गराउने, पेटको अल्ट्रासाउण्ड गराउने, अनि के के गराउने भनेर बाहिर गए। मलाई पक्का विश्वास भयो। डाक्टरहरू मेरो रोगबारे खुलस्त हुन चाहँदैनन् मसँग। म भने झन् विश्वस्त भएँ - "मेरो रोग गम्भीर भएको कुरामा।"

साँच्चै क्यान्सर भएर तलमाथि भयो भने मेरो नाबालक छोराछोरीहरूको...। मैले अगाडि सोच्न सकिनँ।

मलाई छटपटी लागिरहेको थियो। उठौं कि बसौं भइराखेको थियो। पानी तिर्खा लागेर मुख सुकेको थियो। बाहिर आएर पानी पिएँ। भित्र गएर नर्सलाई सोधें - "मलाई क्यान्सरै भएको रहेछ त ?"

"रिपोर्टले त्यस्तै देखाउँछ" नर्सको छोटो जवाफ थियो। म झसङ्ग भएँ। अब भने रत्तिभर पनि रोगबारे द्विविधा भएन। त्यसो त डाक्टरले पनि अमुक भाषामा पहिले नै यसै भनेका थिए।

मैले नर्सलाई दोस्रो प्रश्न गरें - "पाठेघरको मुखको क्यान्सर के कारणले हुन्छ दिदी ?"

"सानैमा बिहे गर्दा, कम उमेरमै धेरै बच्चा पाउँदा पाठेघरमा क्यान्सर हुन सक्छ।" नर्सले आफूले थाहा पाएको कुरा सविस्तार बताइन्।

मलाई सम्झना भयो। कलिलै उमेरमै मेरो विवाह भएको थियो। चाहना नहुँदा नहुँदै पनि धेरै बच्चाहरू जन्माउनु परेको थियो।

"पाठेघरको मुख 'सरभिक्स' मापापिलोमा भाइरस सङ्क्रमण भएमा, गुप्ताङ्गको सरसफाइ नगर्दा र धेरै जनासँग यौन सम्पर्क गर्दा पनि यो रोग लाग्न सक्छ" नर्सले कारणमाथि कारण थपिइन्। मलाई सङ्क्रमणबारे थाहा थिएन। सुनेको पनि थिइनँ। गुप्ताङ्ग फोहर हुँदा पनि क्यान्सर हुन सक्छ भनी भर्खरै सुनें। यौन सम्पर्क त आफनै लोग्नेबाहेक अरूसँग गरेको छैन भनेर किरिया खान सक्छु।

मलाई लाग्यो। यी कुराहरू पहिले नै थाहा पाउनुपर्ने थियो। पहिले नै थाहा पाएको भए विचार गरिन्थ्यो, रोगबाट बचिन्थ्यो। अहिले थाहा पाएर...? मैले लामो सास फेरें।

तेस्रो प्रश्न गरें मैले नर्सलाई "यो रोग लाग्दा के के हुन्छ दिदी ?"

मेरो उत्सकुताले नर्सलाई पनि अरू कुरा बताउन हौस्याएको आभास भयो मलाई।

"कम्मर तथा तल्लो पेट दुख्नु र यौनाङ्गबाट बरोबर पानी तथा रगत मिसिएको पानी बग्नु, पाठेघरको मुखको क्यान्सरका लक्षणहरू हुन्" नर्सले यो रोग निर्धारण गर्ने आधारहरू बताइन्।

हो ! ठीकै हो। यता एक-डेढ वर्षदेखि दुख्ने गरेको मेरो ढाडको समस्या अहिले पनि त्यस्तै छ। कम्मर दुख्यो भनेर कहिलेकाहीँ नदुख्ने औषधी खाँदा एक दुई घण्टा बीसको उन्नाइस हुन्थ्यो। पछि फेरि...।

मेरो भित्री पहिरन केही महिनादेखि चिसो भइरहेको अनुभव हुन्थ्यो मलाई। सेतो पेन्टीमा रजछायाको दाग पनि देख्थें म बरोबर। शायद त्यसै बेलादेखि मलाई क्यान्सर भइसकेको थियो। म छक्क पर्छु - "क्यान्सरमा

हुने लक्षणहरू ममा पाइएकोमा या मसँग देखिएका लक्षणहरू क्यान्सरसँग मिलेकोमा ।"

"अरू पनि केही हुन्छ कि दिदी ?" मेरो पीडा मिश्रित उत्सुकता जाग्यो ।

"अरू पनि धेरै हुन्छन् । महिना महिनामा हुनुपर्ने महिनावारी छिटोछिटो १२, १५ दिनमा पनि हुन सक्छन् । यौन सम्पर्क गर्दा रगत निस्कने र पीडाको डरले लोग्नेसँग सुत्न अनिच्छा हुने" नर्स दिदीले पाठेघरको मुखको क्यान्सर हुँदा देखिने लक्षणहरूबारे सविस्तार बताइन् । नर्स दिदीलाई मेरो भित्री व्यथा एक/एक थाहा भएको जस्तो लाग्यो मलाई । महिनावारीको बीच बीचमा रगत जाने गरेको त उहिलेदेखि नै हो ।

रात पर्न लाग्दादेखि मलाई अदृश्य भयले सताउँथ्यो - "लोग्नेसँग सुत्नुपर्ला कि भनेर ।"

बिहेको शुरुशुरुमा त लोग्नेसँग सुत्दा पीडादायक आनन्दको अनुभव हुन्थ्यो । अहिले त पीडाबाहेक केही चाल पाउँदिन म । त्यसैले होला शुरुमै डाक्टरले सोधेको - 'लोग्नेसँग सुत्दा कस्तो हुन्छ ?"

०००

*(प्रज्ञा नेपाली आधुनिक कथा, २०७३)*

# घरजम कि परजाम !

मुखबोलीको फुपू नाता पर्ने सुमित्राले अमेरिकामा बस्ने एक जना केटाको फोटो दिएदेखि रमोलालाई काउकुती लागेको थियो । सुरुमा त सबै केटीले भन्ने गरेजस्तै उनले पनि भनेकी थिइन्- "पर्दैन पर्दैन मलाई कसैको फोटो हेर्नु पर्‍या छैन ।"

हेर्न पनि हेरिनन् दिउँसो उनले । तर साँझ ढल्नासाथ रात छिप्पिन नपाउँदै उनलाई खुल्दुली लाग्यो । मनमा हलचल मच्चियो । आफैले सिरानीमुनि राखेको खाम निकालिन् । सधैँ एक्लै बस्ने कोठामा कसैले देख्ला कि भनेर खाम पहिलेकै ठाउँमा लुकाई । चारैतिर आँखा डुलाइन् । कोही नभएकोले उनको मन ढक्क फुल्यो । खामभित्रको फोटो निकालेर हेरिन् । उनले के हेरिन् ! उनलाई पो फोटोले हेरेको आभाष भयो । खाइलाग्दो ज्यान, चिटिक्क परेको लवाइ, गोरो र गोलो अनुहार । नेपाली भन्न नसुहाउने । अमेरिकन जस्तो उसलाई लाग्यो- "यस्तो फोटो दिउँसो नै हेर्नुपर्ने थियो । यस्तो लायकको भएकैले फुपूले कर गरेकी रैछ । धेरै छिप्पिएपछि मात्र उनलाई निद्रा लाग्यो । भोलिपल्ट बिहान अबेर ब्युँझेकी रमोलालाई फेरि फोटो हेर्न मन लाग्यो । कोठामा कोही छ कि भनेर चारैतिर आँखा घुमाइन् । चुकुल लगाएर थुनिएको कोठामा उनी बाहेक अरू थिएनन् । विस्तारै खामबाट फोटो निकालिन् । फोटो त्यही, मान्छे उही तर हिजोको भन्दा हेण्डसम लाग्यो उनलाई । यूरोपियन जस्तो निख्खर गोरो अनुहार । एकछिनपछि उठेर आफ्नो दैनिकी काममा लागिन् ।

रमोलाले बिहानको चिया आधा कप पनि पिउन भ्याएकी थिइनन् । सुमित्रा फुपू आइपुगिन् । भलाकुसारी र सञ्चो बिसञ्चो कुरापछि औपचारिक विषयको थालनी गरिन् । सुमित्रा फुपूले सोधिन्- "फोटो कस्तो लाग्यो त ? रातभरि हेर्‍यौ होला नि ?"

रमोला अलमलमा परिन् । के भनौं, के नभनौंको दोधारमा परिन् । एकछिन, रातभरि त होइन । पाँच सात पटक हेरेको नढाँटिकन भनौं जस्तो लागेको थियो । तर मुखमा आइसकेको कुरा पेटमै निलिन् । तर फुपूको मुख टाल्न भए पनि केही भन्नु थियो, भनिहालिन् - “के बित्या छ र बित्थामा रातभरि अर्काको फोटो हेर्नलाई ।”

यसो भन्दा अलि बढी बोलेको जस्तो लाग्यो रमोलालाई । वास्तवमा उनले मनबाट बोलेको पनि होइन । चलनचल्तीको भाषा बोलेर कुरा अघि बढाउन सजिलो पार्ने नियत थियो रमोलाको । सुमित्रालाई भने बाह्र सत्ताइस कुरो भन्दा पनि पक्कापक्की टुङ्गो कुरा चाहिएको थियो । त्यसैले जवाफ दिनैपर्ने प्रश्न गरिन्- “मान्छे कस्तो लाग्यो त ?”

मान्छे कस्तो लाग्यो ? रमोलालाई थाहा भइसक्यो । त्यसैले उनलाई पहिलेजस्तै प्रत्युत्तरको लागि मात्र प्रत्युत्तर दिन मन लागेन । उनले कस्मेटिक होइन मौसमी जवाफ दिइन् - “फोटो हेर्दा त ठिकै होला जस्तो छ तर...”

“तर फोटो मात्र हेरेर हुँदैन । तिमीसँग कुरा गर्नु पर्दछ भनेको छ शक्तिले पनि । भरे बेलुकी शक्तिले अमेरिकाबाट तिमीलाई कल गर्छु भनेको छ ।”

“अमेरिकाबाट कल आउने” सुन्दा नै उनलाई आङ सिरिङ्ग भएको अनुभव भयो । निधारमा चिट्चिट् पसिना आएको जस्तो लाग्यो । जिउ शिथिल भयो, मुख सुकेर बोल्नै नसकिने भयो । काठमाडौंबाहिर कसैलाई फोन नगरेकी उनले आज अमेरिकामा बस्नेसँग फोनबाट कुरा गर्नुपर्ने । त्यो पनि अपरिचित मान्छेसँग । उनीलाई के मात्र भएन !

“म भरे राति आउँछु ।” भनेर फुपू निस्किन् । आज बेलुकी अमेरिकामा बस्नेले फोन गर्नेछ । उनले घरिघरि सम्झिन । बिर्सन खोजे पनि सम्झिने । के भनेर कुरा गर्ने ! फोटोमा देखेको मान्छेसँग कुरा गर्न पर्ने । फुपूले पनि के नचाहिने काम गरेकी । लाजले भुतुक्क भएर बोल्नै नसकिने हो कि ! केको लाज । हावामा कुरा गर्नलाई । मुखामुख कुरा गर्ने भए पो त ! उनी ढुक्क भइन् ।

“अमेरिका त एकपटक भए पनि जान पर्ने ठाउँ रहेछ ।” - गएर आउनेहरूको मुखबाट रमोलाले धेरैपटक सुनेको वाक्य हो यो । कुरा मिल्यो र घरजम भयो भने

अमेरिकामा त बस्ने होला नि । उनको विचारको लर्को तन्किँदै जान्छ । दुई चार महिनापछि नेपाली अनुहार फेरिएर अमेरिकननी जस्तो रातोपिरो गोरो हुने होला । जवानी झन् मौलाउँछ होला । अमेरिकामा बस्ने नेपालीहरूबाट जन्मिएका सन्तान पूरा ओरिजिनल अमेरिकन जस्तो हुन्छ होला । उनलाई सपना मीठो लाग्यो । सपना विपना छुट्याउन चाहेनन् उनले । एकनासले कल्पनाको संसारमा हराउँदै गइन् । केटाकेटी भएपछि उनीहरूको नाम पनि उताको जस्तो छोराको नाम जोन र छोरीको नाम सिल्भिया राख्ने अठोट गर्छिन् उनी । यस्तो छोट्याउन या टुङ्ग्याउन नहुने सोचको श्रृंखलालाई ब्रेक हुने गरी मोबाइलको घण्टी बज्यो । उनी झस्किन् । भावुकताको अन्धवेगबाट यथार्थको संसारमा फर्किन् ।

"राति अमेरिकाबाट फोन आउने" रमोला अधैर्यका साथ रातको प्रतीक्षा गर्छिन् । भर्खर मध्यान्हको १२ बज्यो । चार, पाँच बजे पछि मात्र साँझ आउँछ । त्यसपछि रात । अनि अमेरिकाबाट...।

साँझ ढल्न लाग्यो । रात पर्ने बेलामा रमोलाको मनमा नानाथरिका अचम्म अचम्मका कुरा खेल्न थाले- "के के कुरा सोधिने होला ! नाम ठाम गाम काम मात्र सोधे त एकसे एक मिल्ने गरी जवाफ दिउँला । नेपालीमा नै कुरा गर्छन् होला । धेरै अंग्रेजी मिसाएर बोले पनि बुझिहाल्छु ।" रमोलाले नडराई कुरा गर्ने मनोस्थिति बनाइन् ।

रमोलाले झ्यालबाट बाहिर हेरिन् । रात धेरै गहिरो भएको रहेनछ। बत्ती पनि झिलिमिलि हुने गरी बालिएको थिएन । उनले घडी हेरिन् । भर्खर साँझको छ बज्न लागेको रहेछ । बर्खायाम भएकोले धेरै अँध्यारो भएको थिएन । मोबाइलको घण्टी बज्यो । हड्बडाएर यन्त्रचालित हातले जस्तो उचालिन् । साथीले बानेश्वरबाट गरेकी रहिछे । भेटघाट नभएको धेरै लामो समय भएकोले फोनबाट भए पनि हाइ हेलो भनेर फोन गरेको स्पष्टिकरण दिई । मिल्ने साथीले गरेको फोन पनि रङ्ग नम्बरबाट गरेको जस्तो लाग्यो । कहाँबाट आउनुपर्ने फोन कहाँबाट आएको भनी मनमनै रिसाइन् ।

"मलाई ठिक छ तिम्रो हालखबर के छ ? म अहिले अलि व्यस्त छु । एकछिन पछि आफै गरौंला ।" भनी छुट्कारा पाइन् ।

उनी अधैर्यका साथ धैर्य गरेर मोबाइल र लायण्ड लाइनको फोन अगाडि बसिन् । एक चित्त भएर बस्न पनि सकिनन् । घरि बस्ने, घरि उठ्ने र घरि विना काम कोठामा घुम्छिन् । रात त परिसक्यो । उताबाट आउनुपर्ने फोन आएन । फुपूले उनको मन चोर्न लागेकी पो हो कि जस्तो लाग्छ उनलाई तर तुरुन्तै सोच्छिन् - "फुपूलाई मन चोर्न आवश्यक छैन । पेटभित्रको सबै कुरा थाहा पाइसक्नुभयो ।"

अमेरिकाबाट 'कल' आउने बेला सुमित्रा फुपू आउँदा रमोलालाई असहज महसुस भयो । उनले मनमनै गुनिन्- "आफ्नो मान्छे अगाडि अपरिचितसँग बोल्दा धक फुकाएर पेटभित्रको कुरा ओकल्न नपाई चपाई चपाई कुरा गर्नुपर्ने हुन्छ ।"

मोबाइलमा घण्टी बज्यो । रमोलाले मोबाइलमा हेरिन । उनको होइन फुपूको मोबाइलको आवाज रहेछ । फुपूले अन गरेर बोलिन्- "हेल्लो" ।

"हेल्लो ! नमस्ते काकी म अमेरिकाबाट शक्ति बोलेको । सञ्चै हुनुहुन्छ काकी ?"

"सञ्चै छु बाबु तिम्रै फोनलाई अघिदेखि कुरिरहेको । रमोला पनि सञ्चै छे । हामी दुवै पर्खिरहेका ।" सुमित्रा प्रफुल्लित भइन् । रमोला भित्रभित्र डराइन् । नौलो घटनाको अनुभूति गर्दै परीक्षार्थीले परीक्षामा पहिलोपल्ट सरिक भए झैं लाग्यो रमोलालाई ।

"रमोलासँग कुरा गर बाबु ।" सुमित्राले रमोलालाई मोबाइल दिइन् ।

"हेल्लो" - अर्ध काँपेको स्वरमा रमोला बोलिन् ।

"गुड मर्निङ रमोला जी ।" अमेरिकाबाट बोलेको आवाज उनको कानमा परेको यो पहिलोपल्ट हो । पहिलो गाँसमै झिङ्गा ! बत्तीले उज्यालो पारेको कोठामा बसेर उनले गुड मर्निङ भन्न सकिनन् ।

"सरी सरी रमोलाजी ।" उताबाट दोस्रोपल्ट आवाज आयो ।

"यहाँ बिहान भएकोले मैले गुड मर्निङ भनें तर त्यहाँ राति भएकोले तपाईंलाई जवाफ दिन अप्ठ्यारो भएको मैले बुझें ।"

शक्तिको स्पष्टिकरणले रमोलालाई धेरै हलुका भयो । यौटा परीक्षामा उत्तीर्ण भएको अनुभव गरिन् ।

"अमेरिका र नेपालमा रात दिन फरक हुन्छ भन्ने मैले बिर्सेंछु । त्यस्तै अरू कुरामा पनि आकाश जमिनको फरक हुन्छ ।" शक्तिले बोलेको उनलाई नौलो लाग्छ । औपचारिकता पूरा उनले पनि बीच बीचमा "होला होला" मात्र भनी ।

"तपाईं स्कूलमा पढाउनुहुन्छ भनी मैले काकीबाट थाहा पाएँ । क्ष थयग मयलुत ञ्ष्लम उभिबकभ के पढाउनु हुन्छ ?" कुरा लम्ब्याउन मात्र भनेको हो या चाहेरै सोधेको हो । रमोलाले ठम्याउन सकिनन् । तर जवाफदेहिता बोध गरेर साँचो कुरा बताउने निर्णय गरिन् । तर लेखा भन्दा नबुझिएला भनेर उनले अंग्रेजी शब्द प्रयोग गरिन्- "म एकाउन्ट पढाउँछु ।"

रमोलाको जवाफ सुनेर शक्तिले हाँस्दै भने - "म यहाँ यौटा कम्पनीमा अकाउन्ट हेर्ने काम गर्छु अनि तपाईं नेपालमा अकाउन्ट पढाउनुहुन्छ । नययम, खभचथ नययम रमोलाजी ।"

कुरा गर्दागर्दै आवाज दबियो । सुमित्राले सम्पर्क गर्न कोसिस गरिन् । मुस्किलले अस्पष्ट आवाज आदान प्रदान भयो ।

"पछि कुरा गरौंला ।" भनी मोबाइल अफ गरिन् ।

मोबाइल अफ गरेर सुमित्राले रमोलाको मुखमा हेरेर अमेरिकन कलको प्रभावबारे जान्न चाहिन् । रमोलाले त खासै कुरा केही बोलिनन्। विद्यार्थीहरूलाई एकाउण्ट पढाउँछु मात्र भनेकी थिई । दुई चार शब्द "होला होला" भनी । तर सुमित्रालाई लाग्यो- "शुरुआतमा शुभ लक्षणको संकेत छ ।" त्यस्तै रमोलाले प्रवेश परीक्षामा उत्तीर्ण भएको महसुस गरिन् ।

सुमित्राले पहिले जस्तै प्रश्न दोहोऱ्याइन्- "शक्ति कस्तो लाग्यो ?" रमोलाले नअनकनाइकन जवाफ दिइन् - "मान्छे व्यावहारिक लाग्यो । झर्को फर्को नमान्ने । अर्काको अप्ठ्यारोलाई सहजै छिटै बुझ्ने ।"

"मैले मान्छे चिनाइदिएँ, कुरा गराइदिएँ । अब तिमीहरू आफै कुरा गर्नू । त्यस्तै परे मलाई खबर गर्नू । म कुरा गर्छु । तिम्रो मोबाइल नं. शक्तिलाई दिएकी छ । उसको नम्बर यो हो । आवश्यक परे कल गर्नू । उसले तिमीलाई एक दुई दिनमा कल गर्छु भनेको छ ।" सुमित्राले कति सहजसँग भनेर गइन् ।

सुमित्रा केटा र केटी विवाह गराई दिने पेशेवर लमी होइनन् । आफुले चिनेका र आफन्तहरूको बीच विहेवारी गराई दिने उनको आकांक्षा हो । हुने खाने र उपल्लो वर्गको बीच यस्तो सम्बन्ध जुराउने काममा उनी त्यत्ति ध्यान दिन्दैनन् । तर गरिखानेहरूको बीच यस्तो सम्बन्ध कायम गराउन उनी विशेष रुचाउँछिन् । उनीहरूको मन मुटु एक होस् भने उनको मान्यता हो । एकअर्कालाई दुःख बिसाउने पात्र सम्झोस् भने सुमित्राको धारणा हो । शक्ति र रमोला उनको मनले खाएको पात्रहरू भएकोले उनीहरूको घरजम होस् भन्ने उनको चाहना हो ।

एक, दुई दिनमा अमेरिकाबाट आउनुपर्ने कल पाँच सात दिन बित्दा पनि नआएकोले रमोलालाई खुब टेन्सन भयो । फोन आएन भनेर कसैलाई भन्नु पनि उचित हुँदैन । नभनौं आएको पनि होइन । सुमित्रा फुपूलाई भनौं जस्तो लागेको थियो । तर भनिनन् उनले । यौटा कुरा भन्दा धेरै अर्थ लाग्न सक्ने भएकोले नै मुखमा आएको कुरा चपाई चपाईकन फेरि निलिन् । मनभित्रको औडाहा जबरजस्ती दबाइरहिन् ।

"नगरे नगरोस् न मलाई मात्र केको खाँचो ? 'कल' गर्छु भन्ने मान्छेले नै गर्दैन भने कति पछि लाग्नु त्यस्तो मान्छेको !" रमोला आफैले आफैलाई सम्झाइन् । सपनामा देखिएको घटनालाई जस्तै बिर्सने प्रण गरिन् । एकैछिन पछि अर्कै सोचिन् उनले "आफूले पनि गरे हुन्छ नि ! फोन नम्बर थाहा छँदै छ ।"

उनले टेलिफोन डायरी पल्टाएर हेरिन् । धेरैवटा अक्षरहरू भएको नम्बर रहेछन् । घडी हेरिन् समयको यकिन गर्न । किनभने अमेरिका र नेपालको समय दिन र रातजस्तै फरक छ भनेर शक्तिले भनेको सम्झना छ उनलाई । यहाँ बेलुकी भएकोले अमेरिकामा बिहान होला भनेर उनले टेलिफोनको नम्बर थिचिन् । तर सम्पर्क हुन सकेन । उनलाई धोखा दिएको जस्तो लाग्यो । नभए एक, दुई दिनमा आउनुपर्ने फोन पाँच, सात दिनमा त आउनै पर्ने हो । अथवा यताबाट फोन गर्दा सम्पर्क हुनुपर्ने हो । त्यसैले सपनाको मुलुक भनिने अमेरिका जाने कुरा... । उनले अगाडि सोच्न सकिनन् ।

निद्रा नपरेकोले उनी तन्द्रामा डुबिन् । काँचै आँखा रात बिताउनुपर्ने होला जस्तो लाग्यो उनलाई । सोच्दा सोच्दै एक झप्को निद्रा लाग्यो उनलाई । निद्रा खलबलिने गरी नै मोबाइलमा तीखो आवाज आयो । अर्ध निद्रामै उनले मोबाइल अन गरिन् र अर्ध निद्रामै झिनो मसिनो आवाजमा बोलिन् - “हेल्लो” । उनको एक शब्दको संकेतमा उताबाट धेरै कुरा सुनायो- “नमस्कार रमोलाजी, म शक्ति बोलेको ।”

“नमस्कार, चिनें, चिनें ।” रमोलाले पनि सासै नफेरी जवाफ दिइन् ।

“एक दुई दिनमा फोन गर्छु भनेर काकीलाई भनेको थिएँ । तपाईं रिसाउनु भयो कि भनेर खूब पीर परेको थियो । एक दुईपटक कल पनि गरेको तर सम्पर्क हुन सकेन । बल्ल आज सम्पर्क भयो ।”

रमोलाको शंका उपशंका एकैछिनमा चकनाचुर भयो । पर्खाइको पीडा कम भयो । उनले औपचारिक रूपले भनिन्- “केही छैन । टाढाको कुरा यस्तै हुन सक्छ । यहाँ पनि फोन गर्दा कहिले काहीं यस्तै हुने गर्छ ।”

फेरि अमेरिकी आवाज सुनियो- “मैले तपाईंको बारे धेरै कुरा काकीबाट सुनें, तपाईंले पनि मेरो बारेमा सुन्नुभयो होला । आमा एक्लै नेपालमा छोडेर म यहाँ बसिरहँदा मनमा शान्ति नहुने रहेछ । आमालाई एक जना साथीको साह्रै दरकार भएको महसुस भएको छ । त्यसकारण तपाईंलाई आमाको साथी बनाउने...” ।

अगाडिको कुरा सुन्न चाहिनन् रमोलाले । उनले अनायास मोबाइल कानबाट पर लगिन् । लाजले हो कि वैंशले हो उनको गाला तातो र रातो भएको अनुभव भयो उनलाई । के सोचेर हो फेरि कानमा जोडिन् । शक्ति जोरले चिच्याइरहेको सुनियो- “हेल्लो हेल्लो......।” रमोलाले पनि भनिन्- “हेल्लो” ।

शक्तिले अपुरो कुरा जोडे- “केही समयपछि आमा र साथी दुवैलाई यहाँ अमेरिकामा ल्याउने योजना बनाएको छु ।”

दुई दिन पछि फेरि कुरा गर्ने गरी मोबाइल अफ गरे दुवैले ।

रमोलाको मनमा भुइँचालो गयो । बरोबर कम्पन आयो । दुई दिन पछि कुरा गरौंला त भनी । तर के कुरा गर्ने ! उनको मनले ठम्याउन सकेन । शक्तिले

आफ्नी आमाको साथी बनाउन खोजेको हो उनलाई । दायाँ बायाँ छेउटुप्पो केही नबुझ्भी साथी बन्न जाने कि, गइयो भने एकजनाको मात्र होइन दुई जनाको साथी र दुईवटा भूमिका निभाउन पर्ने हुन्छ । उनको मनले ठानेको यो अकाट्य सत्य हो । यो सम्झेर बरोबर वरकम्प आयो ।

बिहान सुमित्रा फुपूको फोन आयो । फोन मात्र निहुँ थियो, गुह्य कुरो त अर्कै थियो । दुवैलाई यो थाहा नभएको होइन । "शक्तिले फोन गऱ्यो होइन ?" सुमित्राको प्रश्न थियो ।

"अँ, गर्नुभयो ।"

"के भने त ?"

"तपाईंलाई नै सबै थाहा छ ।"

"तिमीलाई उनको आमासँग परिचय गराइदिनू रे । पछिलाई सजिलो हुन्छ रे ।"

शक्ति र सुमित्राको फोनमा उनी केही भेद पाउँदिनन् । खालि शब्दलाई मात्र तल माथि, बीचमा पारेर अनुवाद गरेको जस्तो लाग्छ । सबै कुरा योजनाबद्ध ढंगले अगाडि बढिरहेको थियो । यसको माष्टर माइन्डेड फुपू भएकोमा पनि शंका गर्ने ठाउँ रहेन ।

शक्तिकी आमाले भन्ने गरेकी उनलाई सम्झना हुन्छ- "के गर्ने आफू एक्लै छु यहाँ । घर धान्न पनि नसकिने भएकी छु । एकाङ्गीपनले नियास्रो लागेको छ । उता शक्ति पनि घर सम्झेर पीर लिइरहन्छ । छिटै घरजमको टुङ्गो लगाउन पाए आनन्द हुन्थ्यो । अमेरिका जाने केटाहरू उतैको केटीसँग विवाह गरेर उताकै रैथाने भएर नेपाल बिर्सने गरेको घटना सुनेर आफू माथि पनि यस्तो हुने हो कि भनी पीर लाग्छ" ।

रमोला तीस वर्ष हाराहारी उमेरकी भइसकिन् । आमा बाबु नभएकी उनी एकप्रकारले अभिभावकविहीन थिइन् । उनीले आफै घरमुली भएर भाइबहिनीको लालनपालन गरिन् । सकेको शिक्षा दिक्षा दिएर जिउनको लागि सानोतिनो काममा लगाइदिइन् । भाइबहिनीको घरजम गरिदिइन् । वास्तवमा उनीले भाइबहिनीको लागि यतिका वर्षसम्म अविवाहित भएर

बसिन् । त्यसैले भाइबहिनीहरू उनीप्रति कृतज्ञ छन् । ज्वाइँ, बुहारी उनलाई आदर गर्छन् । अभिभावकको रूपमा सत्कार गर्छन् । तर सबैको यौटै सामूहिक आकांक्षा थियो- "दिदीको पनि छिटै मन मिल्नेसँग घरजम होस् ।

कुरा सत्य हो । रमोलाले भाइबहिनीको निम्ति के मात्र गरिनन् । आफ्नो रूप, रङ्ग, जवानीलाई बन्दी बनाइन् । कुण्ठित पारिन् । कति ठाउँबाट बिहेको प्रस्ताव आएको थियो उनलाई । तर सबै अस्वीकृत गरिन् । टोले छिमेकीहरू पनि रमोलाको व्यावहारिक क्रियाशीलतामाथि जिब्रो टोक्थे । बिहानबेलुका चुल्होचौकाको काम भ्याउँथिन् । दिउँसो अफिस धाउँथिन् । घर खर्च, लुगा कपडा खर्च, पढाइ खर्च पुऱ्याउन उनलाई सधैँ धौ धौ पर्थ्यो । अभावै अभावको दुःखेजिलो अवस्थामा हुर्काएकी भाइबाट धेरै अपेक्षा गरेकी थिइन् । तर उनको अपेक्षा उपेक्षामा रूपान्तरण भयो ।

एकदिन ! पानी पर्ला पर्ला जस्तो थियो । आकाशमा कालो बादल मडारिएको थियो । रमोला अफिसबाट छिटो फर्किएको भाइबुहारीलाई आभाष थिएन । उनीहरूको गन्थन मन्थन उनको कानमा पऱ्यो । कस्तो अप्रत्याशित र मन बिझ्ने कुरा थियो । बुहारीको सोचाइ त सोचेभन्दा पनि दुई कदम अगाडि बढिसकेको थियो - "मनले खाएको लाउन डराउनुपर्ने, दुई गाँस मीठो खान चार वटा कुरा सुनेर खान पर्ने, यसरी हो भने कसरी जीवन जिउने । डराई डराई खाएको पिएकोले ज्यान पनि लाग्दैन रे । भोलि केटाकेटी भएपछि उनीहरू त उनको छायाँले पनि त्रसित हुन्छन् । यस्तो कुण्ठित डूबित जीवन जिउन त..." अगाडिको वाक्य सुनिएन । सुँक्क सुँक्क गरेर रोएको आवाज मात्र सुनियो ।

"बूढीकन्या भएको घरमा सहलह हुँदैन रे, कलह मात्र हुन्छ, त्यस्तो घरमा सधैँ भाँडभैलो मच्चिन्छ भनेर धेरैले भन्ने गरेका छन् । त्यस्तो मान्छे घरको कसिङ्गर हो । औडाहा हो ।" बुहारीको यो भन्दा बढी कुरा सुन्न चाहिनन् रमोलाले । उनी आफ्नो कोठामा गएर एक्लै धेरैबेर रोइन् । धित मरुञ्जेल रोइन् एक्लै ।

त्यो दिन आकास बिहानदेखि धुम्मिएको थियो । बिहान उठेर दैनिकी सुरु गर्ने रमोला घामको उज्यालोमा समेत नउठ्दा भाइबुहारीको मनमा अलि चिसो पऱ्यो । हिजो बेलुकी खाना नखाई सुतेकी उनलाई बिहानसम्म भोक लागेन । भाइ बुहारीको गन्थन मन्थनले नै उनको पेट भरिएको थियो ।

यता केही दिनदेखि शक्ति र रमोलाको बीच बरोबर लामो समयसम्म टेलिफोन वार्ता हुन लागेको छ । कहिले बिहान सखारै त कहिले रात छिप्पिन नपाउँदै रमोलालाई घण्टौं घण्टौं टेलिफोन सम्पर्कमा बसेकी घरका सबैले देखेका थिए ।

कुरै कुरामा रमोला शक्तिलाई भन्छिन् - "अमेरिकामा केटा र केटी साथीको सम्बन्ध गाढा हुन नपाउँदै टुट्ने र फेरि अर्कोसँग गाँस्ने चलन छ रे हो ?, वैवाहिक सम्बन्ध पनि सानोतिनो मनमुटावमै टुङ्गिन्छ भन्ने सुनेकी थिएँ ।"

रमोलाका प्रश्नहरूमा शक्ति सत्यता पाउँछन् । सिधा प्रश्न गरेर नागबेली होइन वास्तविकता जान्न चाहेको जस्तो लाग्छ । भविष्य गाँसिएको प्रश्नको गहिराइ नाप्न खोजेकोमा पनि शंका छैन । शक्तिले प्रश्नभित्र लुकेको आशय राम्ररी बुझेका छन् । त्यसैले उनी आश्वस्त पार्न खोज्दै भन्छन्- "ठिक हो, यस्ता घटना, प्रतिघटना, दुर्घटनाहरू अल्लारे केटाकेटीहरू र बोक्रे बोली बिकाउनेहरूमा व्याप्त छ । सम्बन्ध विच्छेदको घटना पनि प्रशस्त छ । तर गल्ती बोध या हुन नपर्ने दुर्घटना भएको आभाष भएपछि फेरि 'नाइस कपल' भएर बाँचिरहेका अनगिन्ती उदाहरणहरू पनि छन् । तर नेपाली शैलीको साधारण जीवन जिउने मेरो इच्छा छ । तपाईंको..."

रमोलालाई के भनौं के नभनौं भयो छोटो उत्तर दिइन्, "मेरो पनि..."

त्यो दिन रमोलाको घरमा विशेष चहलपहल थियो । हिजो अमेरिकाबाट आएको शक्ति आज रमोलालाई भेट्न उनको घर आउने । पटक-पटक गरेर चार पाँच घण्टा कुरा गरिसकेकी रमोलालाई शक्तिसँग कुरा गर्न त्यति संकोच लाग्न नपर्ने हो । तैपनि भित्रभित्रै त्रसित जस्तै भइन् ।

निर्धारित समयमा सुमित्रा फुपूसँग शक्ति आइपुगे । सबैसँग 'हाई' गरिसकेपछि रमोलासँग सोधे- "हिजो एअरपोर्टमा तपाईंलाई देखिनँ नि, भेट हुन्छ जस्तो लागेको थियो ।"

"भाइबहिनीलाई पठाइदिएकी थिएँ ।"

कोठामा शक्ति र रमोला मात्र थिए। अरू अन्य काममा लागे। दोहोरो सास फेर्ने उनीहरू मात्र थिए। सुरुदेखि अन्त्यसम्मको कुरा दुवैलाई थाहा थियो। दुइटै घरका आफन्तहरूको एकै मन भएको पनि उनीहरूले भेउ पाइसकेका थिए । त्यसैले यस विषयमा उच्चारण गर्नसम्म चाहेका थिएनन् उनीहरूले त। पाहुना लाएर आएका शक्तिले केही नबोलेपछि रमोलाले नै बोलिन्- "अमेरिकामा साह्रै व्यस्त हुनुपर्दछ। फुर्सदै पाइँदैन भनेको सुनेकी छु। सत्य हो यो ?"

"ठीक सुन्नुभएको रहेछ। त्यसैले यौटा उखान प्रचलित छ- "अमेरिकामा सबैथोक पाइन्छ तर फुर्सद पाइँदैन ।"

"नेपालमा चाहिँ ठीक यसको उल्टो छ ।" रमोलाले जोडिन् "काम पाइँदैन, फुर्सद पाइन्छ ।"

"त्यसैले नेपाल र अमेरिकामा दिन रातको फरक छ भनेको । आकाश जमिन जस्तै पृथक छ भनेको ।"

परिचयको सुरुआत वार्तालाई सम्झेर दुवैजना हाँसे ।

पल्लो कोठामा सुमित्रा फुपू, रमोलाका भाइबहिनी, शक्तिको मामा माइजु उनीहरूको लगनगाँठोको दिन निर्धारण गर्नमा लागि परेका थिए। समय, परि स्थिति र शक्तिको अमेरिका फर्कनुपर्ने दिनको जोडघटाउ गरेर दशैंको पहिलो दिन घटस्थापनालाई उत्तम ठाने। लामो छलफलपछि जुरेको दिन उत्तम ठाने। यसमा विमति पाइएन। सबैको सहमति भयो।

तोकिएकै दिन लगनगाँठो कसियो । मेहनत र परिश्रमको आम्दानी अनाहकमा खर्चिन हुँदैन भन्ने सबैको यौटै राय थियो। रीतिरिवाजको घेराभित्र रहेर औपचारिकता मात्र पुऱ्याएर विवाह सम्पन्न गरे।

शक्तिको बसाइको दिन धेरै थिएन। अमेरिका फर्कन शक्ति आफ्नी आमा र श्रीमती रमोलालाई लिएर समयमै एअरपोर्ट पुग्यो। सुमित्रा फुपू, रमोलाको

भाइ, बुहारी र बहिनी ज्वाइँ पनि दिदी भेनाजुलाई बिदाइ गर्न विमानस्थल आइपुगेका थिए । त्यहाँ पुग्नेहरूमा रमोलाकी बालसखा तथा विद्यालयका शिक्षिकाहरू पनि थिए । बिदाइ गर्न अघि रमोलाका साथीहरूले नेपालको नक्सा उपहार दिएर भने- “जन्मथलो नेपाललाई नबिर्सनू ।”

सूर्य-चन्द्र अंकित नेपाली राष्ट्रिय झण्डा सुम्पेर भनी- “कर्म थलो जहाँ भए नि नेपाली राष्ट्रियता सम्झनू ।”

एक पोका नेपाली माटो जिम्मा लगाएर सल्लाह दिई- “आपदविपद र भैझगडामा पर्दा, एक मुठी माटो हातमा लिएर धैर्य गरेर सोच्नू ।”

यी बाहेक कसैले केही बोलेनन् । तर सबैको आँसु पलाएको सबै आँखाले आ-आफ्नो मर्म अनुसार बोलिरहेका थिए । रमोला स्वयं भने सोचिरहेकी थिइन्- वास्तवमा यो उमेरमा भएको यो सम्बन्ध घरजम हो कि परजाम हो ?

०००

*(मधुपर्क मासिक, २०७३ असोज)*

# यो हार कसको ?

संविधानसभाको चुनावताका जनताले अघाउँञ्जेल भाषण सुने । सबैको एउटै प्रण थियो- दुई वर्षभित्र संविधान तयार गरेर जनतासामु पेश गर्ने ।

एकजना नेताले त सबैलाई उछिनेर बोले - एक दुई वर्षसम्म किन कुर्ने ? छ महिना अगाडि डेढ वर्षभित्र संविधान तयार पारेर राष्ट्रलाई सुम्पिने ।

गुलियो भाषण, नौलो कुरा र नयाँ नयाँ योजना परियोजनाहरूको परिकल्पनाहरू सुनेर जनता उत्साहित भए । निर्वाचनमा बडो उत्साहित भएर सहभागी भए । बहिष्कारवादीहरूको डर, धम्कि र आतङ्कको बाबजुद पनि पचासौं लाख जनता सडकमा ओर्लेर चुनाव सफल पारे । आफ्नो मनले खाएका नेता कार्यकर्ता र पार्टीलाई मतदान गरे । शान्तिपूर्ण निर्विघ्न ढङ्गले चुनाव सकियो ।

मतदानको परिणाम जान्न उत्सुक जनता भोलिपल्टदेखि मतगणनास्थलमा जम्मा भए । विजय पराजयको उद्घोषण सुन्न सबै उत्सुक थिए । यत्तिकैमा अमुक पार्टीको एकजना नेता भारी मतले विजय भएको घोषणा गरियो । जनताले उनलाई काँधमा बोके । गलाभरि माला लगाईदिए । अनुहार राताम्य हुनेगरी अविर दलिदिए । आकाशै थर्किने गरी नारा लगाए - यो जित कसको ? जनताको ।

एकछिन पछि अर्को नतिजाको घोषणा भयो - फलाना पार्टीको फलाना झिनो मतले विजयी भए

उनलाई पनि बोके, माला लगाइदिए । अविर दलिदिए । अगाडि राखेर नारा लगाए - यो जित कसको ? जनताको ।

वास्तवमा जनता साह्रै उत्साहित सीमारहित उत्साहित थिए । जताततै जनताले जितेका थिए । त्यसैले सवै ठाउँमा एउटा मात्र बुलन्द नारा घन्कियो - यो जित कसको ? जनताको ।

दिन बिते । हप्ता नाघे । महिना सके । वर्षहरू पनि गुज्रे । तर जनताले उनीहरूको जितको आभास पाउन सकेनन् । लोडसेडिङ उत्तिकै छ । नेपाली खप्परमाथिको ऋण उतिकै छ । विदेश जाने युवायुवतीहरूको लर्को छोटिएको छैन । अरू त अरू समयभित्र लेखिनुपर्ने संविधान पनि लेखिएन । निर्वाचनताकाको जनताको हौसला सेलायो । दिनहुँ वितृष्णा बढ्दै गयो । जनताले आफु ठगिएको महसुस गरे । विश्वासको संकट मौलाउँदै गयो । जनताले आफु हारेको महसुस गरे ।

त्यो दिन स्वतः स्फूर्त जनता सडकमा ओर्ले । ठाउँ यही, जनता उही । तर नारा फरक । उहिलेको नारा थियो । यो जित कसको ? जनताको ।

अहिलेको नारा छ - यो हार कसको ? जनताको ।

उहिले नारा लगाउनेहरू उत्साहित छन् । अहिले नारा लगाउनेहरू आक्रोशित छन् ।

फुटपाथको डिलमा उभिएर हेरिरहने जनता कुरा नबुझेर अकमकिए । भन्न खोजिएको के हो । सुनाउन चाहिएको के हो ? बुझ्न सकेनन् । ध्यान दिएर सुन्छन् । त्यही नारा दोहोरियो, तेहेरियो- यो हार कसको ? जनताको ।

सडकमा आउजाउ गर्ने जनता सल्लाहसाहुति गर्छन् - उहिले त्यसरी जितेका जनता अहिले कसरी हारे ?

एकजनाले चित्त दुःखेको भाव प्रकट गर्छन् - अहिले हारे पनि भोलि जितिहाल्छ । जनता कहिले हारेको इतिहास छैन ।

घडीको सुई उल्टो घुम्छ भनेको यही हो, अर्कोले आफूलाई लागेको कुरा भने ।

उनको भनाइ सुनेर सबैले आपसमा मुखामुख गरे । सबैले एकैपल्ट घण्टाघर हेरे । घण्टाघरको सुई उल्टो घुमेको जस्तो लाग्छ सबैलाई । तर एकनासले त्यही नारा घन्किरहेछ - यो हार कसको ? जनताको ।

०००

*(प्रज्ञा आधुनिक नेपाली लघुकथा, काठमाडौं २०७३)*

# उन्मुक्ति

उसलाई पर्नु पीर पर्‍यो । पहिले पनि नपरेको होइन तर उसले सहजै टालटुल र थामथुममै यो समस्या समाधान हुने सोचेको थियो । सोचेजस्तो भएन । ठीक उल्टो धम्कीयुक्त कडा सूचना छापियो- “कर्मचारीले तोकिएको समयसीमाभित्र सम्पत्ति विवरण पेश गर्नुहोला, नभए कानूनअनुसार कारबाही गरिनेछ ।”

उसले शुरुमै भएको जायजेथाको लगत पेश गर्ने विचार गरेको थियो तर यत्तिको धनसम्पत्ति कसरी आर्जेको भन्ने प्रश्नको जवाफ दिन पर्ला भनेर ऊ हच्केको थियो । उसले सम्पत्ति पनि मनग्य जोडेको थियो । शहरको अनमोल ठाउँमा ठड्याएको घरमा सबैको नजर परेको छ । श्रीमतीले फेरीफेरी लाउने सुनको गहनाका सेटहरू पनि धेरैले देखेका छन् । लाखौँलाखको शेयर किनेको एकैछिनमा फेला पार्न सकिन्छ ।

दर्जामा ऊभन्दा कान्छो, धन-सम्पत्ति बटुल्नमा जेठो उसको साथी हरिबहादुरसँग यसबारे ऊ बरोबर सोधपुछ गर्दथ्यो । आउने दिनमा हुनसक्ने स्थितिबोध गर्न चाहन्थ्यो । हरिबहादुर हलुकासँग जवाफ दिन्थ्यो- “केही छैन । सबै ठीकठाक हुन्छ ।”

हरिबहादुरको कुरा सुनेर ऊ एकछिन ढुक्क हुन्छ तर सूचना सम्झेपछि चिन्तित हुन्छ ।

अनिर्णयका बन्दी दिनहरू बित्दै गए । चिन्ताले गाँजेको उसको मन कुण्ठित हुँदै गयो ।

सूचनाको म्याद सीमा सकिएपछि ऊ झन् विचलित भयो । कति रात निद्रै परेन ।

एक दिन राति हरिबहादुरको फोन आयो। फोनमा एउटै मात्र वाक्यको प्रयोग भएको थियो- "सब ठीकठाक भयो।" सुनेर ऊ ढुक्क भयो। त्यसपछि मस्तले सुत्यो। भोलिपल्ट प्रभातकालीन संस्करणका पत्रिकाहरूमा छापिएको समाचार उसले दुई, तीन पल्ट पढ्यो। सबैमा एउटै अर्थ लाग्ने समाचार छापिएको थियो।

"सम्पत्ति विवरण पेश नगर्ने कर्मचारीहरूलाई पाँच हजार रुपियाँ दण्ड-जरिवाना गर्ने निर्णय गरिएको छ।"

ऊ प्रफुल्लित भयो। आज उसलाई खाना पनि बडो स्वादिलो लाग्यो। त्यसैले दुई-चार गाँस बढी नै खायो। ऊ ठीक दश बजे बैङ्क पुग्यो। दण्ड-जरिवानाको पाँच हजार रुपियाँको भौचर भरि बुझायो। त्यो दिन उसले अफिस नगई बिदै मनायो।

०००

*(मधुपर्क मासिक, २०७४ फागुन)*

# बाँझो खेत

बाटुलीलाई सरकारी निर्णय चित्तबुझ्दो लाग्यो । वास्तवमा यो निर्णय पाँच सात वर्ष अगाडि नै हुनुपर्ने थियो । ढिलो निर्णय लिएकोमा सरकारप्रति झनक्क रिस पनि उठ्यो तर यो रिस लामो समय टिकेन । केही ननाप्ने रिस धेरै समय नटिक्ने नै हुन्छ । उनी आफैसँग पनि रिसाइन् । यस्तो कुरा त सरकारलाई आफैले उहिल्यै भन्नुपर्ने थियो । यो पनि चित्तबुझ्दो तर्क लागेन उनलाई । किनभने सरकार कहाँ छ, उनी कहाँ छिन् ।

जेहोस् ढिलोचाँडो जहिले लिएको भए पनि सरकारी निर्णय सान्दर्भिक र अत्यावश्यक थियो ।

यो निर्णय सारा एफ्. एम्. ले फुके । सबै टि.भी च्यानलले देखाए । धेरै पत्रपत्रिकामा छापिए ।

सरकारी निर्णय थियो- "खेतवारी बाँझो राख्न पाइँदैन राखेमा........।"

बाटुलीको परिवार ठूलो थिएन । औसत संख्याको परिवार थियो । खेतवारीबाट राम्रो कमाइ हुन्थ्यो । दिई खान पुग्ने थियो । कुलो लाग्ने खेतमा मज्जाले धान फल्थ्यो । घरसँगै टाँसिएको बारीमा मौसम अनुसार फलफुल, तरकारी फल्थ्यो । खाईपिई उब्रेको धान, फलफूल, तरकारी आदि बेचेर नुन, तेल, मसला, लत्ताकपडा आदि किनेर सहज ढङ्गले दैनिकी चलिरहेको थियो । परिवार पनि दुईजना बुढाबुढी, दुईवटा छोरा, दुइटी बुहारी र दुईजना नातिहरू थिए । सबै मिली आइपरेको काम गरी भएको खाईपिई गुजारा चलिरहेको थियो ।

सरकारी निर्णयप्रति उनीहरूको गुनासो केही छैन, तर नयाँ फैलिएको अफवाहले भने उनीहरू सबैजना सशंकित भए । हल्ला पनि वल्लो गाउँ, पल्लो

गाउँ, खोलावारि, खोलापारि, देउराली, बेसी सबैतिर फैलिएको थियो - "बाँझो खेतवारी जग्गाविहीन किसानहरूले बलात् कब्जा गरी आबाद गर्नेछन् ।"

यी दुइटै कुरा बाबुआमाले छोराहरूलाई र श्रीमतीहरूले श्रीमान्हरूलाई सुनाए र छिट्टै नेपाल फर्कन कर गरे ।

वास्तवमा भन्ने हो भने छोराहरूलाई खाडीमा काम गर्न जानु आवश्यक थिएन । टारी खेत र बारीमा मेहनत गरी आधुनिक ढङ्गले खेती गरेको भए भ्याइनभ्याइ काम हुन्थ्यो । आम्दानी पनि दोब्बर हुन्थ्यो, तर बाबुआमाको अर्ती काम लागेन । दुवै दाजुभाइ केही समयको अन्तरालमा खाडी उडे । भन्नलाई त दुवै दाजुभाइले एकै स्वर मिलाएर भनेका थिए- "वर्ष-दिनभित्र फेरि विदेश नफर्किने गरी फर्किन्छौं ।"

भनाइ र फर्काइमा मेल खाएन । ६ वर्ष बिते पनि त्यो एक वर्ष कहिले आएन । यसको साक्षी उनीहरूको बाँझो खेतबारी छ । भूमिकासहितको साक्षी ।

छोराहरू परदेश गएदेखि बाटुलीलाई घर व्यवहार चलाउन असहज भयो । समयमा मलजलको व्यवस्था र गोडमेल गर्न नसक्दा टारीखेतको धानका बोटहरूमा दाना फलेन । महाभूकम्पले भत्काएको कुलोलाई पहिलेको स्थितिमा ल्याउन सकिएन, अनि सुनजस्तो पहेंलो धान फल्ने टारीखेत बाँझो भयो । बलौटे माटोमा आकाशे पानीले धान खेत नफाप्ने रहेछ ।

घरसँगैको बारीको अवस्था पनि यस्तै छ । बुढाबुढीका सुकेको हातले कुटो कोदालो चलाउन नसकिने । बुहारीहरू पालैपालो माइती गएर बस्ने । केटाकेटीहरू मुख बोलवा साथीमात्र । त्यसैले खाडी गएका छोराहरू फर्केर घर परिवार र खेतवारी सम्हालुन् भन्ने आमाबाबुको ठूलो चाहना थियो ।

खाडी गएका जेठा र कान्छाको बरोबर फोन आउँथ्यो । सन्चोबिसन्चो र भलाकुसारीको कुराकानी हुन्थ्यो । आमाबाबुको चित्त दुख्ला भनेर बनावटी कुरा गरेर आफूहरूको राम्रो भइरहेको सुनाउँथे । श्रीमतीहरूको मन राख्न छिट्टै घर फर्केर घर परिवार सम्हाल्ने बाचा गर्दथे, तर बाचा पूरा नभएको पाँचसात वर्ष बित्यो । सधैँ एउटै कुरा सुनाउँदा आमाबाबुको मनमा चिसो पयो । श्रीमतीहरूको धैर्यको बाँध फुट्ला जस्तो भइसकेको थियो ।

छोराहरूको बाल्यकालको एकज्यानको साथी रमाकान्तले अर्कैअर्कै कुरा सुनाउँदा बाबुआमा र श्रीमतीहरूको मन फाट्थ्यो। रमाकान्त छोराहरूको पहिलेदेखि मिल्ने साथी हो। शायद ऊ पनि सपाङ्ग भएको भए खाडी पुग्ने थियो, तर केटाकेटीमै हात गोडा लुलो हुने रोग लागी अपाङ्ग भएपछि खाडी जान सक्ने कुरै भएन, तर खाडी पुगेका साथीहरूसँग बरोबर मोबाइलबाट कुरा गर्दथ्यो। "खपि नसक्नु गर्मीको राप र तापमा पन्ध्रतले भवनमा काम गर्दा भाउन्न भएर भुँइमा खस्लाजस्तो हुने अनुभव सुनाउँथ्यो । मरुभूमिमा उँटहरू डोऱ्याएर हिँड्दा पसिनाले जीउ निथ्रुक्क भिज्थ्यो । प्यासले ओठ सुकेर गोडा नै लरबरिन्थ्यो। कलकारखानामा काम गर्दा पलपलमा हात छिनिएला भनेर सतर्कता अपनाउनुपर्ने। नाली सफा गर्दा गन्ध र ग्यासले सास रोकिएर बेहोश होला जस्तो लाग्ने । हामी बाहिरबाट आउनेहरूको लागि थ्रिडी काम मात्र छुट्ट्याएको हुन्छ। वान् डीको मतलब खतरायुक्त या जोखिम पूर्ण, टु डीको मतलब गाह्रो साह्रो र थ्रि डीको मतलब डर्टी अर्थात् फोहोरी काम।" यस्तै यस्तै।

रमाकान्तको कुरा सुनेर बाबुआमाको आँखा आँसुले भिजे। श्रीमतीहरूले कान थुने । छोरा र नातिहरू, आमाहरू, हजुरबा र हजुरआमाले एकअर्काको मुख पालैपालो हेरे। तर रमाकान्तले उहिलेदेखि पेटमा थोपरिएको कुरा ओकल्न छोडेन - "त्यस्तो परिवेशमा काम गर्नेहरूको दिनहुँ चार पाँचवटा लास नेपालमा आउँछ। हातगोडा गुमाउनेहरूको लर्को लामो भइसक्यो। कहिलेकाहीँ कोमामा गएर बेहोश भएका बिरामीहरू घर फर्काइदिन्थे । बिचौलियाहरूको स्वार्थी भावनाले गर्दा अनगिन्ती नेपालीहरू विना काम, विना गाँसबासले भौंतारिरहेका छन् ।"

कहिले नसुनिएका यस्ता कुराहरू सुनेर बाबुआमा सशंकित र आत्तिएर चिच्याए- "त्यस्तो ठाउँमा नबस्नू छिट्टै फर्केर आउनू भनी भोलि फोन गर्नु-"

"भोलिनै किन तुरुन्तै फर्केर आउनु भनी अहिले नै फोन गर्छौं" भनी बुहारीहरूले मोबाइलको नम्बर थिचे। दुवैजना छोरा नातिहरूले रमाएर कलिलो हातले ताली बजाए।

ooo

*(शारदा मासिक, २०७६ कार्तिक)*

# पुनर्विवाह

वास्तवमा उनको अर्थात् रश्मीको जिन्दगीसँग कुनै गुनासो छैन । विवाह पनि उत्तमसँग मन मुटु मिलेपछि मात्र मागी गरेको । छोरा पनि हचुवाको भरमा जन्मिएको होइन । कार्यतालिकाभित्रै जन्मिएको हो । सासुससुरा पनि आफूलाई जन्माउने हुर्काउने आमाबाबु जस्तै । त्यसैले उनलाई घर र माइतीघरमा भिन्नता लाग्दैन । खान लाउन र दुई, चार पैसा जोड्जाड गर्न सजिलै थियो । घरबाट माइती र माइतीबाट घरमा केही ल्याउन, लानपरेको छैन । त्यसैले झिनामसिना कुरा सुने र सुनाउनु परेको छैन ।

उत्तम हवाइजहाज चलाउने पाइलट थिए । उनी काम अनुसार देश विदेश परदेश आउने जाने गरिरहन्थे । तर हवाइजहाज उडाउने पाइलटको दैनिकीबारे शुभ अशुभ कुरा बरोबर मनमा खेल्दथ्यो । हुन पनि हवाईजहाजले भुइँ छोडेदेखि भुइँमा सकुशल अवतरण नगरुञ्जेल ज्यान बन्धकमा हुन्थ्यो । अवतरणपछि नजिक आएको मृत्युलाई छलेर आउन सफल भएको जस्तो लाग्छ । यस्तो जोखिम पेशा छोड्न घरपरिवार बीच बरोबर छलफल नभएको पनि होइन, तर अझ पाँच महिना काम गरेर छोडेमा एकमुष्ट ठूलो रकम पाउने लोभ अगाडि आएपछि सबै नतमस्तक हुन्थे ।

औसत महिलाहरूले पढ्ने जति रश्मीले पनि पढेकी छिन् । उनी स्कुलका भुराभुरी र अलि ठूलालाई पढाउँछिन् । यसबाट आउने तलबबाट बेला मौकामा दशबीस रुपैयाँ दिल फुकाएर खर्च गर्न पाउँछिन् ।

उत्तमले जागिर छोड्ने दिन आउन दुई महिना बाँकी छ । अब दुई महिना दुखजिलो गरेर बिताउन पाए मृत्युसँग लुकामारी खेल खेल्नुपर्दैन ।

कहिलेकाहीँ रश्मीलाई चाहिनेभन्दा बढी सोचेको महसुस हुन्छ । त्यत्रो वर्ष त बिताएँ भने दुई महिना त थाहा नै नपाई बित्छ भने पनि लाग्छ । अझ मन खुकुलो बनाउन सोच्छे 'मर्न पनि त कहाँ सजिलो छ र ।'

तर पनि मृत्युको सम्भावना बोकेर हिँडेकाहरूलाई बाँच्न धेरै गाऱ्हो हुनेरहेछ । आखिर उत्तमलाई एक दिन त्यस्तै गाऱ्हो भयो । गाऱ्होसाऱ्हो गरी बाँचेको उनको जीवन मृत्युमा रूपान्तरण भयो । त्यो दिन सधैँ उडाउने र बिसाउने गरेको उनको प्लेन धावनमार्गबाट चिप्लिएर घाँसे मैदानमा गएर जाकियो र अगाडिको बुच्चे मुखले भूइँ चुम्यो । दुई महिना जीवन र मृत्युको समय रेखामा बाँचेका उत्तमले समयरेखालाई पार गर्न सकेनन् । कपितमा उत्तम र कोपाइलट केशवको निधन भयो ।

उत्तमको मृत्युसँग साइनो गाँसेको प्लेन दुर्घटनाको समाचार फोटोसहित फेसबुकमा भाइरल भयो । दुई महिनापछि स्वैच्छिक अवकाश लिने उत्तमको मनसाय बुझ्ने सबैलाई धेरै चोट पऱ्यो ।

उत्तमको मृत्युपछि उनको बुवा सरोजको काँधमा एकैपटक धेरै दायित्व थपियो । सर्वप्रथम चार वर्षे नातिलाई चार जनाको अगाडि सुहाउँदो मान्छे बनाउन रोडम्याप बनाउनु छ । दोस्रो, हरियोभरियो उमेरकी बुहारीको शोक र विजोगलाई शक्तिमा परिवर्तन गर्ने बाटो खोज्नु छ । यी बाहेक दैनिक व्यवहार सल्टाउन जोड घटाउको कामहरू त धेरै नै छन् ।

पहिलेकी रातोपिरो गाला भएकी, सुन्तलाको केस्रा जस्तो मुख भएकी र बान्की परेको अनुहार भएकी र कहिले प्याजी कहिले सुन्तला रङ्गको सारी लगाएकी रश्मीले पढाउँदा, लेखाउँदा केटाकेटीहरूले राम्रो लिन्थे होलान्, पढ्थे होलान् ।

तर आज कथाव्यथा अर्कै छ । त्यसैले उनको मनमा कुराहरू खेल्न छोड्दैनन्- फुस्रो अनुहार भएकी, कपाल कोरीबाटी चिटिक्क नपरेकी, सेती चोलो सारी लाएकी तनावमा रश्मीलाई अगाडि पाएर केटाकेटीहरूको ध्यान पठनपाठनमा भन्दा उनको लवाइ, बोलाइमा ध्यान जान्थ्यो होला ।

वास्तवमा यस्तो अनुभूति रश्मिलाई पहिले नै भएको थियो रश्मिको पहिलेको मुहार र हालको मुहारमा एकरूपता नभएकोले केटाकेटीहरूमा यसको नकारात्मक असर परेको रश्मीलाई पहिले नै आभास भएको थियो ।

एक दिन, तीन महिनापछि सरोजले बुहारी रश्मीसँग स्कुलको कामबारे जिज्ञासा राखे । उनको सोचेजस्तै बुहारीको प्रतिक्रिया थियो ।

सरोजले बढी सुन्न चाहेनन् । उनको अनुमान हुबहु मात्र होइन, पूरा मिल्यो । त्यसैले बुहारीको लागि मात्र होइन, स्कुलका कटाकेटीहरूको लागि पनि नयाँ सिराबाट सोच्नुपर्ने निक्यौल गरे । बुहारीसँग सल्लाह गरे । बुहारी यसको लागि मानसिक रूपले तयार भएको पाए ।

हुन त सरोज आफैले रश्मीलाई रातो टिका लगाएर, कपालमा रातो फूल सिउरेर पुरानै पहिरनमा स्कुलमा पठाउन सक्थे, तर पनि उनले आफ्नो पारिवारिक पुरोहितसँग राय लिए । पुरोहित पनि सकारात्मक भए ।

भोलिपल्ट बिहान रश्मी आफ्नो सासुससुरा र धेरै नजिकका दुईचार जना आफन्तहरूसँग कोठामा बसिरहेकी थिइन् । पुरोहित आइपुगे । पुरोहितले मन्त्रोवाचनका साथ रश्मीको खाली निधारमा रातो टीका लगाइदिए । टीकाले उज्यालिएको निधार पछाडिको कपालमा रातो गुलाफको फूल सिउरिदिए । सुन्तला रङ्गको नयाँ ब्लाउज र सारी लाउनलाई दिए । रश्मिले भित्र कोठामा गएर लाइन् । ऐना अगाडि उभिइन् । आफैलाई चिन्न गाऱ्हो भयो रश्मिलाई । नमागेको न्याय पाएको अनुभव भयो ।

त्यो दिन रश्मी स्कुल गइनन् । तर सब घटनाहरूको अक्षरसः साथीहरूलाई बताइन् । उनीहरूले उनलाई बधाई दिए । "राम्रो निर्णय" को लागि प्रशंसा गरे । रश्मिले यसको जानकारी अरू साथीहरूलाई पनि दिएकी थिइन् । शिक्षक शिक्षिकाहरू र धेरै साथीहरू बधाई दिन आइपुगे । धेरैले अङ्कमाल गरे । कतिले हात मिलाएर बधाई दिए । एक जनाले दुर्लभ घटनाको प्रणेता भनेर 'सलाम' भने ।

"सलाम मात्र भनेर पुग्दैन, लालसलाम भन्नुपर्दछ ।" अर्कोले अर्को भाव व्यक्त गरे ।

"क्रान्तिकारी सलाम भने अझ उपयुक्त हुन्छ" - धेरैले भने ।

एकछिन यस्तै माहोल बनिरह्यो । गहिरो साँझसम्म चिया नास्ताको कार्यक्रम चलिरह्यो ।

रातो टीका लगाएकी, गुलाफको फूल सिउँरिएकी गुलाबी रङ्गको सारी, ब्लाउजमा सिँगारिएकी रश्मीको मुहारलाई धेरैले मन पराए । धेरैले पुनर्विवाहको पूर्वाधार ठानेर सफलताको कामना गरे । कतिले श्रीमती बितेको दुई, तीन

महिनामै एक्लोपनको न्याम्रो मेटाउन भनी अर्कीसँग बिहे गर्ने लोग्नेमानिसहरूको एकाधिकारलाई चुनौती सम्भ्के । कसैकसैले यो घटनालाई समयको माग सम्भ्के ।

अर्को दिन रश्मी स्कुल गइन् । उनलाई तीन महिना पहिलेको आकर्षित मुद्रामा पाएर केटाकेटीहरू एक आपसमा मुखामुख गरे । कसैले कसैसँग मुख खोलेनन् । आँखैआँखाको ईसारा बुझ्रेर तीन महिनाअघि जस्तै सबै एक स्वरले चिच्याए- "गुड्मर्निङ्ग मिस ।"

रश्मीले पनि धेरै समयपछि दिल खोलेर भनिन्- "गुरु मर्निङ्ग ।"

"आज मेरो नवजीवनको दोस्रो दिन हो, त्यसैले म तिमीहरूलाई चकलेट ख्वाउँछु ।" चकलेट र वर्थडे एक पर्यायवाची शब्द सम्भ्केर केटाकेटीहरूले गीत गाए- "ह्यापी वर्थ डे टु रश्मी मिस् । ह्यापी बर्थ डे टु यू ।"

रश्मीको दिनचर्या पहिले झैँ चल्न थाल्यो । साथै धेरैको मुखबाट धेरै कुरा सुनियो । मुखैपिच्छेको बोली फरक, तर यौटी एकल महिलाको भने अरूहरूको भन्दा बाँझिएको मत "हाम्रो पालामा पनि यस्तै भैदिएको भए ..."। उनी एक छिन शून्यमा बिलाइन् ।

"....खाइ, पिइ, लाइ हुर्केको ज्यानलाई बलात् दमन गर्न पऱ्यो ।" उनलाई नचाहेर पनि सोच्न बाध्य पारियो- "अलि गतिलो, सुकिलो लुगा लगाएर चिटिक्क परेको देखिनु नहुने । धोई, पखाली, उज्यालो पारेको अनुहार देखेपछि सोधिहाल्ने- "भाउजूलाई पुरानो सम्झना आयो कि क्या हो । कि सुरसार अर्कै ..." उनलाई झनक्क रिस उठ्छ । मुख च्यातिदिउँ जस्तो लाग्छ । यस्तो कटाक्ष र संवेदनहीन वचन उनलाई बरोबर सुन्नुपर्दथ्यो । उनी अझै पछाडि फर्केर सम्झन्छे- "कस्तो विडम्बना । विवाह, व्रतबन्धजस्तो शुभकार्यमा उनी अगाडि सर्न नहुने, पाठपूजा कीर्तनमा पछाडि हट्नुपर्ने । मानौं एक्लोपन हुनुको दोषी उनी आफै हुन् । यस्तो बेला महिलाहरूले नै उनीमाथि खटनपटन गर्थे ।"

रश्मीको पुनर्विवाहबारे उनका साथीहरूले सोचे । उनीहरूलाई थाहा थियो एकल महिलाको शारीरिक, मानसिक र आर्थिक अवस्थाबारे । त्यसमा पनि बच्चाबच्चीहरूलाई हुर्काउनुपर्ने अवस्था छ भने समस्या अझ जटिल हुन्छ, तर विवाहको नाममा विवाह गराउने उनीहरूको चाहना होइन । यस्तो विवाहमा

"ब्रेक अप, मेक अप" को समस्या आइरहनेप्रति उनीहरू सजग छन् । एकल महिलाको विवाह एकल पुरुषसँग जुराउन पाए दिगो रहनेमा उनीहरूको विश्वास छ, किनभने उनीहरूको समस्या र अभाव हुबहु एकै प्रकारको हुन्छ । तर दुवैले दुवैलाई पुनर्विवाहित दुलहादुलही ठानेर व्यवहार गर्नुपर्दछ । विगत बिर्सेर वर्तमान सम्झनुपर्दछ । अगाडिको गोरेटो बाटोलाई पहिल्याउँदै टाढा पुग्ने लक्ष्य लिनुपर्दछ ।

नभन्दै उनीहरूले रश्मीको निम्ति यौटा पात्र भेट्टाए । उनीहरूले उनको भित्री बाहिरी सबै जानकारी सङ्कलन गरे । पेशाले प्लस टुमा पढाउने शिक्षक रहेछन् । नाम प्रमोद रहेछ । काममा लगनशील, जिम्मेदारी बहन गर्न नचुक्ने आधुनिक शिक्षकमा हुनुपर्ने गुणयुक्त । घर परिवार पनि सानो । आमा बाबु र यौटी बहिनी । दुई वर्षअघि पाठेघरको मुखको क्यान्सरबाट श्रीमतीको निधन र उनीबाट जन्मिएकी ६ वर्षकी छोरी र प्रमोदसमेत पाँच जनाको सानो परिवार । उमेरमै कामकाजी श्रीमतीको निधनले केही समय विक्षिप्त जस्तै भएका थिए प्रमोद । तर साथीहरूले प्रदान गरिएको धैर्य धारण गर्न सक्ने शक्ति र छोरीको भविष्यलाई हेरेर उनी विस्तारै पहिलेजस्तै सामन्यीकरणमा आए ।

"मानिस नजन्मिन सक्छ तर जन्मेपछि नमर्न सक्दैन" यी वाक्यले प्रमोद र रश्मिमा गहिरो छाप पर्‍यो र जिन्दगीको परिभाषा यसरी पनि बुझियो ।

साथीहरूले रश्मिबारे प्रमोद र उनको परिवारलाई सब वृत्तान्त सुनाए । त्यस्तै उनीहरूले प्रमोदबारे एकएक कुरा रश्मी र उनको सासुससुरालाई थाहा दिए । उनीहरूले यसबारे रश्मिको भेउ जान चाहे । "सासुससुराको राय नबुझी केही नबोल्ने" - रश्मीको छोटो प्रतिक्रिया थियो ।

"यसमा उहाँहरूको विमति छैन । तपाईको सहमति खोजेको" रश्मि अवाक भइन् । साथीहरूलाई मात्र हेरिरहिन् ।

कुराले गति लिएकोमा सबै साथीहरू एकमत भए । अझ गति अघि बढाउन रश्मी र प्रमोदबीच आपसी परिचय गराउन आवश्यक ठाने । दुवैसँग दिन र समय लिएर तोकिएको समयमा निर्धारित ठाउँमा दुवैलाई बोलाए । दिइएको समयभन्दा एक, दुई मिनेट दायाँबाँयामा पारेर दुवै जना आए ।

एकजनाले उनीहरूको परिचय एकअर्कालाई दिए । उनीहरूले पनि एक अर्कालाई एकै चोटि नमस्ते गरे । नमस्ते आदानप्रदानपछि, प्रमोदले भने- "म उहाँलाई चिन्छु ।"

रश्मीलाई असहज भयो । ऊ प्रमोदलाई चिन्दिन । तर प्रमोदले चिन्छु भनेपछि "म तपाईंलाई चिन्दिनँ ।" भन्न अप्ठ्यारो । वास्तवमा उनले उनलाई नचिनेकै हो, तर ठाडो भाषा बोल्न मन लागेन रश्मिलाई । त्यसैले कुरा चपाएर भनिन्- "उहाँलाई देख्या देख्या जस्तो लाग्छ ।

"शुभकार्यको शुरूवातले रङ्ग लेलाजस्तो सङ्केत गरेको छ" अर्कीले भनी ।

चियानास्ताको साथमा साथीहरूले रश्मि र प्रमोदबारे र उनीहरूको घर परिवारबारे आफूहरूले जानेसुनेका सबैको एकएक वृत्तान्त उनीहरूलाई सुनाए । रश्मिलाई आफ्नो बारे भनिएको सबै मिलेको अनुभव भयो । प्रमोदले पनि ठिकै महसुस गरे । चियानास्ताको बीचमा अन्य विषयबारे पनि हलुका छलफल भयो र हँसिलो घोचपेच पनि भयो, तर रश्मीले एक शब्द पनि बोलिनन् र हँसिलो मुस्कानमा रमाइरहेको थिई । प्रमोद भने गफिरहेका थिए । अन्तमा परिचय कार्यक्रमबारे आयोजकले भन्यो ।

"हामीले यसबाट गर्नुपर्ने काम गरिसकेका छौ । अझ केही छ भने आपसमा भेटेर यसको पनि निराकरण गर्नुहोला ।

यो कुरा दुवैलाई उचित लाग्यो । छुट्टिनुअघि प्रमोद र रश्मीले आ-आफ्ना मोबाइल नम्बर लिनेदिने गरे ।

"टिङ, टिङ मोबाइलको घण्टी बज्यो । रश्मीले स्वीच अन गरिन् । प्रमोदको कल रहेछ ।

"नमस्ते" रश्मिले औपचारिकता पूरा गरिन् ।

"नमस्ते, चिन्नुभएछ, धन्यवाद" प्रमोदले भने ।

"अस्तिको पहिलो भेटघाटमा भएको छलफलबारे प्रतिक्रिया जान्न कल गरेको ।"

"नकारात्मक सोच त खास केही छैन, तर आपसमा बसेर मनको कुरा सुन्न सुनाउन पाए अझ सकारात्मक होला जस्तो लाग्छ ।"

"ठिक भन्नुभयो यसैको लागि फोन गरेको । अनुकूल मिल्छ भने भोलि बिदाको दिन बसौँ ।"

नमिल्ने केही छैन । दुवै यसैको प्रतीक्षामा थिए । भोलिपल्ट भनिएको ठाउँमा समयभन्दा पाँच मिनेट अगाडि रश्मी पुगिन् । उनी पुग्नुभन्दा अझ पाँच मिनेट अगाडि प्रमोद पुगेका रहेछन् । समयभन्दा दुवै अगाडि पुगेका थिए । दुवैजना घडीभन्दा चलाख देखिए ।

बसेर गफ गर्न दुवै जना नजिकको होटेलमा पसे । कफी र स्नाक्सको अर्डर दिएपछि प्रमोदले कुराको थालनी गरे- "अस्तिको पहिलो भेटमा मैले तपाईंलाई चिनेको छु भन्दा तपाईंलाई असहज भएको जस्तो लाग्यो हो ?"

"चिन्नु न जान्नु त्यसै चिनेको छु भन्दा अप्ठ्यारो लाग्दैन त ?"

एकछिन दुवैजना मुखामुख गरे । मन्द मन्द हाँसे ।

कफी स्नाक्स आइपुग्यो । खाँदै पिउँदै प्रमोदले गम्भीर भएर कुराको शुरूवात गरे- "वास्तवमा हामी दुवै जना भाग्यमानी रहेछौं । विवाह गर्नुअघि नै छोराछोरीको आमाबाबु भइसकेछौ... ।"

"... वरदान, दुई सन्तान । सानो परिवार सुखी परिवार ।"

"तर यसको छनक हाम्रो छोराछोरीमा नपरोस् । माया पनि दुवैमा बराबरी बाँड्नुपर्दछ । पक्षपातको आँच आउन दिनुहुँदैन । छोरा र छोरीमा भेद्भाव गर्नुहुँदैन । दुवैको बाबुआमा हामी हौ भने भावना जगाउने काम गर्नुपर्छ ।" रश्मिले पनि आफूलाई लागेको भनिन् ।

रश्मीको कुरा प्रमोदलाई उचित लाग्यो । उनले पनि यस्तै सोचेका थिए । त्यसैले आफ्नो मनको कुरा भनी हाले "दुवैलाई यौटै विद्यालयमा भर्ना गरिदिनुपर्दछ । सँगै आउँदाजाँदा दिदी र भाइको प्रगाढ सम्बन्ध बढ्दै जान्छ दुईवटै मावली दुवैको ठानोस् । तेरो मेरो भन्ने भावले ठाउँ नपाओस् । दुवैतिरको हजुरबा आमालाई दुवैले आफ्नै बाआमाको भावले स्थान पाओस् । समय र परिस्थिति अनुसार परिवेशलाई अनुकूल बनाउँदै लान सकेमा देख्ने, सुन्नेलाई पनि आदर्श र अनुकरणीय परिवार लाग्नेछ ।"

"बाबुआमाको श्रीसम्पत्तिमा पनि दुवै छोराछोरीको समान हक दाबी हुनुपर्दछ । नागरिकता पनि बाबु या आमाको अभिभावकत्वमा लिन सक्ने

कानुनलाई व्यावहारिक बनाउनुपर्दछ"- रश्मीले छुटेको कुरा थपिन् । कुरा रोमान्टिक होइन । ठट्यौली पनि होइन । भविष्यसँग गहिरो साइनो जोडेकोले दुवैले ध्यान दिएर सुने सुनाए । आ-आफ्ना मनको वह पोखेर । अरु पनि केही ... ।

दुवैले दुवैलाई सोधे । छुटफुट या बाँकी भएमा पनि थपघट गर्ने सल्लाह गर्ने सहमतिमा दुवै उठे ।

एकछिन परसम्म उनीहरू दुवै सँगै हिंडे । पछि भेट्ने गरी वाचासाथ आ-आफ्ना घरतिर लागे ।

रश्मी र प्रमोदले आपसमा भेटेर गरेको कुराको सम्पूर्ण वर्णन साथीहरूलाई सुनाए ।

साथीहरूले रश्मी र अभिभावकसँग उनीहरूको विवाहको मञ्जुरी लिइसकेका थिए । दुवै पक्षको यौटै धारणा थियो- "उनीहरूको सहमतिमा हाम्रो विमति छैन ।"

उनीहरूले यसलाई अपार अवसर जुरेको ठाने । यो विरलै पाइने यस्तो मौकालाई सामाजिक हुने विश्वास क्रान्तिमा रूपान्तरण हुने विश्वास गरे । मितव्ययितालाई समेत ख्याल गरेर कोठामा पुनर्विवाह समारोह आयोजना गर्ने निर्णय भयो । सिन्दुर, पोते र टिका टालोमै विवाह सम्पन्न भयो । रश्मीको बुबा र ससुराले छोरी ७४ टाढाको सम्झना बुहारी अन्माए । बिदाइको बेला रश्मीको चार वर्षे छोराले तोते बोलिमा भन्यो छिटो आउनु ।

रश्मीले पनि "आउनलाई नै जान लागेकी, आउँदा तिम्रो दिदीलाई पनि लिएर आउँछु" भनिन् ।

नवजीवनको पथमा अगाडि बढेकी रश्मीले गाडीको झ्यालबाट टाउको निकाली सबैसँग हात हल्लाइहल्लाइ बिदा मागिन् । एकछिनपछि गाडी ओझेल भयो ।

०००

(***जनमत, २०७७ असोज***)

# अक्सिजन प्लान्ट

उसको नाम अर्कै थियो । तर बाल्यकालदेखि सबैले माया गरेर कान्छो भनेकोले यो उमेरमा पनि ऊ कान्छो नै छ। वास्तवमा ऊ नामको मात्र कान्छो हो । उमेरले त उहिल्यै पाको भइसकेको थियो । परार सालमै उसको उमेरले असी वर्ष काटिसकेको थियो ।

उमेरसँगै उसको ज्यानमा बुढ्यौली रोग पलायो। मानिसको बुढ्यौली रोग त सार्वजनिक नै छ। खानपिनमा अलिकति तलमाथि भयो कि पेट झर्नू। चिनी रोगमा स्थिरता नहुनु । घाँटीको हाड खिएर रिंगटा लाग्नु, उठ्बस र हिँड्डुल गर्न सजिलो नहुनु, दाँतले धोका दिनु, आँखाले नठम्याउनु आदि। प्रेसरको त कुरै नगरौं । अलिकति कम बेसी दमखोकी धेरैलाई लाग्नु, थोरैलाई नलाग्नु । दमखोकीका धेरै रोगीमध्ये एकजना ऊ पनि हो । जानेबुझेको बेलामा उसले बुझ नपचाएको भए दमखोकी लाग्ने थिएन होला। बुझेर पनि बुझ पचाएर, सुनेर पनि नसुनेको बहाना गरेर उसले धूम्रपान गरिरह्यो ।

अनि बुढो कान्छो फोक्सोको रोगी भयो । औषधिमूलोले मात्र काम गर्न छोडेपछि अक्सिजनको सहारा लिनुपर्ने भयो । शुरूमा एकछिन अक्सिजनको भरमा सास फेर्दा ज्यानलाई हलुका भएको महसुस हुन्थ्यो। विस्तारै यो एकछिनको समयावधिलाई बढाउदै लानुपर्‍यो। अक्सिजनमा एकछिन सास लिन ढिलो भयो कि पानीबाट निकालिएको माछाको जस्तै हविगत हुन्थ्यो उसको। नगई नहुने ठाउँमा जाँदा पनि सानो अक्सिजनको भाँडो लिएर जानुपर्ने भयो। हावा पानी र अन्नले धान्ने ज्यानलाई अक्सिजन, पानी र अन्नले धान्नुपर्ने भयो ।

उसलाई ज्यान जोगाउन धौ धौ परिरहेको अवस्थामा धेरैलाई दुःख पीडा दिने नौलो रोग कोरोनाको हल्ला चल्यो । हल्लामात्र होइन उसको नगरमा

पनि यो रोग भेटियो । न औषधि, न भ्याक्सिन, कति समयसम्म रामभरोसामा बस्नुपर्‍यो । रोग निमन गर्ने उपाय थाहा नभएपछि यसको विस्तार हुने नै भयो । मान्छे मर्ने नै भयो ।

कोरोना विरुद्धको औषधि बन्यो भन्ने समाचार सम्प्रेषण भयो । तर उसको देशमा, उसको नगरमा पाइएको छैन । यदाकदा पाइए पनि कालो बजारिया दरभाउमा मात्र पाइन्थ्यो । केही समयपछि यसको उपयोगिताबारे बहस चल्यो, तर रोगबाट बच्न मिलाएर मास्क लगाउने, सानिटाइजर प्रयोग गर्ने, साबुनपानीले बरोबर हात धुने र मानिस मानिसको बीच कमसेकम दुई मिटर टाढा बस्नुपर्ने भनी धेरै प्रचार भयो । धेरैले अङ्गिकार पनि गरे ।

कोरोना भाइरसले सग्लो फोक्सोलाई छियाछिया पार्दै सास फेर्न गाह्रो पार्ने थाहा भयो । दमखोकीको दीर्घ रोगीलाई त अझ खतमै पार्ने पनि बुझियो । त्यस्तोलाई अक्सिजनमा सास फेराई ज्यान जोगाइराख्नुपर्ने भयो । यस्तो रोगीले अक्सिजन पनि धेरै खपत गर्ने रहेछ । ठूला साना अस्पताल र नामीदामी अस्पतालमा कोरोनाका रोगीहरूको चाप यतिविघ्न बढ्यो कि अक्सिजनको आपूर्ति गर्न धौ धौ पर्‍यो । अक्सिजन उत्पादन गर्ने कारखानालाई पनि भ्याइनभ्याइ भयो । विचौलिया र कालो बजारियालाई भने दाउ पर्‍यो । बिरामीलाई अस्पतालमा ल्याउने हो भने अक्सिजन पनि लिएर आउनु भनेर अस्पतालहरूले उर्दी नै गरे । धन्न अस्पतालमा बिरामी ल्याउँदा साथमा बेड पनि लिएर आऊ भनेर अर्डर चाहिँ गरेनछन् । कतिले त अक्सिजनको सिलिन्डरका साथ बिरामीलाई अस्पतालमा लगिराखेको फोटो भाइरल भयो । अक्सिजन लिएर जान नसकेको कारण बिरामी एम्बुलेन्समै मरेको फोटो पनि पत्रिकामा छापियो । कारखानामा अक्सिजन छ, सिलिण्डर छैन भनी समाचार पनि प्रसारण भयो । अस्पतालहरूमा भएको अक्सिजन प्लान्ट वर्षौंदेखि प्रयोगमा ल्याउन नसकेको सूचना पनि प्रवाह भयो । एक प्रकारले देशभरि नै यसको हाहाकार मच्चियो । छिमेकी मुलुकहरूले सिलिण्डर र अक्सिजनको बुलेट पठाएर सहयोग गरे ।

कान्छोलाई नचिताएको पीर पर्‍यो । चलाइराखेको अक्सिजन सिलिण्डर

खालि भयो भने कहाँ लगेर फेरि भर्ने ? योभन्दा अगाडि उसले सोच्न सकेन। उसलाई ज्यानमा कम्पन, पराकम्पन चलेको महसुस भयो।

यस्तो के गरी, कसो गरौं भनेर विलखबन्द भइरहेको अवस्थामा यौटा सुखद समाचार सुनियो- 'उसको नगरको नयाँ अस्पतालमा अक्सिजन प्लान्ट जोडिने भयो। यसको लागि जनतासँग आर्थिक सहयोगको अपेक्षा गरेको छ।'

यो कामको साराले प्रशंसा गरे। हुनेले पनि सहयोग गरे। नहुनेले पनि सहयोग गरे। धेरै थोरैको मतलब नै छैन। कान्छोलाई पनि सामाजिक सुरक्षा भत्ताबाट अलिअलि जोहो गरेर राखेको पैसा दिन मनलाग्यो। ऊ धनकारी होइन। मनकारी भने पक्कै हो। त्यसैले हात्ती भएको तीनओटा नोट लिएर गयो। आर्थिक सहयोग गर्नेहरूको लाइन देखेर उसलाई अत्यास लाग्यो, तैपनि लाइनको पछाडि लौरो टेकेर उभियो। उसलाई उभिरहेको देखेर धेरैले एकमनले भने- 'ज्येष्ठ नागरिकलाई पहिले जान देऊ।'

दुईजनाको सहाराले ऊ काउन्टर अगाडि पुग्यो। दाह्रीजुङ्गा सेताम्मे भएको, अनुहार चाउरिएको ज्येष्ठ नागरिकलाई अगाडि देखेर रकम बुझ्ने केटीले सोधिन्- 'कति दिनुहुन्छ बा ?'

'धेरै छैन छोरी। गोटा तीन हजार रूपैयाँ मात्र।'

'तीनहजार भनेको थोरै होइन वा। अन्तर्मनले दिएको यसको मूल्य तीन लाखभन्दा बढी छ।'

यो सुनेर कान्छोको छात्ती नाङ्लो जत्रो ठूलो भयो। राम्रो कामको लागि दिएको पैसाको महत्व धेरै हुने रहेछ, अनि सोधे- 'यो अक्सिजन प्लान्ट कहिले ल्याउँछ छोरी ?'

'यो छिट्टै ल्याउँछ। हप्तादिनभित्रै ल्याइपुऱ्याउँछ।'

अनि कान्छो प्रफुल्ल भएर छिमेकीको गाडी चढेर घर फर्कन्छ। घरमा पुगेपछि उसको मनमा कुरा खेल्छ- 'हप्ता दिनभित्र तलमाथि भइदियो भने...'

अर्को मनले तुरुन्तै प्रतिवाद गर्छ- 'असी वर्ष धानेको ज्यानलाई हप्तादिनभित्र के पो लछार्छ।'

भनेकै समयमा अक्सिजन प्लान्टको सबै सामग्री ल्याइपुऱ्याउँछ। अर्को

हप्ता यसको फिटिङ सुरु हुन्छ। तेस्रो हप्ता परीक्षण शुरु हुन्छ, अनि चौथो हप्ता विरामीलाई नै अक्सिजन दिएर उपचार गरेको समाचारको व्यापक भाइरल हुन्छ।

अनि कान्छोलाई लाग्यो- 'अब अक्सिजनको अभावले कोही पनि मर्न परोइन।'

अनि कामना पनि गरे- 'अरू अस्पतालको अक्सिजन प्लान्टको जस्तै यसको सास नरोकियोस्।'

०००

*(भक्तपुर मासिक, २०७८ साउन)*

## अन्तर्वार्ता

# कथाकार धनमान श्रेष्ठसँग कुराकानी



१. **धनमान सर ! जीवन के हो ?**

✍ यसको व्याख्या गर्न गाह्रो छ । जीवनको परिभाषा विभिन्न समय र अवस्थामा फरक फरक हुन्छ । मेरो विचारमा सारमा भन्दा जीवन जन्मनु र मर्नु हो किनकि मान्छे नजन्मन सक्छ तर नमर्न सक्दैन । कोही मान्छे असफल भइरहेको छ भने सफलताका लागि प्रयत्न गर्दै रहनु जीवन हो । जीवन हामी सबैका लागि अमूल्य समय हो । त्यो समयमा नयाँ पुस्ताले सम्झिने अनुकरणीय काम गरेर जानु नै सफल जीवन हो ।

२. **तपाईं किन कथाकार बन्नुभएको ?**

✍ म कथाकार हुन्छु भनेर मैले सोचेकै थिइन । मैले समाजका बारेमा लेखिरहेका कुरा पढैं । समाजलाई हेरैं र म लेख्न प्रेरित भएँ । अनि समाजमा व्याप्त गरिबी, पीडा, शोषण र रोदन हेर्दाहेर्दै त्यस विषयमा उनीहरूलाई पीडाबाट मुक्त हुने प्रेरणा दिन लेख्न थालैं । अनि त्यसबेला मलाई कथा लेख्ने प्रेरणाचाहिँ नेपाल भारत पुस्तकालयले दिएको थियो । म न्युरोडको दमकल भएको तीनचार घर उता रहेको पुस्तकालयमा गएर अध्ययन गर्ने गर्थें । त्यसबेला भारतको इलाहावादबाट प्रकाशित हुने मासिक कहानी पत्रिका रुचाएर पढ्ने गर्थें । त्यसमा छापिएका कथा

पढ्दा हाम्रो समाजको घटना जीवन्तरूपमा लेखिएको महसुस भयो। त्यसपछि मलाई कथा लेखनमा प्रेरणा मिल्यो। म स्वास्थ्य सहायक भएर रामेछापको साँघुटार जाँदा त्यहाँ रहेको हिमगंगा पुस्तकालय देखेँ। त्यहाँ यस्तो विकट गाउँमा पुस्तकालय तारिफ गर्न लायक थियो। मैले त्यहाँ पुस्तकालयमा भएका प्रायः सबै किताब पढेँ । तर विडम्बना जहाँ धेरैजसो भारतीय पुस्तकहरू मात्र थिए । जुन हिन्दी भाषामा प्रकाशित थिए।

मलाई लाग्छ त्यसबेला २०१७/१८ सालतिर त्यसो हुनुमा काठमाडौँबाट एक दुईवटा मात्र साहित्यिक पत्रिकाहरू निस्किन्थे । काठमाडौँबाट रुपरेखा, रचनाहरू मात्र निस्किन्थे। त्यही भएर नेपाली पुस्तकहरु साह्रै कम थिए। त्यहाँ पुस्तकालयमा किताब संकलन गर्ने एउटा उदाहरणीय चलन थियो। त्यहाँका स्थानीय व्यापारी भाइहरूले काठमाडौँ आएर फर्किँदा नयाँनयाँ किताब र पत्रपत्रिकाहरू किनेर पुस्तकालयका लागि उपहार लगिदिने चलन थियो। त्यसबेलाका साहूहरूले मेरो प्रिय पत्रिका 'कहानी' पनि किनेर ल्याइदिन्थे। त्यस्तै ती साहूहरू तराईतिर जनकपुर, विराटनगरतिर नि गइरहन्थे। त्यहाँबाट उनीहरूले भारतबाट प्रकाशित हुने हिन्दी किताबहरू किनेर ल्याइदिने गर्दथे। यसरी पुस्तकालयमा पठन सामग्री जम्मा हुने गर्दथ्यो। जम्मा भएका ती किताब म रमाएर पढ्ने गर्थें। यसरी कथा पढ्दापढ्दै म नि कथाकार बन्न पुगेँ। त्यसबेला त्यहाँबाट प्रकाशित हुने 'धुँयत्रो' हस्तलिखित मासिक पत्रिकाले पनि मेरो लेखनमा उर्जा थप्दै गयो। त्यही हस्तलिखित पत्रिका ४० वर्षपछि विमल भौकाजीको सम्पादनमा ३/४ अंक प्रकाशित पनि भएको थियो।

३. **जीवनलाई फर्केर हेर्दा दुई हरफमा के भन्नुहुन्छ ?**

✍ यो उमेरमा जीवनलाई पछाडि फर्केर हेर्दा त्यति सारो महत्वपूर्ण काम गरेँ जस्तो त लाग्दैन। तर साहित्यिक क्षेत्रमा केही काम गर्न सकेँ कि जस्तो लाग्छ। साहित्य र समाजसेवाका क्षेत्रमा थोरै भए नि योगदान दिन सकेँ कि जस्तो लागेको छ। चार पाँचबाट कृतिहरू प्रकाशित भएका छन्।

त्यसैले गर्दा नै होला कथाकारको रूपमा मैले पाँच/सातवटा संस्थाबाट सम्मानित हुने सौभाग्य नि पाएको छु।

४. **तपाइँको नजरमा भक्तपुर के हो ? कस्तो शहर हो यो ?** (**लेखकको दृष्टकोणमा**)

✍ भक्तपुर मध्यकालीन नेपालको एउटा नमूना शहर हो। यहाँ सांस्कृतिक, धार्मिक र पुरातात्विक दृष्टकोणले धेरै धनी नगर हो। पहिला पहिला यहाँका मानिसहरू विचारमा संकुचित थिए। तर अहिले खुकुलो हुँदै गएको महसुस गरेको छु। अनि शिक्षाको क्षेत्रमा पनि भक्तपुरले धेरै प्रगति गरेको छ। अहिले धेरैवटा हाईस्कुल र कलेजहरू छन्। म पढ्दा चारवटा स्कुल मात्र थिए। त्यो शिक्षाको क्षेत्रमा प्रगति हुनुमा भक्तपुर नगरपालिकाको ठूलो देन छ। प्राविधिक शिक्षामा नगरपालिकाले इन्जिनियरिङ कलेज र स्टाफ नर्स कलेजहरू चलाइरहेको छ। यो अनुकरणीय कार्य हो।

५. **साहित्यकार कसको सम्पत्ति हो ? राजनीतिक दलको कि समाजको ? तपाइँको विचार सुनौं न** !

✍ साहित्यकार राष्ट्रको सम्पत्ति हो। अहिले व्यवस्था नै यस्तै छ कुनै पनि मान्छेलाई कसै न कसैले आफ्नो बनाउन खोजिराखेको अवस्था छ। जसका कारण साहित्यकारहरूको बीचमा पनि वैचारिक विभाजन देखिन्छ।

६. **तपाइँ किन लेख्नुहुन्छ** ?

✍ म समाजमा देखेका विकृतिहरूमा राजनीतिक, आर्थिक, सामाजिक उदाङ्गो पार्ने उद्देश्यले साहित्य रचना गर्ने गर्छु।

७. **यो ८७ वर्षको उमेरमा पुगेपछि जीवनमा अब के गर्न बाँकी छ जस्तो लाग्छ तपाइँलाई** ?

✍ समाजमा विद्यमान अन्याय, अत्याचार र वेथिति हटेको देख्न पाए हुन्थ्यो जस्तो लाग्छ। त्यो हटेन भने पनि त्योभन्दा बढी नबिग्रोस् भन्ने कामना गर्दछु। तर, आशा गरौं, भरोसा गरौं। एक न एक दिन बनाउने मान्छे अवश्य आउनेछ।

८. **'स्वर' पत्रिकाको यो मञ्चबाट कसैलाई धन्यवाद दिन चाहनुहुन्छ ? जसले जीवनको कठिन मोडमा तपाईँलाई सहयोग गरेको थियो, माथि उठ्न सघाएको थियो ।**

✍ मेरो जीवनमा धेरै मोडहरू आएर त्यसमध्ये कठिन मोड श्रीमतीलाई पाठेघरको मुखको क्यान्सर हुँदाको क्षण हो । यो ५०, ५१ सालतिर नेपालमा क्यान्सरबारे केही नै उपचार नहुने अवस्था थियो । त्यसबेला मध्यमवर्ग भारतको मुम्बईमा क्यान्सर हस्पिटलमा जाने काम कठिन थियो । म श्रीमतीलाई लिएर ७ पटक त्यहाँ गएँ । तर बचाउन सकिएन । मलाई लागेको थियो, क्यान्सर लागेमा नि बचाउँन सकिदैन । तर पनि केही हुन्छ कि भन्ने आशाले गएको थिएँ । त्यसबेला म मात्र होइन, हाम्रो परिवार नै सामाजिक, आर्थिक मानसिक रूपले साह्रै विचलित भएको थियो । तर हामी सबै परिवार मिलेर बिस्तारै धैर्यका साथ काम गरेर पहिलेकै अवस्थामा आइपुगेका छौं । यसका लागि म मेरो छोराबुहारी, कान्छी श्रीमतीलगायत सबैप्रति आभारी छु ।

९. **तपाईँ कथाकार ! धेरै पात्र जन्माउनुभयो । तपाईंको सबैभन्दा प्रिय पात्र कुन हो ? जुन तपाईंको सबैभन्दा नजिक रह्यो ।**

✍ यसको जवाफ दिन त सबै लेखकलाई अलि गाह्रो नै हुन्छ होला । मेरो कथाका पात्रहरू मेरा लागि सबै समान छन् । तैपनि अपवादको रूपमा भन्दा शहीद गंगालाल मेरो प्रिय पात्र हो किनकि देश र जनताको लागि उसले गोली खाएको थियो । तर, उसले चिताएको जस्तो व्यवस्था यहाँ नदेखेर ऊचाहिँ रिसाएर फर्कन लागेको थियो । त्यसैबेला मैले उनलाई दाइ एकपटक फर्केर नेपाल आउनुस् म न्युरोडको गंगापथमा पर्खेर बस्छु भनेर सम्बोधन गरेको थिएँ । त्यस्तै एउटा स्कुलको शिक्षक पनि मेरो प्रिय पात्र हो । त्यसबेला हाम्रो वर्गविहीन समाजको नारा सरकारले निकै प्रचार गरेको थियो ।



**धनमान श्रेष्ठ**
सत्तासियौं वर्ष प्रवेश-२०८१ फागुन ११

## धनमान श्रेष्ठ

**जन्ममिति** : वि.सं. १९९५ फागुन ५ गते
**सतासियौं वर्ष प्रवेश** : २०८१ फागुन ११ गते
**जन्मस्थान** : तचपाल टोल, भक्तपुर
**शिक्षा** : बी.ए., एच्.ए., ए.एम्.पी.एच. (फिलिपिन्स)
**माता** : स्व. सुन्दरीमाया श्रेष्ठ
**पिता** : स्व. सूर्यमान श्रेष्ठ
**सरकारी सेवा** : पूर्व वरिष्ठ जनस्वास्थ्य अधिकृत (उपसचिव)

### सामाजिक सेवा :

- संस्थापक सदस्य, नेपाल रेडक्रस सोसाइटी, भक्तपुर शाखा
- पूर्व महासचिव, नेपाल क्षयरोग निवारण संस्था, केन्द्र
- पूर्व उपमहमासचिव, नेपाल अर्बुदरोग निवारण संस्था, केन्द्र
- पूर्व सदस्य सचिव, भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समिति
- पूर्व सदस्य सचिव, सिद्धि स्मृति बाल तथा महिला अस्पताल, व्यवस्थापन समिति
- पूर्व अध्यक्ष, भक्तपुर अस्पताल विकास समिति
- अध्यक्ष, सिर्जना अभियान, भक्तपुर

### कथाकार/समाजसेवी सम्मान

- भक्तपुर साहित्यिक समाज-२०६३
- मुक्तिनाथ अनाथालय, सुनौलो कला केन्द्र र विनाता कला सदन-२०६४
- शान्ति र विकासका लागि नागरिक आवाज-२०७०
- दीपा जनमत-२०७१
- गुरुप्रसाद मैनाली कथा सम्मान-२०७३
- लघुकथा समाज, केन्द्र-२०७८
- चाँगुनारायण साहित्यिक समाज-२०७९

### प्रकाशित कृतिहरू

(१) टाढाको सम्झना (कथा संग्रह-२०३२) (२) यौटा उस्तै कथा (कथा संग्रह-२०६४)
(३) सम्बन्ध विच्छेद (कथा संग्रह-२०७१) (४) धनमानया ल्यया:बाखं (बाखं पुच-२०७३)
(५) धनमान श्रेष्ठ : व्यक्ति एक आयाम अनेक-२०७८ (६) टाढाको सम्झना (कथा संग्रह-२०८०, दोस्रो संस्करण) (७) धनमान श्रेष्ठका प्रतिनिधि कथा (कथा संग्रह-२०८१)

### भ्रमण :

(१) स्वदेश - नेपालका ४० वटा जिल्ला
(२) विदेश - भारत, पाकिस्तान, बंगलादेश, थाइल्याण्ड, हङकङ, सिंगापुर, इण्डोनेशिया, फिलिपिन्स र जापान

**अन्य**: २०४६ को जनआन्दोलनताका सुरक्षा कानून अन्तर्गत ५० दिन भद्रगोल जेलमा बन्दी ।

# हार्दिक बधाई



राष्ट्रिय निजी तथा आवासीय विद्यालय संगठन (नेशनल प्याब्सन) केन्द्रीय समितिको हालै सम्पन्न आठौं महाधिवेशनबाट उपमहासचिव पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा क्वालिटी इङ्लिस स्कुल, भक्तपुरका संस्थापक प्रिन्सिपल एवम् हाम्रा हितैषी मित्र श्री जी.बी. खड्काज्यूलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौँ ।

**सुमन कार्की**
**प्रबन्ध निर्देशक**

**कार्तिकेय घिमिरे**
**प्रधान सम्पादक**

## स्वर द्वैमासिक पत्रिका परिवार

## साहित्यिक पत्रपत्रिका पढ्ने गरौं

रचना, अभिव्यक्ति, हाम्रो पुरुषार्थ, दायित्व, शिवपुरी सन्देश, जनमत, सुलेख, शब्दाङ्कुर, कौशिकी, शृङ्खला, नवप्रज्ञापन, अक्षरमार्ग, जमघट, चेतना सन्देश, कल्पतरु, आलेखन, नारीस्वर, रजस्थल, कपन वानेश्वर, दोभान, वैजयन्ती, शब्दसंयोजन, वनिता, अभिनव, कथालिका, संगम, अभियान, आलेख आदि साहित्यिक पत्रिकाहरु पढ्ने गरौं ।

साथै अनलाइनमा स्वर पत्रिका डटकम र केटाकेटी अनलाइन डटकम बालपत्रिका पनि पढ्ने गरौं ।